
# चौकुने गाउँपालिकाको शिक्षा क्षेत्र योजना

# Education Sector Plan

## २०८१/८२ – २०८५/८६




**चौकुने गाउँपालिका**

**गुट्टु सुर्खेत**

**कर्णाली प्रदेश, नेपाल**

**२०८२**

# पाँच बर्षे शिक्षा योजना चौकुने गाउँपालिका, गुट्टु, सुर्खेत

कार्यपालिकाबाट स्वीकृत तथा सिफारिस मिति :- २०८१ फाल्गुन २२ गते

गाउँसभाबाट प्रमाणित मिति :- २०८१ फागुन २३ गते

## शिक्षा योजना अध्यावधिक समिति

क) निर्देशक समिति

| क.सं. | नाम थर | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १ | खड्क बि.क. (विवश) | संयोजक | ९८५८०५४२८५ | |
| २ | नरबहादुर बान्तोला | सह संयोजक | ९८४८१२२२८३ | |
| ३ | कमलबहादुर जि सी | सदस्य | ९८६८२३०५०१ | |
| ४ | पूर्णबहादुर बि.क. | सदस्य | ९८५८०४७३३३ | |
| ५ | टेकेन्द्रबहादुर बुढा | सदस्य सचिब | ९८५८०५९००६ | |

ख) सल्लाकार समितिः

| क.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | सुमित्रा जोशी | पूर्व शिक्षक | |
| २ | नरहरी पौडयाल | पूर्व शिक्षक | |
| ३ | गंगाराम बि.क. | सामाजिक व्याक्तित्व | |
| ४ | गजराज जोशी | सामाजिक व्याक्तित्व | |
| ५ | हरिप्रसाद अधिकारी | सामाजिक व्याक्तित्व | |

ग) योजना अध्यावधिक कार्यदल

| क.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | टेकेन्द्रबहादुर बुढा | संयोजक | |
| २ | दीपेन्द्रप्रसाद शर्मा | सदस्य | |
| ३ | धर्मसिं बुढा क्षेत्री | सदस्य | |

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| ४ | दीपबहादुर बिष्ट | सदस्य | |
| ५ | पदमसिं बि.क. | सदस्य | |
| ६ | गणेशबहादुर बि.क. | सदस्य | |
| ७ | मिनाकुमारी धमाला | सदस्य | |
| ८ | महेन्द्रप्रसाद जोशी | सदस्य | |
| ९ | माया राना मगर | सदस्य | |
| १० | प्रेमराज जोशी | सदस्य | |
| ११ | शिवप्रसाद गौतम | सदस्य सचिब | |

**प्राविधिक तथा व्यवस्थापकीय सहयोग**

यूनिसेफ/समाज जागरण केन्द्र (स्याक) नेपाल, सुर्खेत

केयर नेपाल/ आवाज संस्था, सुर्खेत तथा सानिध्य कन्सल्टेन्ट

# चौकुने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गुटु, सुर्खेत

कर्णाली प्रदेश, नेपाल
२०७३

९८५८०४७३३३
९८५८०४७३३४
९८५८०४७३३५


## गाउँपालिका अध्यक्षज्यूको भनाई

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ । उक्त धाराको उपधारा १ ले प्रत्येक नागरिकलाई आधारभुत शिक्षामा (पहुँच) हक हुने उपधारा २ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यामिक तहसम्मको शिक्षा निशुल्क पाउने हक हुने उपधारा ३ मा अपाङ्ग भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निशुल्क उच्चशिक्षा पाउने उपधारा ४ मा दृष्टीविहीन नागरिकलाई ब्रेल लिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्ग भएका नागरिकलाई साँकेतिक भाषाको माध्यम वाट कानुन बमोजिम निशुल्क शिक्षा पाउने हक हुने, उपधारा ५ नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसको लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने हक धारा २८ उल्लेखित, महिलाको हकको उपधारा ५ मा महिलालाइ शिक्षा स्वास्थ्य रोजगारी र सामाजिक सुरक्षा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने, धारा ४० मा उल्लेखित दलितको हक अन्तर्गत उपधारा २ मा दलित विद्यार्थीलाई प्राथामिकदेखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्ति प्रदान गरिने छ ।अनियन्त्रित रुपमा खोलिएका विद्यालयहरु दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्य गरिने छ ।बालबालिकाहरुको दैनिक सहभागिता वृद्धि गर्न दिवा खाजा कार्यक्रम प्रभावकारी रुपमा लागु गरिने छ । प्रधानाध्यापक, शिक्षक,विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ र अभिभावकलाई तालिम र गोष्ठी चलाइने छ। प्राविधिक शिक्षा तथा उच्च शिक्षा अध्ययन गर्न विशेष छात्रवृत्ति कार्यक्रम लागु गरिने, शिक्षक संख्या अपुग भएका विध्यालहरुमा गाउँपालिका शिक्षक अनुदान कार्यक्रम लागु गरिएको छ, व्यावसायिक कृषि तथा पशुपालन सम्बन्धि पाठ्यक्रम निर्माण गरि लागु गर्ने, विद्यालय शिक्षामा गुणस्तर ल्याउन विद्यालय व्यवस्थापन समिति अध्यक्षसंग गाउँपालिका अध्यक्ष र प्रधानाध्यापकसँग गाउँ शिक्षा शाखा प्रमुखले सम्झौता गरिसकेको छ । शिक्षा स्रोत विज्ञ नियुक्ति गरिएको छ र निःशुलक शिक्षाको व्यवस्था गरिने छ । प्राविधिक र व्यवसायिक उच्च शिक्षमा दलितका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिने छ । त्यसै गरी दिगो विकासको लक्ष्य न ४ मा समाबेशी तथा समतामुलक गुणस्तरिय शिक्षा सबैलाई उपलब्ध गर्ने र आजिवन सिकाईलाई प्रबर्द्धन गर्ने कुरा उल्लेख गरिएको छ ।

नेपालको अनिवार्य आधारभुत शिक्षा ऐन २०७५ अनुसार वि स २०८५ सम्म सबै नागरिकलाई आधारभुत तह सम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था गरिएको छ भने स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उपदफा (ज) अनुसार स्थानीयतहलाई माध्यामिक र आधारभुत विद्यालय सम्बन्धी २३ वटा अधिकारहरु प्रदान गरिएको छ। जसको बुदा नं १ मा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभुत शिक्षा, अभिभावक शिक्षा अनौपचारिक शिक्षा, खुल्ला तथा बैकल्पिक र निरन्तर सिकाई, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख भएको हुनाले यस पालिकाको शिक्षा क्षेत्रको विकास सुधार र गुणस्तरीयताको सुनिश्चितता गर्ने हेतुले यस गाउँपालिकाको विद्यालय शिक्षा क्षेत्र योजना २०८१-२०८६ निर्माण गरी कार्यान्वयनमा ल्याउन गैरहेको छ । यस योजना निर्माणको क्रममा अहोरात्र खटिने योजना निर्माण कार्यदलका सदस्यहरु, सम्पुर्ण विद्यालयका प्रधानाध्यापक विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक अभिभावक अन्य स्थानीय बुद्धिजिवीहरु र योजना अध्यावधिक गर्नका लागि सहयोग गर्ने आवाज संस्था र योजना कार्यान्वयन विषयमा समीक्षा गरी सहयोग गर्ने स्याक नेपाल प्रति हार्दिक आभार प्रकट गर्दछु । शिक्षा योजना कार्यान्वयनको सफलताको शुभकमना ।

धन्यवाद !

...............................
खड्क वि. क. (विवश)
अध्यक्ष

# चौकुने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गुटु, सुर्खेत

कर्णाली प्रदेश, नेपाल
२०७३

☎ ९८५८०४७३३३
९८५८०४७३३४
९८५८०४७३३५


## गाउँपालिका उपाध्यक्ष ज्यूको भनाइ

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ। दिगो विकासको लक्ष्य नं.४ मा समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गर्ने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ, नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था गरिएको हुनाले उक्त व्यवस्थालाई स्थानीय स्तरमा कार्यन्वयन गर्ने जनताको नजिकको सरकार स्थानीय सरकार भएको र संबिधान ऐन कानुनले समेत माध्यामिक तहसम्मको शिक्षाको रेखदेख, ब्यबस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकारको जिम्मेबारी भएकाले यस पालिकाले यस योजाना निर्माण गरि कार्यान्वयन क्रममा छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई दिएका २३ वटा अधिकारहरुमध्ये विद्यालय शिक्षाको योजना निर्माण र कार्यान्वयन गर्नु पनि हो । चौकुने गाउँपालिका अन्य पालिकाको तुलानामा एक बिकट पालिका भएकाले यस गाउँपालिका सञ्चालन भएका ४८ वटा समूदायिक विद्यालयहरुको भौतिक संरचाना कमजोर भएकाले सबै विद्यालयमा पक्की संचना निर्माण गर्का लागि पनि योजनाको आवश्यकता पर्ने गर्दछ । विद्यालय शिक्षाको गुणस्तर सुधार गर्नका लागि गाउँपालिकाले लिएको लक्ष्य पुरा गर्का लागि पनि योजना आवश्यक पर्ने भएकाले यो शिक्षा योजना कार्यान्वयन हुने विद्यालय शिक्षाको गुणस्तरमा सुधार आउने अपेक्षा लिएको छु । गाउँपालिकाको सिमीत स्रोत साधनको प्रयोग गरि शिक्षाको गुणस्तर ल्याउनका लागि शिक्षा योजना २०७९ लाई अध्यावधिक गर्का लागि निरन्तर लागि पर्ने सम्पूर्णमा हार्दिक धन्यबाद दिन चाहान्छु । यस गाउँपालिकाको अध्यावधिक शिक्षा योजना २०८१/०८२-२०८५/८६ सफलताको शुभकामना ।

धन्यबाद !

..............................
(नर बहादुर बान्तोल)
उपाध्यक्ष

# चौकुने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गुटु, सुर्खेत
## कर्णाली प्रदेश, नेपाल
## २०७३

९८५८०४७३३३
९८५८०४७३३४
९८५८०४७३३५


### प्रमुख प्रशासकीय अधिकृतको भनाइ

नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामुलक पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधारका निमित्त विगतमा १० वर्षे शिक्षा क्षेत्र योजना कार्यान्वयनमा ल्याएको थियो । यस योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक सुधार यो प्रयासहरूलाई निरन्तरता दिन तथा शिक्षाका नवीन । विसं. २०७९ (सन् २०२२) सम्ममा नेपाललाई विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय दूरदृष्टिलाई आत्मसात् गर्दै शिक्षा मन्त्रालयको नेतृत्वमा सहभागितामूलक पद्धतिबाट यस योजनाको तर्जुमा गरिएको हो । दिगो विकासका लक्ष्य हासिल गरी वि सं २०८७ (सन् २०३०) सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने महत्वपूर्ण साधनका रूपमा पनि यस योजनालाई हेरिएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षासम्बन्धी मौलिक हक, राज्यको पुन संरचना र अधिकारको बाँडफाँट, मुलुकको आर्थिक सामाजिक रुपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, सोह्रौं आवधिक योजना भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्पनै नयाँ शिक्षा नीति तर्जुमाका मूल आधार मानिएको छ । शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन जरुरी भएको महसुश गरि यस गाउँपालिकाले शिक्षा क्षेत्र योजना अध्यावधिक गरि कार्यन्वयनमा ल्याएको छ । यस सन्दर्भमा म यति महत्वपूर्ण वस्ताबेज तयार गर्न खटिने कार्यदलका संयोजक लगाएतका पदाधिकारिहरु, जनप्रतिनिधी ज्युहरु, पालिकाका अन्य कर्मचारीहरु, प्राबिधिक सहयोग गर्ने विकास साझेदार तथा सम्पूर्णमा धन्यबाद दिदै योजानाको सफल कार्यान्वयनको होस् ।

धन्यवाद !

..............................

(पूर्ण बहादुर वि. क.)

प्रमखु प्रशासकीय अधिकृत

चौकुने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुटु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

☎
९८५८०४७३३३
९८५८०४७३३४
९८५८०४७३३५


## सामाजिक विकास समिति संयोजक ज्यूको भनाई

नेपाल सरकार कर्णाली प्रदेश चौकुने गाउँपालिका शिक्षा युवा तथा खेलकुद विकास शाखाले चौकुने गाउँपालिकाको समग्र शैक्षिक विकास गर्ने उद्देश्यले आर्थिक बर्ष २०८१/०८२ - २०८५/०८६ पाँच बर्षे गाउँपालिका अध्यावधिक शिक्षा योजना निर्माणको काम सम्पन्न गरेको छ । नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ। दिगो विकासको लक्ष्य नं. ४ मा समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गर्ने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ, नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था गरिएको हुनाले उक्त व्यवस्थालाई स्थानीय स्तरमा कार्यन्वयन गर्ने जनताको नजिकको सरकार स्थानीय सरकार भएको र संबिधान ऐन कानुनले समेत माध्यामिक तहसम्मको शिक्षाको रेखदेख, ब्यबस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकारको जिम्मेबारी भएकाले यस पालिकाले यस योजाना निर्माण गरि कार्यान्वयन क्रममा छ । चौकुने गाउँपालिकाको अध्यावधिक शिक्षा योनजा निर्माणका लागि आयोजित सुझाव संकलन गरिएको र आएका सुझावहरुलाई शिक्षा योजनामा समावेश गरिएको छ । यस योजनालाई गाउँपालिका शिक्षा समितिमा छलफल गराई गाउँ कार्यपालिकाबाट पारित गरी कार्यान्वयनमा लैजाने निर्णय समेत गरिएको छ ।यस सन्दर्भमा म यति महत्वपूर्ण वस्ताबेज तयार गर्न खटिने कार्यदलका संयोजक लगाएतका पदाधिकारिहरु, जनप्रतिनिधी ज्युहरु, पालिकाका अन्य कर्मचारीहरु, प्राबिधिक सहयोग गर्ने विकास साझेदार तथा सम्पूर्णमा धन्यबाद दिदै योजानाको सफल कार्यान्वयनको होस् ।

धन्यबाद ।

..................................

(कमल बहादुर जि. सी.)

सामाजिक विकास समिति संयोजक

# चौकुने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गुट्टु, सुर्खेत
## कर्णाली प्रदेश, नेपाल
## २०७३

९८५८०४७३३३
९८५८०४७३३४
९८५८०४७३३५

### शिक्षा शाखा प्रमुख ज्यूको भनाई

शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मौलिक हकलाई व्यवहारमा कार्यान्यवन गर्न, संघीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन ब्यबस्थित शिक्षा क्षेत्र योजना आवश्यक पर्ने भएकाले र नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्वन्धी हक उल्लेख छ। नागरिकलाई अधारभुत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, दृश्टिविहिन नागरिकलाइ ब्रेल लिपि तथ बहिरा र स्वर वा बेलाइ सम्बन्धि आपाङ्गता भएका नागरिकलाइ सांकेतिक भाषाको माध्यगबाट कानून बमेजिम निशुल्क शिक्षा पाउने हक हुने, प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसको लागि विद्यालय तथा शैक्षिक संस्था खेल्ने, सकारात्मक विभेदका अधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने र दलित विद्यार्थीलाइ प्राथमिक देखि उच्च शिक्षा सम्म कानून बमोजिम छात्रवृति सहित निशुल्क शिक्षाको व्यवस्था गरिने छ । प्राविधिक र व्यवसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिने छ । त्यसै गरि दिगो विकास को लक्ष्य नं ४ मा समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गर्ने र आजीवन सिकाइलाई प्रर्वद्धन गर्ने कुरा उल्लेख गरिएको छ । नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था गरिएको छ भने स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) मा स्थानीय तहलाई माध्यामिक र आधारभूत विद्यालय सम्बन्धि २३ वटा अधिकारहरू प्रदान गरिएको छ। जसको बुँदा नं १ मा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख भएको हुनाले यस पालिकाको शिक्षा क्षेत्रको बिकास, सुधार र गुणस्तरियताको सुनिश्चितता गर्ने हेतुले यस पालिकाको

शिक्षा क्षेत्र सुधार योजना २०७८-२०८२ निर्माण गरेको हो । नेपालको जनगणना २०७८ को तथ्यांक समाबेश गरेर शिक्षा योजना अध्यावधिक गर्नका लागि अभिभावकत्व प्रदान गर्नु हुने गाउँपालिकाका अध्यक्ष ज्यु, उपाध्यक्ष ज्यु, वडा अध्यक्ष ज्यूहरु, शिक्षा समितिका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यु पालिकाका अन्य कर्मचारीहरु सबैमा आभार प्रकट गर्दै योजना अध्यावधिकमा प्राविधिक सहयोग गर्ने आवाज संस्था सुर्खेत, कर्णाली प्रदेश योजना आयोगका माननीय सदस्य श्री जीतबहादुर शाह, शिक्षा तथा मानव स्रोत विकास केन्द्रका निर्देशक श्री निलकण्ठ ढकाल, मध्यपश्चिम विश्वविद्यालयका उप प्रध्यापक ललितजंग शाही, योजना कार्यान्वयनको विषयमा समीक्षा गर्न सहयोग गर्ने स्याक नेपाल र प्राविधिक तथा लेखनमा सहयोग गर्ने गाउँपालिका कम्यूटर शाखाका कर्मचारी साथीहरुलाई हार्दिक धन्यबाद दिदै यस गाउँपालिकाको अध्यावधिक शिक्षा योजना २०८१/०८२ - २०८५/०८६ कार्यान्वयनको शुभकामना व्याक्त गर्दछु ।

**धन्यवाद !**

.......................................

(टेकेन्द्र बहादुर बुढा)

शिक्षा शाखा प्रमुख

# भूमिका

नेपालको संविधान, २०७२ ले तीन तहको राज्य संरचना सहित समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भएर प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको हकको सुनिश्चितता गरी प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चितता गरेको छ। यसै गरी संविधानले नै अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने, साथै नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ।

राज्यको आर्थिक विकास, समृद्धि, सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षा तथा सबैका लागि आजीवन शिक्षाको समान अवसरले नै दीगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्य मान्यताको प्रवर्द्धन गरी राष्ट्र निर्माणमा शिक्षाको अहम् भूमिका रहन्छ। प्रारम्भिक बालविकास शिक्षा, औपचारिक शिक्षा, आधारभूत तथा माध्यमिक तहको शिक्षाको जिम्मेवारी र अधिकार समेतलाई ध्यानमा राखेर स्थानीय तहमा समेत शिक्षालाई कसरी व्यवहारिक, जीवनोपयोगी, वैज्ञानिक तथा रोजगार उन्मुख, गुणस्तरीय तथा समयानुकूल एवम् स्थानीय तहको कला, संस्कृति, परम्परागत ज्ञान, सीप, स्थानीय प्रविधि लगायतलाई एकीकृत गरी पालिकाको शैक्षिक क्षेत्रको सुधार गर्न र समृद्ध पालिका निर्माणको अभियानमा लाग्न व्यवहारिक ज्ञानसहितको दक्ष जनशक्ति उत्पादनमा जोड दिनका लागि पालिकाले पनि शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ।

संङ्घीय सरकारले १० वर्षे शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयन गरेको अवस्थामा उक्त शिक्षा क्षेत्र योजनालाई प्रदेश तहमा तथा स्थानीय तहमा स्थानीयकरण गरी स्थानीय तहले पनि संङ्घीय शिक्षा क्षेत्र योजना अनुरूपको शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्न आवश्यक छ। यसै सन्दर्भमा चौकुने गाउँपालिकाले पनि बिगतमा तयार गरेको गाउँपालिकाको शिक्षा योजना अद्यावधिक गरेको छ।

**स्थानीय तहको शिक्षा अधिकार र योजना निर्माणको आवश्यकता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ ले स्थानीय तहलाई शिक्षाका २३ वटा अधिकार क्षेत्र प्रदान गरेको छ। यसै अधिकार क्षेत्रको प्रभावकारी कार्यान्वयनले शिक्षाका लक्ष्य र उद्देश्यहरू हासिल हुने विश्वास गरिएको छ। यसमा स्थानीय तहलाई आफ्नै स्थानीय अवस्था, स्रोत र आवश्यकताका आधारमा शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने व्यवस्था गरिएको छ।

गाउँपालिकाको शैक्षिक सुधारका लागि नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, १० वर्षे शिक्षा क्षेत्र योजना, चौकुने गाउँपालिकाको शिक्षा योजना २०७९-२०८३ लगायतका मार्गदर्शनहरूलाई आधार मान्दै **संङ्घीय** सरकार र प्रदेश सरकारले परिकल्पना गरेका लक्ष्य र उद्देश्यहरूको प्राप्तिमा सहयोग गर्न आवश्यक देखिएको छ। पालिकाको शैक्षिक सुधारका लागि मार्गदर्शनको रूपमा सहायता गर्ने उद्देश्यले शिक्षा योजना निर्माण गरिएको हो। यो योजना निर्माणले शिक्षा क्षेत्रको विकासका लक्ष्यहरू पूरा गर्न सहयोग गर्नुका साथै राष्ट्रिय लक्ष पूरा गर्न पनि योगदान गर्ने विश्वास गरिएको छ।

**शिक्षा योजना निर्माणका आधारहरु**

यस चौकुने गाउँपालिकाले आफ्नो शिक्षा क्षेत्र योजना निर्माण गर्दा गाउँपालिकाले निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र चौकुने गाउँपालिकाको शिक्षा योजना २०७९-२०८३ जस्ता विभिन्न योजनालाई कार्यान्वयनमा सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानी विभिन्न योजना बिचको अन्तरसम्बन्ध कायम हुने गरी योजना तर्जुमा गरेको छ। यसका लागि यस गाउँपालिका अन्तर्गतका विभिन्न शाखाहरूसँग पनि समन्वय गरेको छ। शिक्षा क्षेत्र योजना निर्माण गर्दा यस गाउँपालिकाले बालमैत्री, लैङ्गिकमैत्री, प्रविधिमैत्री, अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, खानेपानी सरसफाई तथा स्वच्छ, भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी सिकाइ अनुकूल वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्नुपर्ने आधारमा योजना निर्माण गरेको छ। योजना तर्जुमा गर्दा लिइएका आधारहरुलाई तपशिलमा उल्लेख गरिएको छ।

क) नेपालको संविधान,२०७२
ख) सोह्रौं आवधिक योजना, २०८१/०८२ देखि २०८५/०८६
ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ऐन), २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन, नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना २०७९
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र, २०७२
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ र स्थानीय तहको विकास योजना
ट) गाउँपालिकाको मध्यकालिन खर्च संरचना
ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन, २०७८
ड) शिक्षा क्षेत्रको योजना, २०७६-२०८५

## शिक्षा योजना निर्माण प्रक्रिया

गाउँ कार्यपालिकाले शिक्षा क्षेत्र योजना २०७९ लाई अध्यावधिक गर्न आवश्यकता महशुस गरी शिक्षा योजना अध्यावधिकको लागि आर्थिक वर्ष २०८०/०८१ मा शिक्षा योजना अध्यावधिकको गरेको थियो । यस अन्तर्गत शिक्षा समितिको बैठक मार्फत योजना अध्यावधिकका लागि गाउँपालिका अध्यक्षको संयोजकत्वमा योजना अध्यावधिक निर्देशक समिति र शिक्षा शाखा प्रमुखको संयोजकत्वमा शिक्षा योजना अध्यावधिक कार्यदल गठन भएको छ। कार्यदलको प्रारम्भिक बैठक तथा अभिमुखीकरण मार्फत बिभिन्न विभिन्न उपसमितिहरु गठन भयो । लेखन उप समितिहरुले विभिन्न सरोकारवालाहरु सँगको समन्वयमा तथ्याङ्क सङ्कलन, सल्लाह तथा सुझाव सङ्कलन, छलफल गरी प्रारम्भिक लेखन गरियो । प्रारम्भिक लेखन पश्चात योजना लेखन कार्यदलले सबै सङ्कलन गरी योजनाको मस्यौदा निर्माण दोस्रो कार्यशालाबाट गरेको हो। तत्पश्चात मस्यौदा माथि विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट सल्लाह सुझाव प्राप्त गरी अन्तिमीकरण गरियो । अन्तिमीकरण गरिएको शिक्षा योजनामा बाह्य बिज्ञबाट गरिएको लेखाजोखा मार्फत थप सल्लाह सुझाव प्राप्त गरी योजनामा समेटेर कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा लैजाने गरी प्रक्रिया पुरा गरियो ।

## योजनाको लेखाजोखा

योजनाको तयारी पछि योजनाको विश्वसनियता वस्तुनिष्ठ र लगानी योग्य छ छैन भनेर यसका विभि ,ध पक्षहरु समेटर यसको लेखाजोखा गरिनु पर्छ, जुन योजना कार्वान्वयन गर्नु पूर्वको महत्वपूर्ण र कार्य तथा अङ्ग हो । निर्माण भएको योजना लेखाजोखा कार्यलाई सम्वन्धित स्थानीय तहले आन्तरिक र बाहिरका विभिन्न विषयगत समिति तथा क्षेत्रगत कार्यदल गठन तथा परिचालन गरिएको छ साथै स्थानीय विज्ञ, शिक्षा शास्त्री, शिक्षक, बौद्धिक व्यक्तित्व र शिक्षा क्षेत्रमा लामो समय अनुभव संगालेका व्यक्तित्वहरुको समावेश गरिएको थियो । योजना निर्माणको क्रममा समावेशी तथा समावेशीकरण हुने गरी महिला सञ्जाल अपाङ्ग सञ्जाल, शिक्षक महासङ्घ तथा विद्यालय व्यवस्थापन समिति , शिक्षक अभिभावक सङ्घको सक्रीय सहभागिता रहेको थियो भने शिक्षा योजना निर्माण मूल समितमा यस गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र सदस्य सचिवमा शिक्षा शाखा प्रमुख रहनु भएको थियो । योजनाको सान्दर्भिकतामा यस गाउँपालिका भित्र रहेका बिभिन्न तहको खुद भर्ना दर, कूल भर्नादरलैङ्गिक समता र प्रारम्भिक बालविकासको अनुभव सहित , कक्षा १मा भर्ना हुने दर र कक्षा १-३, कक्षा १-५, कक्षा १-८, कक्षा १-१०, कक्षा १-१२ मा उतीर्ण दर र विद्यार्थीको टिकाउ दर लगाएत अन्य उपलब्धि समेत कम देखिएको सन्दर्भमा यस योजनाको अध्यावधिक गरी कार्यान्वयन गर्नु पर्ने प्रशस्त आधार रहेकाले यसको सन्दर्भ विष्लेशण गरी यूनिसेफ/समाज जागरण केन्द्र तथा आवाज संस्थाको सहयोगमा यो शिक्षा योजना अध्यावधिक गरिएको छ। योजनाको अध्यावधिक भै

कार्यान्वयनको लागि कार्यपालिका तथा गाउँ सभाले स्वीकृतको क्रममा रहेको अवस्थामा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विकास गरेको स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन २०७९ को परिमार्जित तथा अद्यावधिक संस्करण २०८१ अनुसार बनाउनु पर्ने प्रावधान रहेको र सो अनुसार निर्माण गर्न युनिसेफ नेपाल तथा समाज जागरण केन्द्र (स्याक) नेपालबाट प्राविधिकिय सहयोग प्राप्त भएको थियो।

**योजनाको दस्तावेजको स्वरूप**

यस योजनामा आठ ओटा परिच्छेदको निर्माण गरिएको यस योजनाले परिच्छेद ,१ मा परिचय उल्लेख गरिएको छ भने परिच्चछेद २ मा राष्ट्रिय, प्रादेशिक तथा चौकुने गाउँपालिकाको दूरदृष्टि, लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीति निर्माण तथा त्यसको अन्तरसम्वन्ध विकास गरिएको छ जसले शिक्षा योजनाको सक्षमता देखाएको छ ।यसैगरी परिच्छेद ३ मा शिक्षा क्षेत्रको उप-क्षेत्र अनुसारका विषयगत क्षेत्रहरूलाई प्रस्तुत गरिएको छ, जसमा प्रारम्भिक बालविकास र शिक्षा आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, अनौपचारिक र जीवन पर्यन्यत शिक्षाको परिचय, वर्तमान अवस्था, अवसर तथा चुनौतिहरु, उपलब्धि र प्रमुख नतिजा तथा क्रियाकलाप एवं परिमाणात्मक लक्ष्य सहभागितात्मक तरिकाले प्रस्तुत् गरिएको छ । यसका साथै परिच्छेद ४ मा अन्तर सम्बन्धित क्षेत्रहरु राखिएको छ भने परिच्छेद ५ मा सामुदायिक पुस्तकालय व्यवस्थापन समावेस गरिएको छ । परिच्छद ६ मा सुशासन तथा व्यवस्थापनलाई संस्थागत संरचनाको विकास र योजना कार्यान्वयको प्रवन्धमा राखेर विकास गरिएको छ भने, साथै परिच्छेद ७ मा लगानी र स्रोत व्यवस्थापन सुशासन तथा व्यवस्थापनलाई प्रत्येक उप-क्षेत्रको लगानी र स्रोतको व्यवस्थापन र स्रोतको खोजी गरि योजनावद्ध तरिकाले प्रस्तुत् गरिएको छ भने र परिच्चछेद ८ मा योजना कार्यान्वयको समयावधिमा अनुगमन मुल्याङ्कन र यसको प्रभावको बारेमा प्रस्तुत् गरिएको छ

# कार्यकारी सारांश

नेपालको संविधानले प्रत्याभूत गरेअनुरूप आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षा प्राप्त गर्ने नागरिकको अधिकारको सुनिश्चितताका लागि राज्यले पूरा गर्नुपर्ने दायित्त्व, राष्ट्रिय शिक्षा नीति २०७६ ले निर्देश गरेका नीतिको कार्यान्वयन र अन्तराष्ट्रिय समुदायले स्थापना गरेका दिगोविकासका शिक्षा सम्बन्धी लक्ष्य हासिल गर्न राष्ट्रले गरेका प्रतिबद्दता पूरा गर्न विद्यालय शिक्षा क्षेत्रको नयाँ योजना आवश्यक देखिएको छ । नेपालको दीर्घकालिन सामाजिक तथा आर्थिक विकासका लक्ष्य प्राप्त गर्न शिक्षाले खेल्ने रूपान्तरणकारी भूमिका र परिवर्तित संङ्घीय संरचनाको आवश्यकता अनुरूप विद्यालय शिक्षा क्षेत्रको विकेन्द्रित व्यवस्थापनलाई स्थानीय तहमा संस्थागत गर्दै विद्यालय शिक्षाको विकासमा गति प्रदान गर्न सक्षम शिक्षा योजना आवश्यक देखिएको छ । हाल सञ्चालनमा रहेका कार्यक्रमहरू मध्ये प्रभावकारी देखिएका तथा परीक्षणबाट उपयोगी ठहरिएका कार्यक्रमहरूलाई निरन्तरता दिन, कतिपय कार्यक्रमहरूलाई परिमार्जन गरी समसामयिक बनाउन र परिस्थिति अनुरूप नयाँ रणनीति तथा कार्यक्रम समावेश गर्न पनि विद्यालय शिक्षा क्षेत्रमा नयाँ योजना निर्माण गर्नु परेको हो । त्यसै गरी विज्ञान तथा प्रविधिमा भएका विकास तथा परिवर्तनलाई सान्दर्भिक बनाई आत्मसात गर्न र यस गाउँपालिकालाई एक सुशासित, स्थिर, सभ्य, सामञ्जस्यपूर्ण, शान्तिप्रिय र समृद्द गाउँपालिकाको रूपमा विकास गर्न आवश्यक पर्ने सृजनशील, सक्रीय, उपयोगी तथा आफ्नो राष्ट्र र राष्ट्रियताप्रति सर्मपित तथा सचेत नागरिक तयार गर्न विद्यमान शिक्षा प्रणालीलाई सक्षम र सबल बनाउन पनि शिक्षा प्रणालीमा समसायिक सुधार गर्नुपर्ने देखिन्छ । विद्यालय शिक्षा क्षेत्रको नयाँ योजना निर्माणको अर्को सन्दर्भ कोभिड १९ जस्तो महामारीका कारण शिक्षा क्षेत्रमा परेको नकारात्मक प्रर्भाव, खास गरी विद्यार्थीको सिकाइमा भएको क्षतिलाई घटाई विभिन्न प्रविधि र पद्दतिको प्रयोगद्वारा सिकाइ निरन्तर गर्नुका साथै विभिन्न समयमा देखा पर्ने प्राकृतिक प्रकोप, महामारी तथा आपत् विपतबाट उत्पन्न हुने जोखिमलाइ न्यूनीकरण गर्न सक्षम उत्थानशील शिक्षा पद्दतिको विकास गर्नुपर्ने आवश्यकता पनि रहेको छ ।

यस चौकुने गाउँपालिकाको औपचारिक शिक्षा प्रणालीबाट हालका दिनहरूमा सिकाइ उपलब्धि हासिल गर्दै गईरहेको छ । यस गाउँपालिकाका ४८ वटा सामुदायिक विद्यालयहरूमा ७८२३ भन्दा बढी बालबालिकाहरू अध्ययन गरिरहेकाका छन् । यसका अतिरिक्त ५४ प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रमा ११६६ बालबालिकाहरू सहभागी भएका छन् । यस गाउँपालिकाको शिक्षा क्षेत्रका केही सूचकहरूलाई नियाल्दा अन्य गाउँपालिकाको विकास र आयस्तरका दृष्टिले सूचकहरुसँग तुलनायोग्य रहेको छ । केही दशक अघिसम्म सहरी क्षेत्रमा मात्र सिमित प्रारम्भिक बालविकास तथा शिक्षा अहिले राष्ट्रिय शिक्षा प्रणालीको अभिन्न अङ्ग बनेको छ । उपलब्धिहरुले नेपाल सरकारको शिक्षा प्रतिको अनवरत प्रतिबद्दता, सङघिय लगायत प्रदेश र गाउँपालिका / नगरपालिकाको निरन्तर प्रयास, शिक्षक, अभिभावक, विद्यालय व्यस्थापन समिति, विद्यार्थी, निजी क्षेत्र तथा

गैर सरकारी क्षेत्र लगायत अन्य सरोकारवालाहरू तथा विकास साझेदार आदि सबैको योगदानबाट सम्भव भएका हो ।

प्रत्येक कक्षामा खासगरी आधारभूत तहका प्रारम्भिक कक्षाहरूमा बिचैमा कक्षा छोड्ने र कक्षा दोहर्याउने बालबालिकाको ठूलो सङ्ख्या रहनुका कारण आधारभूत तहमा भर्ना भएकामध्ये उक्त तहको पूर्ण चक्र पूरा गर्ने विद्यार्थीहरुको संख्या अझै सत प्रतिशत हुन सकेको छैन । माध्यमिक तह अन्तर्गत कक्षा १० बाट कक्षा ११ मा स्थानान्तरण हुने दरमा पनि अपेक्षित सुधार हुन सकेको छैन । विद्यालय शिक्षालाई नि; शुल्कगर्नुका साथै समता अभिवृद्धि गर्न विभिन्न कार्यक्रम तथा प्रबन्ध समेत गरिएको कारण समता सूचकहरूमा पनि सुधार आई छात्रा भर्ना समदरमा पुगेको, दलित, सीमान्तकृत जनजाति र अपाङ्गता भएका बालबालिकाहरूको भर्ना दरमा उल्लेख्य सुधार भएको छ । आर्थिक अभाव र गरिबीका कारण माध्यमिक तहमा दलित विद्यार्थीको भर्ना अपाङ्गता विद्यार्थीहरुको पठन पाठन एकिकृत आवासीय विद्यालय सञ्चालन गरि शिक्षा पाउने अधिकार सुनिश्चित गरिएको छ।

प्रारम्भिक बालविकास तथा शिक्षाको भर्नामा वृद्धि भएको छ तापनि ४ वर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई पूर्व प्राथमिक कक्षामा भर्ना गर्न सकिएको छैन । विद्यालय बाहिर रहेका र बिचैमा कक्षा छाड्ने र कक्षा दोहोर्याउनेहरूको ठूलो अनुपात विपन्न तथा विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको देखिन्छ । भौगोलिक असमानताका कारणले उक्त परिवेशले सिर्जना भएको देखिन्छ ।

शिक्षाको गुणस्तर र सान्दर्भिकता सूचकहरूले कुनै पनि शिक्षा प्रणालीको कार्य क्षमताको अवस्थाको चित्रण गर्छन् । विगत वर्षहरूमा कक्षा ३ र ५ को सिकाइ उपलब्धि परीक्षा, कक्षा ८ को गाउँपालिका स्तरीय परीक्षा, REAL Plan कार्यान्वयनका लागि गरिएको आधार सवेक्षण, TRaL कक्षाको गरिको कक्षा ३ देखि ५ को भाषिक तथा गणितीय सीप सर्बेक्षणबाट समग्रमा विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुन नसकेको देखाएको छ। कतिपय विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण सिकाइका लागि उपयुक्त नहुनु र कतिपय विद्यालयहरूमा पर्याप्त, कुशल र उत्प्रेरित शिक्षकको व्यवस्था नहुनुले पनि सिकाइको गुणस्तर सुधारमा चुनौती सिर्जना भएको देखिन्छ । कोभिड-१९ को कारण शिक्षा क्षेत्रमा परेको नकारात्मक प्रभाव, खासगरी विद्यार्थीको सिकाइको भएको क्षतिलाई घटाई गतिशीलता प्रदान गर्नुपर्ने चुनौती पनि रहेको छ । विद्यालय शिक्षाको शासकीय प्रबन्ध तथा व्यस्थापन पद्दति प्रभावकारी र उत्तरदायी बनाई शिक्षामा उल्लेख्य सुधार गर्नु सङ्घ, प्रदेश र स्थानीय सरकारबीच समन्वय र सहकार्यको कार्य ढाँचा र उत्तरदायित्व प्रणाली प्रभावकारी र सुदृढ नहुनु स्थानीय तहमा शैक्षिक योजना निर्माण तथा कार्यान्यनका लागि पर्याप्त जनशक्ति नहुनु, विद्यालयमा

प्रधानाध्यापकको नेतृत्व सुदृढ नहुनु, विद्यार्थीको सिकाइ प्रति सबै सरोकारवाला जवाफदेही हुने प्रभाकारी प्रणालीको अभाव हुन र प्रधानाध्याप, शिक्षक र विद्यालयका सरोकारवालाहरुको क्षमता विकास योजना नहुन, विद्यालयहरुको भौतिक संरचाना, खानेपानी, फर्निचर, सूचना तथा प्रविधि र कार्यालय व्वस्थापन जस्ता विषयहरुमा समस्या देखिएका छन् ।

उल्लेखित परिवेशमा  यस गाउँपालिकाको शिक्षाको विकासका लागि गाउँपालिकाको शिक्षा शाखाको नेतृत्वमा यो योजना निर्माण गरिएको हो । यो योजना विकासको क्रममा गाउँ सभा, कार्यपालिका, वडा कार्यालय, गाउँपालिकाका विभिन्न अन्तर  सम्बन्धित शाखाहरू तथा कार्यदल, लेखन समिति, मूल समिति, शिक्षक महासङ्घ, अभिभावक प्रतिनिधि, विद्यार्थी, शिक्षा क्षेत्रका विज्ञ तथा अन्य सरोकारवालाबाट योजनाका विविध पक्षमा महत्त्वपूर्ण सुझाब तथा पृष्ठपोषण प्राप्त भएका छन् । योजना विकासका क्रममा विभिन्न सरोकारवालासँग गरिएका अन्तरक्रिया तथा छलफलले योजनालाई स्थानीय अनुभव,  अभ्यास तथा आवश्यकता अनुकूल बनाउन सहयोग गरेका छन् ।

# विषयसूची


भूमिका ........ XI

कार्यकारी सारांश ........ XV

परिच्छेद -१: परिचय ........ १

१.१ अवधारणा ........ १

१.२ सन्दर्भ ........ २

१.३ शिक्षा क्षेत्र योजना निर्माणका आधारहरू ........ ३

१.४ शिक्षा क्षेत्र योजना तर्जुमा विधि तथा प्रक्रिया ........ ४

१.५ चौकुने गाउँपालिकाको परिचय ........ ५

१.६ शिक्षा क्षेत्रको समग्र विश्लेषण ........ ७

१.७ शिक्षा क्षेत्रको समष्टिगत प्रमुख समस्या, चुनौति तथा अवसरहरुः ........ १०

परिच्छेद २ : नयाँ शिक्षा क्षेत्र योजना ........ १३

२.१ सन्दर्भ र औचित्य ........ १३

२.२ दीर्घकालीन राष्ट्रिय सोच ........ १६

२.३ स्थानीय तहको दीर्घकालीन सोच तथा गन्तव्य ........ १६

२.४ लक्ष्य (GOAL) ........ १६

२.५ उद्देश्यहरू ........ १६

२.६ रणनीतिहरू ........ १६

२.७ प्रमुख उपलब्धि सूचकहरू (KEY PERFORMANCE INDICATORS-KPI) ........ १७

परिच्छेद ३ : शिक्षाका उप-क्षेत्रहरू ........ २३

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ २३

*३.१.१ वर्तमान अवस्था ........ २३*

*३.१.२ लक्ष्य ........ २४*

*३.१.३ उद्देश्य ........ २४*

*३.१.४ रणनीतिहरू ........ २५*

*३.१.५ उपलब्धि र नतिजा ........ २५*

*३.१.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिकाः* ........ *२७*
३.२ आधारभत् शिक्षा ........ ३०
*३.२.१ वर्तमान अवस्था* ........ *३०*
*३.२.२ लक्ष्य* ........ *३३*
*३.२.३ उद्देश्य* ........ *३३*
*३.२.४ रणनीतिहरू* ........ *३३*
*३.२.५ उपलब्धि र नतिजा* ........ *३४*
*३.२.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना* ........ *३६*
३.३ माध्यमिक शिक्षा ........ ३९
*३.३.१ वर्तमान अवस्था* ........ *३९*
*३.३.२ लक्ष्य* ........ *४१*
*३.३.३ उद्देश्य* ........ *४१*
*३.३.४ रणनीतिहरू* ........ *४१*
*३.३.५ उपलब्धि र नतिजा* ........ *४२*
*३.३.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिकाः* ........ *४४*
३.४ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ ........ ४७
*३.४.१ वर्तमान अवस्था* ........ *४७*
*३.४.२ लक्ष्य* ........ *४८*
*३.४.३ उद्देश्य* ........ *४८*
*३.४.४ रणनीतिहरू* ........ *४८*
*३.४.५ उपलब्धि र नतिजा* ........ *४८*
*३.४.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिकाः* ........ *४९*
३.५ प्राविधिक तथा व्यवसायिक शिक्षा ........ ५०
*३.५.१ वर्तमान अवस्था* ........ *५०*
*३.५.२ लक्ष्य* ........ *५०*
*३.५.३ उद्देश्य* ........ *५१*
*३.५.४ रणनीतिहरू* ........ *५१*
*३.५.५ उपलब्धि र नतिजा* ........ *५२*

*३.५.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका:* ........ *५३*

परिच्छेद ४ : अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू ........ ५४

४.१ पाठ्यक्रम र पाठ्यसामाग्री ........ ५४

*४.१.१ वर्तमान अवस्था* ........ *५४*

*४.१.२ लक्ष्य* ........ *५५*

*४.१.३ उद्देश्य* ........ *५५*

*४.१.४ रणनीतिहरू* ........ *५५*

*४.१.५ उपलब्धि र नतिजा* ........ *५६*

*४.१.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका:* ........ *५७*

४.२ शिक्षक व्यवस्थापन र विकास ........ ५९

*४.२.१ वर्तमान अवस्था* ........ *५९*

*४.२.२ लक्ष्य* ........ *५९*

*४.२.३ उद्देश्य* ........ *५९*

*४.२.४ रणनीतिहरू* ........ *५९*

*४.२.५ उपलब्धि र नतिजा* ........ *६०*

*४.२.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना* ........ *६१*

४.३ शैक्षिक समता र समावेशीकरण ........ ६३

*४.३.१ वर्तमान अवस्था* ........ *६३*

*४.३.२ लक्ष्य* ........ *६४*

*४.३.३ उद्देश्य* ........ *६४*

*४.३.४ रणनीतिहरू* ........ *६४*

*४.३.५ उपलब्धि र नतिजा* ........ *६४*

*४.३.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका:* ........ *६५*

४.४ विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम ........ ६८

*४.४.१ परिचय* ........ *६८*

*४.४.२ लक्ष्य* ........ *६९*

*४.४.३ उद्देश्य* ........ *६९*

*४.४.४ रणनीतिहरू* ........ *६९*

*४.४.५ उपलब्धि र नतिजा* ........ *७०*
*४.४.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिकाः* ........ *७१*
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनिकरण तथा उत्थानशिलता ........ ७२
*४.५.१ वर्तमान अवस्था* ........ *७२*
*४.५.२ लक्ष्य* ........ *७३*
*४.५.३ उद्देश्य* ........ *७३*
*४.५.४ रणनीतिहरू* ........ *७३*
*४.५.५ उपलब्धि र नतिजा* ........ *७४*
*४.५.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिकाः* ........ *७५*
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ ७७
*४.६.१ वर्तमान अवस्था* ........ *७७*
*४.६.२ लक्ष्य* ........ *७७*
*४.६.३ उद्देश्य* ........ *७७*
*४.६.४ रणनीतिहरू* ........ *७८*
*४.६.५ उपलब्धि र नतिजा* ........ *७८*
*४.६.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिकाः* ........ *८०*
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ ८२
*४.७.१ वर्तमान अवस्था* ........ *८२*
*४.७.२ लक्ष्य* ........ *८२*
*४.५.३ उद्देश्य* ........ *८३*
*४.५.४ रणनीतिहरू* ........ *८३*
*४.५.५ उपलब्धि र नतिजा* ........ *८३*
*४.५.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिकाः* ........ *८४*
परिच्छेद ५: अन्य उप-क्षेत्र ........ ८६
५.१ सामुदायिक पुस्तकालय ........ ८६
*५.१.१ वर्तमान अवस्था* ........ *८६*
*५.१.२ उद्देश्य* ........ *८६*
*५.१.३ रणनीतिहरु* ........ *८७*

५.१.४ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिकाः....................................८७
परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन ....................................................................८९
६.१ संस्थागत क्षमता विकास....................................................................८९
६.१.१ वर्तमान अवस्था ....................................................................८९
६.१.२ लक्ष्य ....................................................................९१
६.१.३ उद्देश्य....................................................................९१
६.१.४ रणनीतिहरू....................................................................९१
६.१.५ उपलब्धि र नतिजा ....................................................................९१
६.१.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना....................................................९२
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध....................................................९४
६.२.१ वर्तमान अवस्था ....................................................................९४
६.२.२ लक्ष्य ....................................................................९५
६.२.३ उद्देश्य....................................................................९५
६.२.४ रणनीतिहरू....................................................................९५
६.२.५ उपलब्धि र नतिजा ....................................................................९६
६.२.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिकाः....................................९८
परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन....................................................................९९
७.१ वर्तमान अवस्था....................................................................९९
७.२ लक्ष्य....................................................................१०१
७.३ उद्देश्य....................................................................१०१
७.४ रणनीतिहरू....................................................................१०१
७.५ उपलब्धि र नतिजा....................................................................१०२
७.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिकाः....................................१०३
७.७ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान....................................................१०४
७.८ प्रस्तावित कार्यक्रम तथा बजेटको ५ बर्षे अनुमान....................................................१०७
७.९ क्षेत्रगत रुपमा निकायको पाँच ५ वर्षेको खर्च अनुमान....................................................१०८
परिच्छेद ८: अनुगमन तथा मूल्याङ्कन....................................................................११०
८.१ वर्तमान अवस्था....................................................................११०

८.२ लक्ष्य........................................................................................................ १११
८.३ उद्देश्य........................................................................................................ १११
८.४ रणनीतिहरू.................................................................................................... १११
८.५ उपलब्धि र नतिजा............................................................................................ ११२
८.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिकाः..................................... ११३
शिक्षा क्षेत्रका मुख्य सूचकहरु...................................................................................... ११४
शिक्षा योजना अध्यावधिक प्रकृयाका दस्तावेजहरू............................................................ ११७

# परिच्छेद -१: परिचय

## १.१ अवधारणा

नेपालको संविधानले परिकल्पना गरेको संङ्घीय गणतन्त्रात्मक राज्य संरचना अनुरूप राष्ट्रको सामाजिक—आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुर्‍याउने दूरदृष्टि राखी चौकुने गाउँपालिकाको शिक्षा क्षेत्र योजनाको निर्माण गरिएको छ। यस सन्दर्भमा संविधानको भावनाअनुरूप यस योजनाले शिक्षालाई मौलिक हकका रूपमा समेत प्रतिविम्बित गर्ने अवसर निर्माण गरेको छ । यो योजना बालबालिकालाई गुणस्तरीय र समावेशी शिक्षण सिकाइको वातावरणमा सहभागी हुने अवसरको सुनिश्चितता प्रदान गरी दिगो विकासका लक्ष्यहरू हासिल गर्ने महत्वपूर्ण माध्यम बन्ने अपेक्षा सहित संविधानमा उल्लेख भएअनुसार गुणस्तरीय शिक्षा, व्यावसायिक सीप, सकारात्मक अवधारणा र उत्पादनशील नागरिक निर्माण गर्ने तर्फ योजना लक्षित छ। नेपालको संघिय संरचनाको कार्यान्वयको मान्यता र सिद्धान्त अनुरुप नेपालको संविधानमा उल्लिखित अधिकार र दायित्वहरुको अधीनमा रहेर स्थानीय तहहरुले आफ्ना क्षेत्रभित्रका लागि आफैं कानून बनाउनुपर्ने व्यवस्था रहेको छ। संविधानमा उल्लेखित अधिकारको प्रयोग अन्तर्गत स्थानीय तह सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ 'ज' मा स्थानीय तहले शिक्षा सम्बन्धी गर्नु पर्ने काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । यस दफाले संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीमा राखेको आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी व्यवस्थालाई कार्यान्वयनमा ल्याउने प्रयासको निरन्तरताको लागि यो योजना तर्जुमा गरिएको छ । नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच र आधारभूत तहसम्म अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरिएको छ । जस अन्तर्गत, प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख गरिएको छ। त्यसैगरी अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक संविधानले प्रदान गरेको छ ।यसै संबैधानिक व्यवस्था अनुरुप यस चौकुने गाउँपालिकाको समग्र शिक्षा क्षेत्र विकासको लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान तथा परिभाषित गरी माध्यामिक र आधारभूत विद्यालय तहसम्मको शिक्षाको मार्गचित्र तयार गर्नका लागि यो शिक्षा क्षेत्र योजना तर्जुमा गरिएको हो। राष्ट्रिय शिक्षा नीति-२०७६ ले नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षा सम्बन्धी मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी,

प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन यो शिक्षा क्षेत्र योजना आवश्यक रहेको छ । सङ्घीय ढाँचा अनुरूप स्थानीय तहमा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढङ्गले सञ्चालन गरी सबै नगरिकको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकूल शिक्षा नीतिगत रुपमा हुने भएकोले यो शिक्षा क्षेत्र योजना तर्जुमा गरिएको छ । शिक्षा क्षेत्रका नीतिहरूलाई एकीकृत र संहिताबद्ध गरी एकीकृत राष्ट्रिय शिक्षा नीतिको खाँचो पूरा गर्ने ध्येयले यो शिक्षा क्षेत्र योजना तर्जुमा गरिएको हो ।

## १.२ सन्दर्भ

शिक्षा ऐन २०२८ ले कानुनी रुपमा विद्यालय क्षेत्रको संरचनालाई प्रारम्भिक बालविकास शिक्षा अन्तर्गत ४ वर्ष उमेर समूहका बालबालिकाहरु १ वर्षको लागि सहभागी हुने व्यवस्था गरेको छ। यसै गरी (५-१२) वर्षका बालबालिकाका लागि ८ वर्षे अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र (१३-१६) वर्ष उमेर समूहका लागि ४ वर्षे निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहने व्यबस्था उल्लेख गरेको छ । सोही दायित्वलाई मनन् गरी संविधान बमोजिम राष्ट्रिय शिक्षा नीति २०७६ र शिक्षा क्षेत्रको १० वर्षे विकास योजना (२०२१-२०३०) कार्यान्वयको चरणमा रहेको हुँदा यी उल्लिखित राष्ट्रियस्तरका शैक्षिक दस्तावेजहरुको आधारमा यस चौकुने गाउँपालिका क्षेत्र भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका आधारभूत तथा माध्यामिक विद्यालयको व्यवस्थापन सुधार गर्दै गुणस्तरीय शिक्षाको विकास गर्न आवश्यक भएकोले यस चौकुने गाउँपालिकाको शिक्षा क्षेत्र योजना तर्जुमा गरि कार्यान्वियन गर्न लागिएको हो। नेपालको संविधान, २०७२ बमोजिम स्थानीय तहलाई प्राप्त शिक्षासम्बन्धी अधिकारलाई कार्यान्वियन गरि यस चौकुने गाउँपालिकामा शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको अधिकारलाई सुनिश्चित गर्ने उदेश्य सहित यो योजना तर्जुमा गरिएको छ। नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नुका साथै गुणस्तर सुधारका निमित्त विगतमा कार्यान्वयनमा ल्याएको सात वर्षे विद्यालय क्षेत्र सुधार योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन यस चौकुने गाउँपालिकाको शिक्षा क्षेत्र योजनाले महत्वपूर्ण भूमिका खेल्ने भएको हुँदा यो शिक्षा योजना तर्जुमा गरि कार्यान्वयमा ल्याईएको छ ।

यस चौकुने गाउँपालिकाको शिक्षा क्षेत्र विकास अन्तर्गत निःशुल्क, न्यायोचित तथा गुणात्मक प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता हर्ने; गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्वप्राथमिक शिक्षामा पहुँचको सुनिश्चित गर्ने; गुणस्तरीय प्राविधिक, व्यावसायिक शिक्षामा सबै समान पहुँचको सुनिश्चितता गर्ने; रोजगारी, मर्यादित जागिर र उद्यमशीलताको निम्ति सान्दर्भिक सीप र दक्षताको विकास गर्ने; र शिक्षामा लैङ्गिक समानताको पहुँच सुनिश्चितता गर्ने लक्ष्य सहित यो योजना तर्जुमा गरिएको हुँदा यस गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र विकासका लागि विभिन्न क्षेत्रसँग सहकार्य गर्दे स्थानीय तहको जनशक्ती र आवश्यकतालाइ समेटी कार्यन्वयन गर्दा अझ प्रभावकारी हुने देखिन्छ। यो योजना निर्माणको सन्दर्भ अन्तर्गत दिगो विकासको

लक्ष्य २०३० ले निर्दिस्ट गरेको समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्नु रहेको छ।

यो शिक्षा योजना मूलतः यो चौकुने गाउँपालिकाको विशेषताहरुमा आधारित शिक्षा क्षेत्रको एकीकृत तथा बहुविषयक योजना हो। यसले यस गाउँपालिकाको शिक्षा क्षेत्रकोको दर्घिकालिन सोच, शिक्षा क्षेत्र विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता पहिचान तथा परिभाषित गरी गाउँपालिकाको समग्र शिक्षा विकासको भविष्यको मार्ग चित्रण तयार गर्दछ। यस प्रक्रियामा स्थानीय विकासका साझेदार एवं सरोकारवालाको पहिचान भई प्रभावकारी परिचालनको आधार तयार गरेको छ।

## १.३ शिक्षा क्षेत्र योजना निर्माणका आधारहरू

नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना तयार गरेको छ। त्यसै गरी कर्णाली प्रदेशको शिक्षा क्षेत्रको १० वर्षे शिक्षा योजना निर्माणको भैसकेको अवस्थामा सङ्घीय सरकार, प्रदेश सरकार एवम् स्थानीय सरकारबीच समन्वय र सहकार्य गरी सामुहिक लक्ष्य र उद्देश्य प्राप्त गर्नको लागि शिक्षा योजनाको आवश्यकता महसुष गरी विद्यालय शिक्षा क्षेत्र योजनामा आधारित रहेर यो शिक्षा योजना तयार पारिएको हो। यो शिक्षा योजना तर्जमा गर्नुका मुख्य आधार निम्नानुसार रहेका छन्;

- क) नेपालको संविधान
- ख) विद्यमान ऐन नियम नीतिहरु
- ग) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच
- घ) राष्ट्रिय/प्रादेशिक आवधिक योजना
- ङ) दीगो विकास लक्ष्य
- च) सोह्रौं आवधिक योजाना
- छ) नेपाल सरकार तथा प्रदेश सरकारको मार्गदर्शन
- ज) शिक्षा योजना निर्माण निर्देशिका २०७८ को दोश्रो संस्करण
- झ) विभिन्न राजनीतिक दलको घोषणापत्रयोजना निर्माणका आधारहरु

## १.४ शिक्षा क्षेत्र योजना तर्जुमा विधि तथा प्रक्रिया

चौकुने गाउँपालिकाको नेतृत्वमा स्थानीय शिक्षा क्षेत्रका सरोकारवालाहरुको सक्रियतामा सहभागितामूलक तरिकाबाट राष्ट्रिय तथा प्रादेशिक शिक्षा क्षेत्र विकासका लक्ष्य र चौकुने गाउँपालिकाको समग्र शिक्षा क्षेत्र विकासको अवधारणामा आधारित भएर यो शिक्षा योजना तर्जुमा गरिएको छ । यो आवधिक शिक्षा योजना तर्जुमा गर्दा स्थानीय तहको शिक्षा योजना निर्माण सम्वन्धी मार्गदर्शन, २०७९ को अतिरिक्त सम्बन्धित त सबै नीति निर्देशन समेतलाई ध्यान दिइएको छ। चौकुने गाउँपालिका क्षेत्रभित्रका विद्यालयका अभिभावक, शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजीवी लगायतका शिक्षा सरोकारसँगको प्रत्यक्ष सहभागितामा क्षेत्रगत/ समूहगत छलफल, सामुदायिक अंक पत्र, समस्या वृक्ष, तथा सन्दर्भ सामग्रीको पुनरावलोकन विधिको प्रयोग बाट शिक्षा क्षेत्रको अवस्था विश्लेषण गरि यो योजना निर्माणको आधार तयार गरिएको छ। शिक्षाको विगतको अनुभव, वर्तमान अवस्थाको पहिचान र भावी कार्यक्रमको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई कार्यन्वयन तहसम्म पुर्याइ प्रतिफल दिन आफैंमा कठिन र चुनौतिपूर्ण छ। यसको कार्यान्वयनमा थप सफलता हासिल गर्नका लागि सहभागितामूलक तरिकाले योजना निर्माणलाई मूख्य जोड दिइएको छ । यो आवधिक शिक्षा योजना ऐन, नियम र निर्देशिकामा भएका व्यवस्थाको समेत उपयोग गरी निम्न विधि र प्रक्रिया पुरा गरी तर्जुमा गरिएको छ ।

- शिक्षा क्षेत्रसँग सम्बन्धित ऐन, नियम, निर्देशिका तथा प्रतिवेदन अध्ययन (नेपालको संविधान, शिक्षा ऐन २०२८ तथा नियमावली २०५९, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विद्यालय क्षेत्र विकास योजनाप्रदेश सरकारको वस्तुस्थिति र अन्य आधारपत्रहरूको समेत) पुनरावलोकन
- योजना तयारी कार्यशाला गोष्ठी तथा योजना निर्माण समिति तथा कार्यदल गठन
- तथ्यांक/सूचना सङ्कलन तथा विश्लेषण
- योजना तर्जुमा कार्यशाला गोष्ठी तथा शिक्षाका उपक्षेत्र अनुसारका विषयगत जिम्मेवारी बाँडफाँड योजनामा सम्बन्धित निकाय र विशेषज्ञको सहभागिता
- विद्यालयका प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक सङ्घका अध्यक्ष, शिक्षाप्रेमी र सरोकारवालासँग छलफल, योजना दस्तावेजीकरण तथा योजनाको रुपरेखा तयारी
- मस्यौदा योजना माथि छलफल तथा प्रमाणीकरण कार्यशाला गोष्ठीः योजनाको स्थानीय अपनत्व र साझेदारको स्वामित्व, विशिष्ठ व्यक्तिहरुको सल्लाह सुझाव तथा पृष्ठपोषण
- तयार भएको योजना खाकालाई पुनः एकपटक सरोकारवालाहरूसँग प्रस्तुत- थप सुझाव र पृष्ठपोषण सङ्कलन गरिएको योजनालाई मूर्तरुप दिन छलफल तथा कार्ययोजना निर्माण
- विज्ञहरूको सुझाव र पृष्ठपोषणका आधारमा योजना निर्माण गरी कार्यपालिकाबाट स्वीकृतः आवधिक शिक्षा योजनाको वैधानिक आधार

## १.५ चौकुने गाउँपालिकाको परिचय

### १.५.१ ऐतिहासिक पृष्ठभूमी

संङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना  सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहने व्यबस्था अनुरुप सुर्खेत जिल्लाको पश्चिम क्षेत्रमा अवस्थित चौकुने गाउँपालिका साविकका लगाम, बेतान, विजौरा,गुटुर घाटगाउँ गा वि स.हरु  मिलेर बनेको एक स्थानीय तह हो। यस चौकुने गाउँपालिकाको नामाकरणको सन्दर्भमा स्थानीयवासीहरूको फरक-फरक धारणा रहेको पाइन्छ। बस्तीको सुरुवातको समयमा जंगलको बिचमा बस्ति भएको र सो बस्तीमा चौका (मृग) ले खेतीपाती खाने हुनाले चौका कुर्ने गरिन्थ्यो । चौका कुर्नु पर्ने ठाउँ भएकाले उक्त शब्दको अपभ्रंश भै चौकुने रहन गएको भन्ने भनाइ एकाथरिको छ भने, अर्का थरिको भनाइ अनुसार सुकुका दिनमा बिश्वकर्मा, मगर र घर्ति जातिका मानिसह हरु यस ठाउमा आए र मगर जातिका मानिसले भिर्ला समथर वा चौकुने वा चौकुने बनाएको र मगर भाषाको चौर्कुमने शब्दबाट चौकुने भनिएको हो । त्यसै गरी तेस्रो धारणा अनुसार यहाको चारकुने वा चौकुने आकारका गडा वा जमिन भएकाले चौकुने भनिएको जनविश्वास छ। यही शब्दबाट नै चौकुने गाउँपालिका नामाकरण भएको पाइन्छ ।

### १.५.२ भौगोलिक अवस्थितिः

चौकुने गाउँपालिकाको अक्षांश २८ डिग्रि ४४ मिनेट २५ सेकेन्ड उत्तर देखि २८ डिग्रि ५८ मिनेट  ४१ सेकेन्ड उत्तर सम्म र देशान्तर ८० डिग्रि ५८ मिनेट ५७ सेकेन्ड पूर्व देखि ८१ डिग्रि २१मिनेट १५ सेकेन्ड पूर्व सम्म फैलिएको छ । यसको  क्षेत्रफल करिब ३८१.०३ वर्ग कि मि  रहेको छ । चौकुने गाउँपालिकालाई दशवटा वडामा बिभाजन गरिएकोछ । पुरानो लगाम गाउँ विकास समितिका वडा नं ३,४,५ र ६ लाई चौकुने गाउँपालिकाको वडा नं १ र वडा नं १,२,७,८ र ९ लाई चौकुने गाउँपालिकाको वडा नं २ कायम गरिएको छ । बेतान गाउँ विकास समितिका १ देखि ९ वटा वडाहरुलाई चौकुने गाउँपालिकाको  वडा नं ३ र बिजौरा गाउँ विकास समितिका वडा नं १,२,७,८ र ९ लाई चौकुने गाउँपालिकाको वडा नं ४ र वडा नं ३,४,५र ६ लाई चौकुने गाउँपालिकाको वडा नं  ५ कायम गरिएकोछ । त्यसैगरी गुटुगाउँ विकास समितिका वडा नं १,२,३,४ लाई चौकुने गाउँपालिकाको वडा नं ६ र वडा न ५, ६, ७ लाई चौकुने गाउँपालिकाको वडा नं  ७ र वडा न ८ र ९ लाई चौकुने गाउँपालिकाको वडा नं ८ कायम गरिएकोछ।घाटगाउँगाउँ विकास समितिका वडा नं ५, ७, ८ र ९ लाई चौकुने  गाउँपालिकाको वडा नं  ९ र वडा नं १, २, ३, ४, ६ लाई चौकुने गाउँपालिकाको वडा नं  १० कायम गरिएकोछ। सुर्खेत जिल्ला भएर बग्ने भेरी नदी र कर्णाली नदीले लगाम जस्तो गरी यस गाउँपालिकालाई बेरेर बगेका छन् । यस क्षेत्रमा पर्यटन, कृषि, पशुपालन,र्‍याफटिङ्ग व्यवसायको उच्च सम्भावना रहेको छ ।

### १.५.३ जनसाङ्ख्यिक संरचनाः

२०७८ सालको राष्ट्रिय जनगणना अनुसार यस चौकुने गाउँपालिकाको जम्मा ४८९७ घरधुरी रहेका छन् भने कूल जनसंख्या २७ हजार ६ जना रहेकोमा १३ हजार ७ सय १७ जना पुरुष र १३ हजार २ सय ८९ जना महिला रहेका छन् ।

## १.५.४ सामाजिक तथा साँस्कृतिक अवस्थाः

चौकुने गाउँपालिकामा जातिय रुपमा मिश्रित बसोबास रहेको छ । बिशेषगरी ब्राह्मण, क्षेत्री, मगर, दलित, राजीहरुको बसोबास रहेको छ । यस क्षेत्रका समुदायले नेपाली भाषालाई मातृभाषाको रुपमा प्रयोग गरेको पाईन्छ ।

सांस्कृतिक रुपमा यस पालिका अत्यन्तै धनि पालिका हो . जहा यहा उल्लेख गरी अनुसार का चाडपर्बहरु मनाउने गरिन्छ .

| क .स | चाडपर्बहरु | मनाइने महिना | तिथि | मनाउने जातजाति |
|---|---|---|---|---|
| १ | दशैं /तिहार | अशोज कार्तिक | | धसमी ,द्बितीया | हिन्दू |
| २ | माघी | माघ १ गते | सक्रान्ति | सबै जाति |
| ३ | जनैपूर्णिमा र होलीपूर्णीमा | श्रावण,फाल्गुन | शुक्लपुर्णिमा | हिन्दू |
| ४ | लोसार | माघ वा फाल्गुन | औशिको नजिक | जनजाति |
| ५ | क्रिश्मस्दे | पुष | | क्रिश्चियन |
| ६ | हरितालिका तीज/ऋषिपञ्चमी | भाद्र | शुक्ल तृतीया पञ्चमी | हिन्दू |

**स्रोत : पालिकाको पार्श्वचित्र २०७७**

स्वास्थ्य सेवा प्रदायक संस्थाका रुपमा गाउँपालिका क्षेत्रभित्र ५ वटा स्वास्थ्य चौकी तथा ७ वटा सामुदायिक स्वास्थ्य इकाई सहित गाउँघर क्लिनिक तथा खोप केन्द्र रहेका छन् । खानेपानीका खानेपानीका मुल तथा भूमिगत जलश्रोतको प्रयाप्त उपलब्धता रहेका कारण गुणस्तरीय खानेपानी सुबिधा विस्तार सहज देखिएको छ । खुला दिसामुक्त क्षेत्रका रुपमा सरसफाईको क्षेत्रमा व्यक्तिगत घरधुरीमा शौचालय निर्माण ९३.६ प्रतिशत घरमा शौचालय रहेको छ ।

## १.५.५ आर्थिक अवस्थाः

सिंचाईका लागि १२ महिना सिंचाईको सुविधाको लागि नदी खोला तथा भूमिगत जलश्रोत उपलब्ध यस क्षेत्रमा १७५४ हे. जमिनमा सिंचाईको सुविधा उपलब्ध रहेको छ। कूल क्षेत्रफलको १२.२% भूभागखेतीयोग्य जमिन रहेको यस क्षेत्रमा व्यवसायिक रुपमा कृषि उत्पादनका लागि आवश्यक उर्वर खेती योग्य जमिन, वन जङ्गल तथा घाँसे क्षेत्र रहेको छ। बाख्रापालन, कुखुरापालन,मौरी पालन, बेसार खेती, अदुवा खेती, मकै तथा गहुँ खेतीमा अधिक उत्पादकत्व र पकेट सम्भाव्य क्षेत्रका रुपमा रहेको छ । कृषि सेवा केन्द्र तथा पशु सेवा केन्द्रहरुबाट सुलभ सेवा स्थानीय स्तरमा उपलब्ध रहेको छ । उद्योग तथा व्यवसाय तर्फ घट्ट सङ्ख्या ५८,

मिल सङ्ख्या ५४ वटा तथा ६ वटा उद्योग, ६ स्थानमा थोक बजार तथा २० स्थानमा खुद्रा बजार र ५६९ व्यवसायिक फर्म रहेका छन् । एउटा वाणिज्य बैंक, २ वटा लघुवित्त र ३१ सहकारीबाट करिव १६ करोड लगानी हुने गरेको छ । अन्तर जिल्ला तथा अन्तर प्रदेश सडक सञ्जाल, बजार केन्द्रहरुसँगको सहज यातायात पहूँच र चुनढुङ्गा तथा बालुवा जस्ता खनिज पदार्थको प्रचुर उपलब्धताका कारण उद्योग सञ्चालनका लागि उपयुक्त वातावरण रहेको छ। कर्णाली तथा भेरी नदी तटीय क्षेत्र र राजी संग्राहलय पर्यटकीय क्षेत्रका रुपमा रहेका छन् ।

## १.६ शिक्षा क्षेत्रको समग्र विश्लेषण

विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ अनुसार ४ वर्ष उमेर समूहलाई प्रारम्भिक बालविकास शिक्षामा सहभागी गराई ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकालाई कक्षा १ देखि ८ सम्म आधारभूत तहको शिक्षामा संलग्न गराउने तथा १३ वर्षदेखि १६ वर्ष उमेर समूहका बालबालिकालाई कक्षा ९ देखि १२ सम्मको माध्यमिक तहको शिक्षामा संलग्न गराउने नीतिगत व्यवस्था गरेबमोजिम विद्यालय क्षेत्र विकास योजना २०७३/०७४-२०७९/०८० ले पनि सोही व्यवस्थालाई अवलम्बन गरेको छ। नेपालको संविधान २०७२ धारा ३१ बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र आधारभूत तहसम्म अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षाउपलब्ध गराउनुपर्ने कुरालाई मौलिक हकको रूपमा उल्लेख गरेको छ । अपाङ्गता भएकाहरूले पनि अपाङ्गताको किसिमअनुसार आवश्यकता पूरा गर्ने किसिमले उच्च शिक्षासम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने हक प्रदान गरेको छ। उल्लिखित मौलिक हक पूरा गर्न राष्ट्रिय शिक्षा नीति २०७६ को परिच्छेद १० अनुसार ४ वर्ष उमेरका बालबालिकाहरूलाई एक वर्षसम्म प्रारम्भिक बालविकासमा शिक्षा दिने र ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकालाई कक्षा १ देखि ८ सम्म आधारभूत तहको शिक्षामा संलग्न गराउने तथा १३ वर्षदेखि १६ वर्ष उमेर समूहका बालबालिकालाई कक्षा ९ देखि १२ सम्मको माध्यमिक तहको शिक्षामा संलग्न गराउने नीतिगत व्यवस्था गरेको छ ।
नेपाल सरकारले तोकेको शर्त तथा मापदण्ड पालना गर्ने गरी माथि उल्लेखित नीतिगत व्यवस्था अनुरुप कार्यसम्पादनको लागि यस चौकुने गाउँपालिकाले विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आईरहेको छ ।

**२०८० सम्मको शिक्षक दरबन्दी विवरण:**

<table>
<tr><th colspan="6">प्राथमिक</th><th colspan="6">निम्न माध्यमिक</th><th colspan="7">माध्यमिक</th></tr>
<tr><th colspan="4">स्वीकृत दरबन्दी</th><th rowspan="3">राहत</th><th rowspan="3">जम्मा</th><th colspan="4">स्वीकृत दरबन्दी</th><th rowspan="3">राहत</th><th rowspan="3">जम्मा</th><th colspan="4">स्वीकृत दरबन्दी</th><th rowspan="3">राहत</th><th rowspan="3">साविक उ मा वि</th><th rowspan="3">जम्मा</th></tr>
<tr><th colspan="3">स्थायी</th><th rowspan="2">अस्थायी</th><th colspan="3">स्थायी</th><th rowspan="2">अस्थायी</th><th colspan="3">स्थायी</th><th rowspan="2">अस्थायी</th></tr>
<tr><th>प्रथम</th><th>द्वितीय</th><th>तृतीय</th><th>प्रथम</th><th>द्वितीय</th><th>तृतीय</th><th>प्रथम</th><th>द्वितीय</th><th>तृतीय</th></tr>
<tr><td>०</td><td>१२</td><td>७९</td><td>७</td><td>३२</td><td>१३०</td><td>०</td><td>४</td><td>१६</td><td>१</td><td>३</td><td>२४</td><td>०</td><td>०</td><td>१०</td><td>१</td><td>१४</td><td>१२</td><td>३७</td></tr>
</table>

- आधारभुत तह कक्षा ६-८ मा शिक्षण सिकाइ अनुदान जम्मा १० जना र माध्यमिक तह कक्षा ९-१० मा शिक्षण सिकाइ अनुदान जम्मा ८ जनागरि जम्मा शिक्षण शिक्षण सिकाइ अनुदानका दरबन्दी संख्या १८ रहेको छ ।
- प्रथमिक १-५, आधारभूत तह ६-८ र माध्यमिक तह ९-१२ गरि जम्मा १३० वटा स्वीकृत दरबन्दीमा जम्मा १७ जना अस्थायी कार्यरत रहेका छन ।
- प्रथमिक १-५, आधारभूत तह ६-८ माध्यमिक तह ९-१२ र साविक उच्च माध्यमिक ११-१२ गरि जम्मा ६१ जना राहत दरबन्दी रहेको छ।

यस गाउँपालिकाको शैक्षिक सत्र २०८० को सूचकगत तथ्याङ्क निम्नानुसार रहेकोछ ;

| सूचकहरू | प्रारम्भिक **बालविकास** तथा शिक्षा | आधारभूत शिक्षा (कक्षा १-८) | माध्यमिक शिक्षा (कक्षा ९-१२) |
|---|---|---|---|
| **कूल** भर्ना दर | ७६.३ | १२०.७ | ६३.८ |
| खुद भर्ना दर | ६३.४ | ९५.४ | ५१.२ |
| विद्यार्थी टिकाउ दर | | ८३.६ | |
| नयाँ भर्ना दर | | ४.६४ | ५.६२ |
| औसाद विद्यार्थी उतीर्ण दर | | ७२.३६ | ८५.०५ |
| कक्षा दोहो–याउने दर | | १७.३२ | ३.४१ |
| विद्यालय छाड्ने दर कक्षा | | ६.१४ | ६.०० |

यस चौकुने गाउँपालिकामा शिक्षाको वर्तमान अवस्थालाई तल उल्लेख गरिएको छ ।

## सञ्चालित तहका आधारमा विद्यालयको विवरण

| क्र.सं. | प्रकार | बालविकास/ पूर्वप्राथमिक | आधारभूत तह (कक्षा १–५) | आधारभूत तह (कक्षा १–८) | माध्यमिक तह (कक्षा १–१०) | माध्यमिक तह (कक्षा १–१२) |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक | ५४ | २८ | १० | ५ | ६ |
| २ | संस्थागत | २ | १ | १ | ० | ० |
| जम्मा | | ४२ | २९ | १० | ६ | ६ |

## शैक्षिक सत्र २०८० अन्तर्गत सबै विद्यार्थीको विवरण

| क्र सं | तह | कूल विद्यार्थी संख्या | | | कूल दलित विद्यार्थी संख्या | | | कूल जनजाती विद्यार्थी संख्या | | | कूल मदेशी विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | प्रारम्भिक बालविकास | ५८४ | ५५७ | ११४१ | २६३ | २४६ | ५०९ | १६९ | १९९ | ३६८ | २ | १ | ३ |
| २ | आधारभूत तह (१–५) | १९७९ | १९०८ | ३८८७ | ९४० | ८६९ | १८०९ | २५८ | ३०४ | ५६२ | ६ | ७ | १३ |
| ३ | आधारभूत तह (६–८) | १०८४ | ९९४ | २०७८ | ४५० | ४३९ | ८८९ | २०१ | १६१ | ३६२ | १ | ३ | ४ |
| ४ | माध्यमिक तह (९–१०) | ३३९ | ३८१ | ७२० | १०१ | ११७ | २१८ | ५९ | ७३ | १३२ | १ | २ | ३ |
| ५ | माध्यमिक तह (११–१२) | २४८ | २४७ | ४९५ | ६७ | ६८ | १३५ | ५३ | ४५ | ९८ | २ | ० | २ |
| **जम्मा** | | **४२३४** | **४०८७** | **८३२१** | **१८२१** | **१७३९** | **३५६०** | **७४०** | **७८२** | **१५२२** | **१२** | **१३** | **२५** |

## १.७ शिक्षा क्षेत्रको समष्टिगत प्रमुख समस्या, चुनौति तथा अवसरहरुः

### १.७.१ शिक्षा क्षेत्रका प्रमुख समस्याहरू

- सीमान्तकृत तथा विपन्न समुदायका लगायत अन्य बालबालिकाहरूलाई विद्यालय शिक्षामा सहभागितामूलक पहुँच र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु।
- विद्यालय शिक्षाको अवसरको नक्शांकन हुन नसक्नु
- बालबालिकाहरुलाई विद्यालयमा टिकाइ राख्न नसक्नु
- विद्यालयहरु बालमैत्री निर्देशिका अनुरुप वालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार नहुनु तथा सञ्चालन हुन नसक्नु
- स्थानीय पाठ्यक्रम तथा कक्षागत शैक्षिक पाठ्यक्रमले तोके बमोजिमका सिकाइ उपलब्धीहरु हासिल गर्न नसक्नु तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु,
- शिक्षकहरुलाई समयानुकूल अध्यावधिक (ज्ञान सीप र सूचना तथा संचार प्रविधि) गर्न नसक्नु र प्राप्त तालिम गोष्ठि तथा कार्यशालाबाट प्राप्त ज्ञान र सीपलाइ शैक्षिणि क्रियाकलाप प्रयोगमा नल्याउनु
- विषयगत रुपमा र कक्षागत रुपमा शिक्षकहरुको दरवन्दी नहुनु,
- निरिक्षण तथा अनुगमन प्रभावकारी नहुनु
- विद्यालय शिक्षा लैगिकमैत्री, अपांगमैत्री हुन नसक्नु, प्रारम्भिक बालविकास तथा विद्यालय शिक्षामा न्यूनतम शैक्षिक तथा भौतिक मापदण्ड पुरा हुन नसक्नु
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु
- आर्थिक रुपले पछि परेका सीमान्तकृत समुदायका अभिभावकहरुमा शिक्षा प्राथमिकतामा पर्न नसक्नु
- उपर्युक्त भौतिक पुर्वाधारको विकास गर्न नसक्नु, विद्यालयहरु भौतिक रुपले सुरक्षित, मनोवैज्ञानिक रुपले भयरहित र विद्यालय शान्ति क्षेत्र हुन नसक्नु
- अपांगता भएका वालबालिकाहरुको लागि प्रयाप्त श्रोत कक्षाहरुका कमि तथा त्यस्ता बालबालिकाहरुको लागि पाठ्य सामाग्रीको कमि
- अभिभावक सचेतना र साक्षरत कार्यक्रम प्रभावकारी हुन नसक्नु
- साक्षरता कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन, अनुमन तथा जवाफदेहिताको अभाव रहनु
- साक्षरता निरन्तर शिक्षा र जिवनपर्यन्त शिक्षाका अवसरहरु उपलब्ध गराउन नसक्नु, बैकल्पिक सिकाइको प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु, सबै समूदायमा सामुदायिक अध्ययन केन्द्रको स्थापना हुन नसक्नु, शिकाई केन्द्रको कमि हुनु तथा जीवन पर्यन्त शिक्षाको अवसर नहुनु ।

### १.७.२ शिक्षा क्षेत्रका चुनौतीहरू

- यस चौकुने गाउँपालिका अन्तर्गतका सबै वर्ग र क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि समावेशी विद्यालय शिक्षा आजको उपयुक्त र सान्दर्भिक मुद्दा भएतापनि प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु गुणस्तरीय शिक्षाको मुख्य चुनौती रहेको देखिन्छ।
- अपाङ्गता भएका लगाएतका अन्य बालबालिकाहरूको शिक्षामा रहेका चुनौतीहरू पञ्छाउन खोज, अध्ययन-अनुसन्धान र प्राप्त दक्ष जनशक्तिको पहिचान र परिचालन गर्ने कार्य अभावको कारण गुणस्तरको मापदण्ड सुनिश्चित नहुनु।
- कूल बजेटको कम्तीमा २० प्रतिशतभन्दा माथि शिक्षामा लगानी हुनुपर्ने अन्तर्राष्ट्रिय मान्यता अनुरुप बाजेको व्यबस्थापन गर्न नसक्नु।
- भौगोलिक आवस्थितिको कारण विद्यालय नक्साङ्कन तथा समायोजन गर्नु कठिन अवस्था रहनु
- विद्यालय शिक्षक दरवन्दी व्यवस्थापन, निःशुल्क तथा अनिवार्य शिक्षाको कार्यान्वयन, पाठ्यक्रम पाठ्यपुस्तक तथा मुल्याकंन प्रणालीमा उल्लेख्यरुपमा सुधार गर्न नसक्नु,
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, विपत व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरणका क्षेत्रमा आवश्यकता अनुरुप सुधार हुनु नसक्नु,
- जीवन पर्यन्त सिकाइका अवसरहरुको सुनिश्चितताका साथै उपर्युक्त भौतिक पुर्वाधारको निर्माण हुनु नसक्नु
- नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले विद्यालय शिक्षाको व्यवस्थापन स्थानीय तहलाई प्रदान गरेको परिप्रेक्षमा शिक्षा क्षेत्रमा गुणस्तर तथा प्रभावकारीता कायम गर्न विभिन्न प्रयत्न गरेता पनि शिक्षा क्षेत्रको अवस्था अपेक्षाकृत हुन नसक्नु ।

### १.७.३ शिक्षा क्षेत्रका अवसरहरू

- संवैधानिक तथा कानुनी आधारहरु सहित आधारभुत तह सम्मको शिक्षा अनिवार्य तथा निशुल्क, र माध्यमिक तह सम्मको शिक्षा निःशुल्क गरि सबै वालवालिकाहरूको शिक्षामा पहुँचको अवसर नेपाल सरकारद्वारा प्रदान गरिनु,
- तीन तहको सरकारहरु बीच समन्वय, सहकार्य र जिम्मेवारी पुरा गर्न सकिने अधिकारका साथै माध्यमिक तह सम्मको शिक्षा क्षेत्रको व्यवस्थापनको अधिकार स्थानीय तहको काम र कर्तव्य अन्तर्गत भएको हुँदा आफ्नो स्थानीय तह भित्रका विद्यालयको अनुगमन मूल्याङ्कन तथा पृष्ठपोषण गर्ने, शिक्षक व्यवस्थापन, सिकाइ उपलव्धि संगै अन्य थुप्रै गतिविधी सञ्चालन गरेर समय सापक्ष शैक्षिक उपलब्धि वृद्धि गर्न सक्ने अवसर स्थानीय तहलाई हुनु,
- शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु, स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकारहरु स्थानीय तहमा प्रदान गर्नु, तीनवटै सरकार तथा अन्य सङ्घ संस्थाहरुबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु ,

- विभिन्न साझेदारी संस्थाको लगानी तथा सहभागितावटा शिक्षा क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गर्न सकिने वातावरण हुनु,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गरि विद्यालय शिक्षामा सुशासन प्रणालीमा सुधार गर्न सकिने वातावरण हुनु,
- स्थानीय पाठ्यक्रमको निर्माण भई कार्यान्वयनको चरणमा हुनु,
- गाउँपालिका भित्र शिक्षा क्षेत्रमा गुणस्तर कायम गर्न  सम्बन्धित पक्ष सचेत तथा सजग रहनु,
- विभिन्न क्रियाशिल सङ्घ-संस्थाहरुको सहकार्य हुनु, तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य हुनु,

# परिच्छेद २ : नयाँ शिक्षा क्षेत्र योजना

## २.१ सन्दर्भ र औचित्य

नयाँ संविधान जारी भएपछि शिक्षाको अधिकार स्थानीय तह मातहत आएसँगै यस चौकुने गाउँपालिकाले शिक्षा क्षेत्र सुधारका लागि गरिरहेको प्रयासमध्ये यो योजना निर्माण कार्य एक हो । यस शिक्षा योजनाको कार्यान्वयबाट बिद्यालय शिक्षाको सुनिश्चितता, पहुच युक्त तथा दीगो बनाउने उदेश्य सहित शिक्षालाई प्राथमिकतामा राखेको छ । नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता, शिक्षा नीति, विभिन्न घोषणाहरू, नेपालको संविधानले प्रदत्त गरेको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था अनुरुप कार्य गर्न शिक्षालाई महत्वपूर्ण बिषयका रुपमा आत्मसाथ गर्दै गुणस्तरीय सीप युक्त, समावेशी, समतामूलक, रोजगार उन्मुख, उत्पादनसिल नागरिक तयार पार्न यस चौकुने गाउँपालिकाले यो शिक्षा योजना तयार पारेको छ ।
यस गाउँपालिकाको भौगोलिक विकटता, आर्थिक विपन्नताका कारण कतिपय बालबालिकाहरु विद्यालय तहको शिक्षाबाट वञ्चित हुनु परेको छ । यस्ता विविध समस्यालाई समाधान गरी समावेशी, समतामूलक, उत्पादनमूलक, सूचना प्रविधियुक्त शिक्षा तथा शिक्षा क्षेत्रमा शिक्षक, अभिभावक र सरोकारवालाहरुको उत्सुकता र जिम्मेवारी अभिवृद्धि गर्दै यो शिक्षा योजना निर्माण गरिएको हो । मुलुकको समृद्धि र समुन्नतिका लागि आवश्यक पर्ने सबै प्रकारको दक्ष जनशक्ति उत्पादन गर्ने हेतुले यस गाउँपालिकामा साधारण शिक्षा, प्राविधिक शिक्षा र सीपमूलक तालिमलाई एकीकृत र समन्वयात्मक ढङ्गले अघि बढाउँदै यस गाउँपालिकाको शिक्षाको लागि सबैको आकर्षणको केन्द्र बनाउने तर्फ यो योजना केन्द्रित रहेको छ । यस शिक्षा क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा यस चौकुने गाउँपालिकाले अबको ५ वर्ष सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यो योजनाको दूरदृष्टि, उद्देश्यहरू र रणनीतिहरू तथा प्रमुख उपलब्धि सूचकहरू निर्धारण गरीएको छ भने बाँकि प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ५ वर्ष सम्ममा पुरा गर्ने गरि निर्धारण गरिएको छ ।
यसै सन्दर्भमा, यस चौकुने गाउँ पालिकाको यो नयाँ शिक्षा क्षेत्र योजनाले समेटेका पक्षहरू निम्म्नानुसर रहेका छन्:

**तालिका: नयाँ शिक्षा योजनाले समेटेका पक्षहरू:**

| पक्ष | विश्लेषण |
|---|---|
| **पहुँच** | • समुदायमा भएका सबै बालबालिकालाई विद्यालय शिक्षामा ल्याउने<br>• विद्यालयमा भर्ना भएका सबै बालबालिकाहरूका लागि भवन, कक्षाकोठा, डेस्क, बेन्च, पाठ्यपुस्तक, सन्दर्भसामग्री पुस्तकालय, विज्ञान प्रयोगशाला, उपलब्ध गराउने<br>• छात्राहरूका लागि छुट्टै शौचालयको व्यवस्था गर्ने र सेनिटरी प्याड उपलब्ध गराउने |

| पक्ष | विश्लेषण |
|---|---|
| | • अपाङ्ता भएका बालबालिकाहरूका लागि आवश्यकतानुसारको पठन सामग्री, भौतिक संरचना र व्यक्तिगत सहायता सामग्री उपलब्ध गराउने<br>• युवा तथा प्रौढहरूकालागि अपेक्षित व्यवसायिक तथा प्राविधिक शिक्षाको व्यवस्था मिलाउने<br>• सामुदायिक सिकाइ केन्द्रमार्त अनौपचारिक शिक्षा (द्रुत सिकाइ कार्यक्रम) सञ्चालन गराई अनौपचारिक शिक्षामार्फत आधारभूत तहमा भर्ना गराउने<br>• सिकाइ क्षतिलाई न्यूनिकरण गर्नका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL PLAN) कार्यान्वयन गर्ने । |
| **गुणस्तर** | • बालबालिकाहरूलाई कक्षाकोठामा क्रियाशील गराई काम गरेर सिक्ने वातावरण मिलाउने<br>• एकीकृत पाठ्यक्रमका अवयवहरू हुबहु कार्यान्वयन गर्ने<br>• स्मरण गराउने भन्दा व्यवहारिक र दिगो सिकाइ गर्ने ढाँचामा शिक्षण सिकाइ क्रियाकलाप गराउने<br>• कक्षाकोठामा समूह सिकाइको वातावरण सिर्जना गर्ने<br>• कक्षा शिक्षणमा व्यवहार कुशल सीपलाई एकीकृत गर्ने<br>• शिक्षक विद्यार्थीको अनुपात बढिमा १:४० गराउने तर विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन गर्ने<br>• कक्षा १ मा सतप्रतिशत बालविकास तथा शिक्षाको अनुभव लिएर आएका बालबालिका भर्ना गराउन<br>• बालविकास तथा शिक्षालाई तोकिएको मापदण्डअनुसार सर्वाङ्गीण विकास, पोषण तथा स्वास्थ्य र शिक्षाको व्यवस्था मिलाउने<br>• विद्यार्थी मूल्याङ्कनलाई सिकाइसँग जोड्ने<br>• मोबाइल रुपमा अभिभावक शिक्षा सञ्चालन गर्ने |
| **व्यवस्थापन** | • सबै विद्यालयमा वि.व्य.स. र शि.अ.सं. गठन गर्ने<br>• सबै विद्यालयहरूमाविषय शिक्षण तालिका (रुटिङ),वार्षिक कार्यपात्रो, SIP, ASIP निर्माण र कार्यान्वयन गराउने<br>• सबै विद्यालयमा बालक्लबको व्यवस्था गरी क्रियाशिल गराउने<br>• गाउँपालिकाबाट विद्यालयहरूको सबै पक्ष (भौतिक, शैक्षिक र व्यवस्थापकीय) नियमित अनुगमन गर्ने |

| पक्ष | विश्लेषण |
|---|---|
| | • विद्यालयहलाई कार्यसम्पादनमा आधारित भएर मात्र अनुदान वा प्रोतसाहन दिने व्यवस्था मिलाउने ।<br>• प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग गुणस्तर र विद्यालय व्यवस्थापनका विषयमा सम्झौता गर्ने ।<br>• विद्यालयमा गुनासो सुनुवाइ संयन्त्र गठन गरि परिचालन गरिने । |
| **क्षमता विकास** | • सबै शिक्षकलाई एकीकृत पाठ्यक्रम कार्यान्वयन सम्बन्धी तालिम दिने<br>• कक्षा १-५ मा कक्षाकोठामा शिक्षण सिकाइमा सहयोग गर्न सहजकर्ताको व्यवस्था गर्ने<br>• शिक्षकहरूको कार्यदक्षता अध्ययन गरी प्रोत्साहनको व्यवस्था गर्नe<br>• शिक्षकहरुलाई शिक्षक डायरी उपलब्ध गराई कार्यान्वयन गराउने<br>• नयाँ शिक्षकहरुलाई कम्तिमा ५ दिने सेवा प्रवेश तालिम सञ्चालन गर्ने<br>• बालविकास सहजकर्ताहरुको क्षमता विकास तालिम सञ्चालन गर्ने<br>• विषयगत शिक्षकहरुको क्षमता विकास तालिम सञ्चालन गर्ने<br>• शिक्षक सहयोग समूह गठन गरी परिचालन गर्ने । |
| **मूल्याङ्कन** | • कक्षा १-३ मा सिकाइ उपलब्धिमा आधारित निरन्तर मूल्याङ्कन गराउने यसैलाई आवधिक मूल्याङ्कनको साधनका रुपमा प्रयोगमा ल्याउने<br>• माथिल्ला कक्षाहरूमा निरन्तर मूल्याङ्कन र आवधिक मूल्याङ्कन दुबै प्रकारका मूल्याङ्कन प्रयोगमा ल्याउने ।<br>• प्रयोगात्मक विषयहरूमा तोकिएबमोजिम मूल्याङ्कन गर्ने<br>• परियोजनाहरू लागु गर्दा आधार मूल्याङ्कन, मध्यावधि मूल्याङ्कन र अन्तिम मूल्याङ्कन गराउने ।<br>• परीक्षा प्रणालीलाई व्यवस्थित र विश्वसनिय बनाउने |
| **सुशासन** | • सबै विद्यालयमा आवधिक सामाजिक परीक्षण र लेखा परीक्षण गराउने<br>• विद्यालयमा गुनासो सुनुवाई संयन्त्र लागु गरी सुझाव पेटिकाको व्यवस्था गर्ने<br>• शिक्षक र विद्यार्थी पोशाकको अनिवार्य कार्यान्वयन गर्ने<br>• वर्षमा एक पटक विद्यालयगत स्वमूल्याङ्कन गराउने<br>• विद्यालयको समाजिक परीक्षण प्रकाशन गर्ने<br>• वार्षिक प्रगति प्रतिबेदनमा विद्यालयमा निकासा भएको रकम सार्वजनिक गर्ने<br>• नियमित विद्यालय अनुगमनको संयन्त्र तयार गरि कार्यान्वयन गर्ने । |

## २.२ दीर्घकालीन राष्ट्रिय सोच

आर्थिक तथा सामाजिक रूपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने।

## २.३ स्थानीय तहको दीर्घकालीन सोच तथा गन्तव्य

**दीर्घकालीन सोच:**

गुणस्तरीय जीवनोपयोगी शिक्षा मार्फत शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्तिको उत्पादन सहित गाउँपालिकाको सामाजिक न्याय रुपान्तरण र समृद्धिमा टेवा पुऱ्याउने ।

## २.४ लक्ष्य (Goal )

सबै बालबालिकाहरूको शिक्षामा पँहुच सुनिश्चित गरी, सबैका लागि सुरक्षित, गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधीमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने ।

## २.५ उद्देश्यहरू

सबै बालबालिकाहरूका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न गुणस्तरीय बालविकास तथा शिक्षाको अवसर उपलब्ध गराइनु ।
माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।
नागरिकको जीवनस्तरमा सुधार गर्ने सबै युवा तथा प्रौढहरूका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर उपलब्ध गराउनु ।

- गुणस्तरीय शिक्षाका साथै विद्यार्थीको सिकाइप्रति जवाफदेहीताको सुनिश्चित गर्न विद्यालयमा सुशासन प्रवर्द्धन प्रणालीको विकास गर्नु ।
- विपत्को परिस्थितिमा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्दै उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग गर्नु ।

## २.६ रणनीतिहरू

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नको लागि सेवामा पहुँच, गुणस्तर वृद्दी र अनिवार्य गर्ने ।

- अनिवार्य, निःशुल्क र गुणस्तरीय आधारभूत शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने ।
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउदै निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार गर्ने ।
- सूचना तथा सञ्चार प्रविधको प्रयोग मार्फत विद्यार्थीको सिकाइ तथा शिक्षा व्यवस्थापनमा सुधार गरी सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने ।
- संस्थागत विद्यालयको नियमन र सेवामूलक संस्थाका रूपमा रूपान्तरण गर्न प्रोत्साहित गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा मार्फत सीप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासका अवसर सिर्जना गर्न संयन्त्र विकास गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउने ।
- उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संसाधनको विकास गर्ने।
- अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाइ सुनिश्चित गर्ने।
- शैक्षिक सुशासन, पारदर्शिता र सेवा प्रवाहमा सुधार गरि शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा सुधार गर्ने ।
- विपद्को जोखिम न्यूनीकरणका साथै विद्यालय सुरक्षाको उपाय अपनाई सबै बालबालिकाको शिक्षालाई निरन्तरता दिने ।

## २.७ प्रमुख उपलब्धि सूचकहरू (Key Performance Indicators-KPI)

| क्र.सं. | सूचकहरू | वर्तमान अवस्था / आधार वर्ष | | | | ५ वर्षे अपेक्षित लक्ष्य सूचक तथा श्रोत | |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा | राष्ट्रिय | कर्णाली प्रदेश | सुर्खेत | चौकुने | पहिलो ३ वर्ष | अन्तिम २ वर्ष |
| १.१ | कूल भर्ना दर (GER) | ९९.९० | ८६.८५ | १०४.७१ | ७६.३३ | ८३.९७ | ९९.४५ |
| १.२ | खुद भर्ना दर (NER) | ७०.५६ | ६७.२४ | ७५.९८ | ६३.४२ | ८२.४५ | ९४.४९ |
| १.३ | लैङ्गिक समता सूचक | ०.८२ | ०.८७ | ०.८० | १.०५ | १.०३ | १ |

| क्र.सं. | सूचकहरू | वर्तमान अवस्था / आधार वर्ष | | | | ५ वर्षे अपेक्षित लक्ष्य सूचक तथा श्रोत | |
|---|---|---|---|---|---|---|---|
| १.४ | प्रारम्भिक **बालविकास** तथा शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत | ७३.८९ | ८१.९१ | ७१.०४ | ७१.१९ | **८५.४२** | **९३.९७** |
| १.५ | निर्धारित योग्यता पुगेका शिक्षक प्रतिशत | | | | | १०० | १०० |
| १.६ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | | | | | १०० | १०० |
| **२** | **आधारभूत शिक्षा (कक्षा १–८)** | **राष्ट्रिय** | **कर्णाली प्रदेश** | **सुर्खेत** | **चौकुने गा.पा** | **पहिलो ३ वर्ष** | **अन्तिम २ वर्ष** |
| २.१ | **कूल** प्रवेश दर (GIR) (कक्षा १) | ११५.८९ | १२०.९९ | १२८.५८ | १२१.२३ | १०३.२८ | १००.०० |
| २.२ | खुद प्रवेश दर (NIR) (कक्षा १) | ९५.३७ | ९५.९५ | ९५.७० | ९५.८९ | ९७.८१ | १००.०० |
| २.३ | **कूल** भर्ना दर/ (GER) (कक्षा १–५) | १२४.८३ | १२३.३९ | १३०.१२ | १२५.१९ | ११०.०० | १००.०० |
| २.४ | खुद भर्ना दर (कक्षा १–५) | ९५.३७ | ९५.८५ | ९५.४८ | ९५.५९ | ९९.०० | १००.०० |
| २.५ | **कूल** भर्ना दर(GER) (कक्षा ६–८) | ११३.१० | ११७.५१ | १२७.४८ | ११३.१२ | ११०.०० | १००.०० |
| २.६ | खुद भर्ना दर (NER) (कक्षा ६–८) | ९४.४५ | ९४.५७ | ९५.३३ | ९५.१३ | ९८.०० | १००.०० |

| क्र.सं. | सूचकहरू | वर्तमान अवस्था / आधार वर्ष | | | | ५ वर्षे अपेक्षित लक्ष्य सूचक तथा श्रोत | |
|---|---|---|---|---|---|---|---|
| २.७ | **कूल** भर्ना दर(GER) (कक्षा १–८) | १२१.६० | १२३.०८ | १२९.०९ | १२०.७० | ११५.०० | १००.०० |
| २.८ | खुद भर्ना दर (NER) (कक्षा १–८) | ९५.१८ | ९५.३७ | ९५.५४ | ९५.४३ | ९८.०० | १००.०० |
| २.९ | खुद भर्ना दरमा लैङ्गिक समता सूचक (GPI)(कक्षा १–८) | ०.९३ | ०.९९ | ०.८९ | १.०६ | १.०२ | **१.००** |
| २.१ | विद्यार्थी टिकाउ दर (कक्षा ८) | ८६.२७ | ८६.४३ | ८७.०० | ८३.६४ | **९६.१९** | १०० |
| २.११ | आधारभूत तह पुरा गर्ने दर | ९५.०० | ९४.७० | ९४.७० | ९४.४३ | ९८.०० | १००.०० |
| २.१२ | विद्यार्थी उतीर्ण दर (कक्षा १–५) | ८३.८३ | ७९.१५ | ७७.७७ | ७३.१३ | ९५.०० | १००.०० |
| २.१३ | विद्यार्थी उतीर्ण दर (कक्षा ६–८) | ८८.२० | ८५.८१ | ८६.४९ | ७०.७३ | ९८.०० | १००.०० |
| २.१४ | कक्षा  दोहो-याउने दर (१–५) | ८.४९ | १२.२५ | १३.४७ | १५.६८ | १२.५४ | ८.७८ |
| २.१५ | कक्षा  दोहो-याउने दर (६–८) | ५.१९ | ६.५६ | ६.५४ | १९.५९ | ९.७९ | ४.९० |
| २.१६ | विद्यालय छाड्ने दर कक्षा (१–५) | ३.२३ | ४.०० | ४.२२ | ५.७८ | २.८९ | १.४५ |

| क्र.सं. | सूचकहरू | वर्तमान अवस्था / आधार वर्ष | | | | ५ वर्षे अपेक्षित लक्ष्य सूचक तथा श्रोत | |
|---|---|---|---|---|---|---|---|
| २.१७ | विद्यालय छाड्ने दर कक्षा (६–८) | २.८० | ३.०३ | ३.४० | ५.८१ | २.९० | १.४५ |
| **३** | **माध्यमिक शिक्षा (कक्षा ९–१२)** | **राष्ट्रिय** | **कर्णाली प्रदेश** | **सुर्खेत** | **चौकुने गा.पा** | **पहिलो ३ वर्ष** | **अन्तिम २ वर्ष** |
| ३.१ | **कूल** भर्ना दर (कक्षा ९–१०) | ९८.७३ | ९५.४५ | ९६.४५ | ८८.६७ | **११०.८४** | **१२१.९२** |
| ३.२ | खुद भर्ना दर (कक्षा ९–१०) | ७६.४६ | ७७.७२ | ८०.१३ | ७५.०० | **९३.७५** | **१०३.१३** |
| ३.३ | **कूल** भर्ना दर (कक्षा ९–१२) | ८३.२१ | ८२.७१ | ८५.१४ | ६३.८१ | ७९.७७ | ८७.७४ |
| ३.४ | खुद भर्ना दर (कक्षा ९–१२) | ५६.८० | ५९.५५ | ६२.३२ | ५१.१६ | ६३.९४ | ७०.३४ |
| ३.५ | **कूल** भर्ना दर (कक्षा ११–१२) | ६७.७१ | ७०.०८ | ७४.४४ | ४५.३३ | ५६.६६ | ६२.३३ |
| ३.६ | खुद भर्ना दर (कक्षा ११–१२) | ३७.१३ | ४१.५१ | ४५.४९ | ३३.४२ | ४१.७८ | ४५.९६ |
| ३.७ | खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क (कक्षा ९–१२) | ०.९९ | १.०४ | ०.९७ | ०.९३ | ०.९८ | १.०० |
| ३.८ | उतीर्ण दर (कक्षा ९–१०) | ९३.४२ | ९१.५२ | ९२.५५ | ८६.५२ | **१०८.१५** | **११०.८५** |
| ३.९ | कक्षा दोहो-याउने दर (९–१०) | २.१८ | २.५७ | २.३९ | ७.२२ | **३.६१** | **२.७१** |

| क्र.सं. | सूचकहरू | वर्तमान अवस्था / आधार वर्ष | | | | ५ वर्षे अपेक्षित लक्ष्य सूचक तथा श्रोत | |
|---|---|---|---|---|---|---|---|
| ३.१ | विद्यालय छाड्ने दर (कक्षा ९–१०) | १.९४ | २.३५ | २.६१ | ३.८७ | १.९३ | १.४५ |
| ३.११ | उतीर्ण दर (कक्षा ११–१२) | ९१.२७ | ९१.११ | ९०.२७ | ८३.०२ | ९५.४७ | १००.०० |
| ३.१२ | कक्षा दोहो-याउने दर (कक्षा ११–१२) | ०.७८ | २.८० | ०.०२ | ०.०० | ०.०० | ०.०० |
| ३.१३ | विद्यालय छाड्ने दर (कक्षा ११–१२) | ०.८९ | १.११ | १.२३ | ८.१३ | ३.६६ | २.७५ |
| **४** | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | **राष्ट्रिय** | **कर्णाली प्रदेश** | **सुर्खेत** | **चौकुने गा.पा** | **पहिलो ३ वर्ष** | **अन्तिम २ वर्ष** |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | | | | | ९०.०० | ९५.०० |
| | १५–२४ को साक्षरता दर | | | | | ९०.०० | ९५.०० |
| | १५ वर्ष माथिको साक्षरता दर | | | | | ९७ | १०० |
| | **शिक्षक ब्वस्थापन तथा पेसागत विकास** | **राष्ट्रिय** | **कर्णाली प्रदेश** | **सुर्खेत** | **चौकुने गा.पा** | **पहिलो ३ वर्ष** | **अन्तिम २ वर्ष** |
| | महिला शिक्षक प्रतिशत (आधारभूत तह) | | | | | ४७ | ५५ |
| | महिला शिक्षक प्रतिशत (माध्यमिक तह) | | | | | ३५ | ४० |

| क्र.सं. | सूचकहरू | वर्तमान अवस्था / आधार वर्ष | | | | ५ वर्षे अपेक्षित लक्ष्य सूचक तथा श्रोत | |
|---|---|---|---|---|---|---|---|
| | **न्यूनतम सक्षमता अवस्था (PMEC) पूरा गरेका विद्यालय प्रतिशत** | **राष्ट्रिय** | **कर्णाली प्रदेश** | **सुर्खेत** | **चौकुने गा.पा** | **पहिलो ३ वर्ष** | **अन्तिम २ वर्ष** |
| | प्रारम्भिक **बालविकास** तथा शिक्षा केन्द्र प्रतिशत | | | | | ७० | ९० |
| | आधारभूत विद्यालय प्रतिशत (कक्षा १–८) | | | | | ७० | ९० |
| | माध्यमिक विद्यालय प्रतिशत (कक्षा ९–१२) | | | | | ६० | ८५ |
| | **कूल बजेटमा शिक्षा क्षेत्रमा बजेठ** | **राष्ट्रिय** | **कर्णाली प्रदेश** | **सुर्खेत** | **चौकुने गा.पा** | **पहिलो ३ वर्ष** | **अन्तिम २ वर्ष** |
| | गाउँपालिका बजेटमा शिक्षामा बिनियोजित बजेट प्रतिशत | | | | १७।९२ | २० | २५ |
| | प्रदेश बजेटमा शिक्षामा बिनियोजित बजेट प्रतिशत | | | | २२।२८ | २४ | २६ |
| | **संङ्घीय** (राष्ट्रिय) बजेटमा शिक्षामा बिनियोजित बजेट प्रतिशत | | | | ७८।३७ | ७९ | ८० |

# परिच्छेद ३ : शिक्षाका उप-क्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ वर्तमान अवस्था

विद्यालय क्षेत्र विकास योजनाले विद्यालय प्रवेशको तयारीका लागि १ वर्षे प्रारम्भिक बालशिक्षा तथा दुई बर्षे पूर्व प्राथमिक शिक्षालाई आधारभूत शिक्षामा समाहित गरेको छ । यस चौकुने गाउँपालिकामा प्रारम्भिक बालविकास र शिक्षामा देखिएका सूचकहरूको विवरण निम्नानुसार रहेको छ;

| सूचक / सूचाङ्क | सामुदायिक विद्यालयमा आधारित | | | संस्थागत विद्यालयमा आधारित | | | विद्यालयमा आधारित जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| बालविकास केन्द्रहरूको संख्या | ४७ | | | २ | | | ४० | | |
| बालबालिका संख्या | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| | ५१६ | ४६७ | ९८३ | ६८ | ९० | १५८ | ५८४ | ५५७ | ११४१ |
| Children-ECED/PPC ratio | | | २३.४ | | | ७९.० | २५.९ | | |
| लैङ्गिक समता दर (GPI) | | | १.१ | | | ०.८ | १.० | | |

श्रोत: फ्ल्यास रिपोर्ट २०८०

| कूल भर्ना दर (GER) | | | खुद भर्ना दर (NER) | | | ECED को अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको % | | |
|---|---|---|---|---|---|---|---|---|
| **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** |
| ८१.७ | ७१.४ | ७६.३ | ६७.३ | ५९.९ | ६३.४ | ७१.१ | ७१.३ | ७१.२ |

श्रोत: फ्ल्यास रिपोर्ट २०८०

**शैक्षिक सत्र २०८० अन्तर्गत सबै विद्यार्थीको विवरण**

| क्र सं | तह | कूल विद्यार्थी संख्या | | | कूल दलित विद्यार्थी संख्या | | | कूल जनजाती विद्यार्थी संख्या | | | कूल मदेशी विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रारम्भिक बालविकास | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | (सबै) विद्यालय | ५८४ | ५५७ | ११४१ | २६३ | २४६ | ५०९ | ८० | ७७ | १५७ | २ | १ | ३ |
| २ | सामुदायिक विद्यालय | ५१६ | ४६७ | ९८३ | २३० | २०९ | ४३९ | ७७ | ७५ | १५२ | २ | १ | ३ |
| ३ | संस्थागत विद्यालय | ६८ | ९० | १५८ | ३३ | ३७ | ७० | ३ | २ | ५ | ० | ० | ० |

सान्दर्भिक सामग्रीको उपलब्धता

| विद्यालय र समुदायमा आधारित ECED को संख्या | पाठ्यपुस्तकहरू उपलब्ध भएका ECED को संख्या | शिक्षक गाइड उपलब्ध भएका ECED को संख्या | बाल अध्ययन सामग्री भएका ECED को संख्या | बुक कर्नर भएका ECED को संख्या | सन्दर्भ सामग्री उपलब्ध भएका ECED को संख्या |
|---|---|---|---|---|---|
| ४२ | २५ | १९ | २६ | १७ | १६ |

## ३.१.२ लक्ष्य

यस गाउँपालिकाको सेवा क्षेत्र भित्रका ३ देखि ४ वर्ष उम्मेरका सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गरि कक्षा एकमा पढ्नका लागि तयारी गर्ने ।

## ३.१.३ उद्देश्य

- चार बर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,

- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु

### ३.१.४ रणनीतिहरू

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,
- कार्यक्रमको नक्साङ्कन, पुन; वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,
- जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि पहुँच सुनिश्चित गर्ने,
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,
- ऐन र कार्य विधीमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,
- कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,
- स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बालविकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,
- भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने ।
- प्रत्येक बालविकास केन्द्र छापामययुक्त बनाउने ।

### ३.१.५ उपलब्धि र नतिजा

| उपलब्धि | प्रमुख नतिजा |
|---|---|
| सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ । | • प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकारूलाई एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुने,<br>• प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ भा प्रवेश गर्ने अवसर हुने,<br>• सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुने,<br>• बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने, |

| | |
|---|---|
| | • भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुने,<br>• प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुने । |

## ३.१.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका:

| क्र.स | नतिजा अनुसार प्रमुख क्रियाकलाप | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | प्रारम्भिक बालविकास शिक्षाको मापदण्ड निर्धारण र केन्द्रहरूको नक्साङ्कन तथा पुन; वितरण | पटक | १ | | १ | | | | ३०० | | | | | ३०० | पालिका, अन्य साझेदार निकाय |
| २ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँगको सहकार्य गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५० | ५० | ५० | ५० | ५० | २५० | स्थानीय निकाय, समुदाय र गैसस |
| ३ | अनाथ असहाय र अपाङ्गता भएका बालबालिकाका लागि आवशीय योजना | ओटा | १ | | | १ | | | | | २५० | | | २५० | पालिका |
| ४ | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ३०३५ | २८३५ | २५४० | २३३५ | २५३० | १३३०५ | सङ्घ |

| **क.स** | **नतिजा अनुसार प्रमुख क्रियाकलाप** | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| ५ | बालविकास शिक्षकको योग्यता क्षमता र पेसागत विकास गरि स्थानीय परिबेशमा रहि सामग्री निर्माण गर्ने (५४ ओटा बालविकास) | पटक | ५ | १ | १ | १ | १ | १ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | पालिका |
| ६ | अभिभावक शिक्षा | पटक | ५ | १ | १ | १ | १ | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका, आवाज, सोसेक |
| ७ | नमुना प्रारम्भिक बालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था | जना | ५ | १ | १ | १ | १ | १ | ३० | ३० | ३० | ३० | ३० | १५० | पालिका |
| ८ | प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था | पटक | ३ | १ | | १ | | १ | १०० | | १०० | | १०० | ३०० | स्थानीय निकाय |

| **क्र.स** | **नतिजा अनुसार प्रमुख क्रियाकलाप** | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| ९ | छापामय बालविकास केन्द्र स्थापना /खेल सामग्री | वि. संख्या | ५० | १० | १० | १० | १० | १० | २०।५० | २०।५० | २०।५० | २०।५० | २०।५० | १००।५ ०० | सङ्घ र पालिका |
| १० | प्रारम्भिक बालविकास सहजकर्ताहरुको पारिश्रमिक (५४ जना) | पटक | ५ | १ | १ | १ | १ | १ | १२००६ | १२००६ | १२००६ | १२००६ | १२००६ | ६००३० | सङ्घ र पालिका |

## ३.२ आधारभतू शिक्षा

### ३.२.१ वर्तमान अवस्था

यस चौकुने गाँउपालिकामा आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरु अझै विद्यालय भर्ना भै नसक्नु, विद्यालय भर्ना भएका मध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुनु, सुविधाविहीन समुहका बालबालिकाहरु विद्यालय बाहिरै रहिरहनु, शैक्षिक सुशासन कायम हुन नसक्नु, शिक्षामा पर्याप्त लगानी नहुनु, शिक्षाको गुणस्तर अपेक्षित रुपमा न्यून हुनु, विज्ञान तथा प्रविधिमा आधारित शिक्षा र प्राविधिक शिक्षाको पहुँच विस्तार पर्याप्त मात्रामा नहुनु जस्ता चुनौतीको करण यसको असर प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा यस गाउँपालिकाको आधारभुत शिक्षा क्षेत्रको विकासमा परिरहेको छ ।

**चुनौतिहरु:**

- विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्न नसक्नु;
- दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सीपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्न नसक्नु;
- अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधारमा कमि;
- शिक्षक दरबन्दी पुन; वितरण तथा समायोजन गर्ने नसक्नु ।
- नतिजा प्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्न नसक्नु;
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चितता लाई प्रभावकारी बनाउन नसक्नु; समस्या
- शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्न नसक्नु;

**समस्याः**

शैक्षिक फ्ल्यास प्रतिवेदन २०८० अनुसार चौकुने गाउँपालिकामा आधारभूत शिक्षा सम्बन्धी विवरण निम्नानुसार रहेको छ;

| क्र सं | सूचक / सूचाङ्क | कूल विद्यार्थी संख्या | | | कूल दलित विद्यार्थी संख्या | | | कूल जनजाती विद्यार्थी संख्या | | | कूल मदेशी विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| | कक्षा (१–५) | १९७९ | १९०८ | ३८८७ | ९४० | ८६९ | १८०९ | २५८ | ३०४ | ५६२ | ६ | ७ | १३ |
| | कक्षा (६–८) | १०८४ | ९९४ | २०७८ | ४५० | ४३९ | ८८९ | २०१ | १६१ | ३६२ | १ | ३ | ४ |
| जम्मा | | १०८४ | २९०२ | ५९६५ | १३९० | १३०८ | २६९८ | ४५९ | ४६५ | ९२४ | ७ | १० | १७ |

यस चौकुने गाउँपालिकामा आधारभूत शिक्षामा शैक्षिक सत्र २०८०मा देखिएका सूचकहरूको विवरण निम्नानुसार रहेको छ;

| क्र. सं. | सूचक / सूचाङ्क | विद्यार्थी उतीर्ण दर | | | कक्षा दोहो-याउने दर | | | विद्यालय छाड्ने दर | | | नयाँ भर्ना दर | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| | कक्षा (१–५) | ७४.४ | ७१.८ | ७३.१ | १५.३ | १६.० | १५.७ | ५.२ | ६.४ | ५.८ | ५.० | ५.९ | ५.४ |
| | कक्षा (६–८) | ६९.९ | ७१.६ | ७०.७ | २०.५ | १८.६ | १९.६ | ५.७ | ५.९ | ५.८ | ३.९ | ३.९ | ३.९ |

लैङ्गिक समता दर (GPI)

| सूचक / सूचाङ्क | GPI कक्षा (१–५) | GPI कक्षा (६–८) | GPI कक्षा (१–८) |
|---|---|---|---|
| आधारभूत तहका सबै विद्यार्थी | १.०४ | १.०९ | १.०६ |
| कूल दलित विद्यार्थी संख्या | ०.९३ | १.०८ | १.०३ |
| कूल जनजाती विद्यार्थी संख्या | १.२५ | ०.९९ | ०.८१ |
| कूल मदेशी विद्यार्थी संख्या | ०.३३ | ०.७० | ०.५० |

शैक्षिक सत्र २०८० अन्तर्गत सबै विद्यार्थीको विवरण

| क्र.सं | आधारभूत तह तह | कूल विद्यार्थी संख्या | | | कूल दलित विद्यार्थी संख्या | | | कूल जनजाती विद्यार्थी संख्या | | | कूल मदेशी विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सबै विद्यालायक विद्यार्थी | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | कक्षा (१–५) | १९७९ | १९०८ | ३८८७ | ९४० | ८६९ | १८०९ | २५८ | ३०४ | ५६२ | ६ | ७ | १३ |
| २ | कक्षा (६–८) | १०८४ | ९९४ | २०७८ | ४५० | ४३९ | ८८९ | २०१ | १६१ | ३६२ | १ | ३ | ४ |
| | सामुदायिक विद्यालय | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | कक्षा (१–५) | १९०८ | १७९७ | ३७०५ | ९१५ | ८३४ | १७४९ | २५२ | ३०० | ५५२ | ६ | ७ | १३ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | कक्षा (६–८) | १०८१ | ९५४ | २०३५ | ४४७ | ४३९ | ८८६ | २०१ | १६१ | ३६२ | १ | ३ | ४ |
| | **संस्थागत विद्यालय** | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** | **छात्रा** | **छात्र** | **जम्मा** |
| १ | कक्षा (१–५) | ७१ | १११ | १८२ | ० | ० | ० | ६ | ४ | १० | ० | ० | ० |
| २ | कक्षा (६–८) | ३ | १० | १३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

### ३.२.२ लक्ष्य

सबै बालबालिकाहरूका लागि समतामूलक, गुणस्तरीय, निशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने

### ३.२.३ उद्देश्य

- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच, सहभागिता, सहभागिता, पढाई प्रति अभिरुची सुनिश्चित गर्दै प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठनसीप अभिवृद्धि गर्ने;
- अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गरि सबै बालबालिकाहरूलाई आधारभूत तह पुरा गर्ने अवस्था सुनिश्चित गर्ने;
- सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने अवस्था सुनिश्चित गरि सिकाइलाई जीवनउपयोगी बनाउने
- आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने;
- विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याई विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउने

### ३.२.४ रणनीतिहरू

- अनिवार्य तथा निः शुल्क आधारभूत शिक्षाका लागि कानून तर्जुमा गरि प्रारम्भिक कक्षा पढाइ सम्बन्धी क्रियाकलापहरूको लागी स्रोत व्यवस्थापन र क्रियाकलापहरूको कार्यान्वयन गर्ने,

- नागरिकहरूको नेतृत्वमा विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने
- न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा CLA विधिबाट बालबालिकाहरूको सिकाइ मापन तथा मूल्याङ्कन गर्ने,
- विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधाहरु सुनिश्चित गर्ने,
- विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने,
- विद्यालय समायोजन तथा आवसिय विद्यालय सञ्चालन गरिने,
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने,
- विद्यालय शिक्षालाई विविधता अन कूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनु कूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अन कूलको माध्यम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने,
- विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने,
- विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने; कक्षाकोठामा आधारित मूल्याङ्कनसँग  सम्बन्धित क्षमता विकास गर्ने; शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने; विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चाल गर्ने,
- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने; मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अंगको रूपमा प्रयोगमा ल्याउने; विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने,
- स्थानीय पाठ्यक्रमको सन्दर्भ सामग्री तयार पारि कार्यान्वयनका ल्याउने ।

### ३.२.५ उपलब्धि र नतिजा

| उपलब्धि | प्रमुख नतिजा |
|---|---|
| अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको | • सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागि हुने<br>• सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता पुरा गरेको हुने<br>• न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने<br>• आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने<br>• बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने |

| | |
|---|---|
| पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुने छ । | • विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने<br>• विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुने<br>• बालबालिकाले न्यूनतम सिकाइ उपलब्धी हासिल गरेको हुने<br>• आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुने<br>• विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील हुने<br>• सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने<br>• विद्यालय समायोजन तथा आवसिय विद्यालय सञ्चालन भएको हुने ।<br>• एकीकृत पाठ्यक्रको सन्दर्भ सामग्री तयार भइ कार्यान्वयन भएको हुने<br>• जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने |

## ३.२.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना

| क्र.सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू.. हजारमा | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | | |
| १ | आधारभूत तह शिक्षक प्रारिश्रमिक तलब भत्ता (१५४ जना) | पटक | ५ | १ | १ | १ | १ | १ | ९०३०० | ९०३०० | ९०३०० | ९०३०० | ९०३०० | ४५१५०० | सङ्घ |
| २ | आधारभूत तह शिक्षक गणित विज्ञान र अंग्रेजी शिक्षण सिकाइ अनुदान | पटक | ५ | १ | १ | १ | १ | १ | ६७०० | ६७०० | ६७०० | ६७०० | ६७०० | ३३५०० | सङ्घ |
| ३ | गापा स्वयम् सेवक शिक्षण प्राश्रमिक तलब भत्ता | पटक | ५ | १ | १ | १ | १ | १ | ३९०० | ३९०० | ३९०० | ३९०० | ३९०० | १९५०० | स्थानीय तह/ गा.पा |
| ४ | विद्यालय नक्शाङ्कन, पुन; वितरण तथा समायोजन | पटक | २ | १ | | | | १ | ५०० | | | | ५०० | १००० | पालिका, अन्य साझेदार निकाय |
| ५ | सबै बालबालिकालाई विद्यालय भर्ना अभियान | पटक | ५ | १ | १ | १ | १ | १ | ५० | ५० | ५० | ५० | ५० | २५० | स्थानीय निकाय, समुदाय र गैसस |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण (कक्षा ३ र ५) | पटक | ५ | १ | १ | १ | १ | १ | २५० | २५० | २५० | २५० | २५० | १२५० | स्थानीय निकाय, समुदाय र गैसस |
| ७ | विद्यालयको विपत् व्यवस्थापन तथा उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | १२ | १ | | ३ | | ८ | २०० | | ३०० | | १३०० | २४०० | स्थानीय निकाय, समुदाय र गैसस |
| ८ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | ११ | २ | २ | २ | २ | ३ | ३०० | ३०० | ३०० | ३०० | ४०० | ३३०० | स्थानीय निकाय |
| ९ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | पटक | ५ | १ | १ | १ | १ | १ | १५० | १५० | १५० | १५० | १५० | ७५० | स्थानीय निकाय |
| १० | पाठ्यपुस्तक व्यवस्था | पटक | ५ | १ | १ | १ | १ | १ | ३७०० | ३७०० | ३७०० | ३७०० | ३७०० | १८५०० | सङ्घ |
| ११ | सन्दर्भ सामग्रीको व्यवस्था | पटक | ६ | १ | १ | १ | १ | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | स्थानीय तह/ गा.पा |
| १२ | एकीकृत पाठ्यक्र र नयाँ पाठ्यक्रममा आधारित मूल्याङ्कन | पटक | ५ | १ | १ | १ | १ | १ | ३५० | ३५० | ३५० | ३५० | ३५० | १७५० | स्थानीय तह/ गा.पा |
| १३ | विव्यस, शिअसं का पदाधिकारीहरूको क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | स्थानीय तह/ गा.पा |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | बुक कर्नरको निर्माण | संख्या | ४८ | १० | १० | १० | १० | ८ | ५०० | ५०० | ५०० | ५०० | ४०० | २४०० | स्थानीय तह/ गा.पा, गैसस |
| १५ | व्यवस्थित परीक्षा प्रणाली (कक्षा ८ को परिक्षा सञ्चालन) | पटक | ५ | १ | १ | १ | १ | १ | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३००० | स्थानीय तह/ गा.पा, गैसस |
| | **जम्मा रू** | | | | | | | | १०२००० | १०७३०० | १०७४०० | १०७३०० | १०४३०० | ५४०७०० | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

यस चौकुने गाउँपालिकामा माध्यमिक तहको शिक्षण सिकाइ क्रियाकलापमा समालोचनात्मकता, रचनात्मकता, सिर्जनशिलता र उत्पादनशीलतालाई जोड दिदै हाल सञ्चालनमा रहेका माध्यमिक विद्यालयहरुमा दैनिक जीवनमा आवश्यक पर्ने र पेसागत तथा व्यवसायिक सीप विकासमा ध्यान दिनु पर्ने देखिन्छ।माध्यमिक तहको शिक्षा प्रदान गर्ने विद्यालयमा विषयगत स्थायी दरबन्दीका सक्षम शिक्षकहरुको सङ्ख्या पर्याप्त हुन नसकेको, विद्यार्थीको अनुपातमा शिक्षकको कमीलाई आपूरण हुने गरी गाउँपालिकाको आन्तरिक बजेटबाट थप शिक्षकको व्यवस्था भएको, माध्यमिक सबै विद्यालय भौतिक क्षमता मानवीय स्रोत, आर्थिक स्रोत, सुशासन, शैक्षणिक सु-व्यवस्थापन कम्प्युटर तथा सूचना प्रविधिको पूर्ण पहुँच, विज्ञान प्रयोगशाला, पुस्तकालय, हरित विद्यालय, विद्यालय वास कार्यक्रम, विद्यालय दिवा खाजा जस्ता कार्यक्रमबाट पूर्ण व्यवस्थित हुन नसकेको अवस्था छ । शिक्षकका लागि नियमित पेशागत सहयोग, विद्यालय अनुगमन पृष्ठपोषणमा कमी रहेको पाइन्छ । माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई विभिन्न पेशागत क्षेत्र तथा भावी जीवनको पेशाका विषयमा परामर्श दिने, स्थानीय स्तरमा प्राविधिक तथा व्यवसायिक सीप भएका व्यक्तिहरूको सूची तयार गरी विद्यालयले स्थानीय श्रोतव्यक्तिको रुपमा प्रयोग गर्ने, विद्यालयका शिक्षकहरूलाई अनिवार्य रुपमा कम्प्युटर किन्न अभिप्रेरित गर्ने र त्यसको लागि गाउँपालिकाले सुरुमा निश्चित समयको लागि आवश्यक बजेटको व्यवस्था मिलाउने, अन्तर पालिका भित्रका नमूना विद्यालयहरूमा शैक्षिक भ्रमण गर्ने व्यवस्था मिलाउने, विद्यार्थीहरुमा उद्यमशीलता र व्यवसायिकताको विकास गर्न पालिकाले एउटा उद्यम र व्यावसायिक कोषको व्यवस्था गर्ने जस्ता हुन नसकेको अवस्था छ ।

शैक्षिक फ्ल्यास प्रतिवेदन २०८० अनुसार चौकुने गाउँपालिकामा माध्यमिक शिक्षा सम्बन्धी विवरण निम्नानुसार रहेको छ;

| क्रसं | सूचक / सूचाङ्क | कूल भर्ना दर (GER) | | | खुद भर्ना दर (NER) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | माध्यमिक तह | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| | कक्षा (९-१०) | ८७.६ | ८९.६ | ८८.७ | ७४.२ | ७५.८ | ७५.० | |
| | कक्षा (११–१२) | ४०.३ | ५१.८ | ४५.३ | ३३.७ | ३३.१ | ३३.४ | |

| क्र सं | सूचक / सूचाङ्क | विद्यार्थी उतीर्ण दर | | | कक्षा दोहो-याउने दर | | | विद्यालय छाड्ने दर | | | नयाँ भर्ना दर | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | माध्यमिक तह | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | कक्षा (९-१०) | ८५.९ | ८७.१ | ८६.५ | ७.७ | ६.८ | ७.२ | ४.२ | ३.६ | ३.९ | २.२ | २.५ | २.४ |
| २ | कक्षा (११–१२) | ८३.८ | ८२.२ | ८३.० | ०.० | ०.० | ०.० | ८.० | ८.२ | ८.१ | ८.१ | ९.६ | ८.८ |

लैङ्गिक समता दर (GPI)

| सूचक / सूचाङ्क | GPI कक्षा (९-१०) | GPI कक्षा (११–१२) | GPI कक्षा (९–१२) |
|---|---|---|---|
| माध्यमिक तहका सबै विद्यार्थी | ०.८९ | १.०० | ०.९३ |
| कूल दलित विद्यार्थी संख्या | ०.८६ | ०.९९ | ०.९१ |
| कूल जनजाती विद्यार्थी संख्या | ०.८१ | १.१८ | ०.९५ |
| कूल मदेशी विद्यार्थी संख्या | ०.५० | ०.०० | १.५० |

**शैक्षिक सत्र २०८० अन्तर्गत सबै विद्यार्थीको विवरण**

| क्र सं | माध्यमिक तह | कूल विद्यार्थी संख्या | | | कूल दलित विद्यार्थी संख्या | | | कूल जनजाती विद्यार्थी संख्या | | | कूल मदेशी विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सबै विद्यालयका विद्यार्थी | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | कक्षा (९-१०) | ३३९ | ३८१ | ७२० | १०१ | ११७ | २१८ | ५९ | ७३ | १३२ | १ | २ | ३ |
| २ | कक्षा (११–१२) | २४८ | २४७ | ४९५ | ६७ | ६८ | १३५ | ५३ | ४५ | ९८ | २ | ० | २ |
| | **सामुदायिक विद्यालय** | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | कक्षा (९-१०) | ३३९ | ३८१ | ७२० | १०१ | ११७ | २१८ | ५९ | ७३ | १३२ | १ | २ | ३ |
| २ | कक्षा (११–१२) | २४८ | २४७ | ४९५ | ६७ | ६८ | १३५ | ५३ | ४५ | ९८ | २ | ० | २ |

### ३.३.२ लक्ष्य

मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सीप र दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने ।

### ३.३.३ उद्देश्य

- विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरि माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने,
- आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण मनोरम, बालमैत्री, समावेशी, सुरक्षित र दण्डरहित बनाई माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने,
- आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरुलाई सीपमूलक र प्रविधियुक्त गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्ने,
- विद्यालय पद्धतिलाई विविधता अनुकूल उत्थानशील र जवाफदेही बनाई सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्ने ,
- सिकाइलाई दैनिक जीवनसँग  सम्बन्धित बनाउने व्यवहारिक ज्ञान, सीप अभिवृत्ति प्रदान गर्न सक्ने बनाउन शिक्षकलाई तालिम प्राप्त बनाउने ,
- अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ,
- माध्यमिक तहमा पहुँच, समता, गुणस्तर, आन्तरिक सक्षमता तथा उत्तरदायित्व सुनिश्चित गर्ने ।

### ३.३.४ रणनीतिहरू

- विद्यालयहरूको नक्साङ्कन गर्ने,
- विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्नुका साथै सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुन; वितरण, समायोजन तथा स्थापना गर्ने,
- निःशुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्नुका साथै माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने,
- आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणालीको विकास गर्ने
- माध्यमिक तहको शिक्षण सिकाइ क्रियाकलापमा समालोचनात्मकता, रचनात्मकता, सिर्जनशिलता र उत्पादनशीलतालाई जोड दिने,

- हाल सञ्चालनमा रहेका माध्यमिक विद्यालयहरुमा दैनिक जीवनमा आवश्यक पर्ने र पेसागत तथा व्यवसायिक सीप विकासका लागि कार्यशालाको स्थापना गर्ने,
- प्राज्ञिक अनुगमन र सुपरीवेक्षणको माध्यमबाट शैक्षिक सहायता प्रदान गर्न अनुभवी शिक्षकहरु मध्येबाट स्रोत शिक्षक नियुक्त (Resource Teacher) गर्ने,
- दिने खालका सामग्री र फोटोहरु सङ्कलन गरी सँग्रहालय, पुस्तकालय र प्रयोगशालाको निर्माण गर्ने,
- माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई विभिन्न पेशागत क्षेत्र तथा भावी जीवनको पेशाका विषयमा परामर्श दिने,
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने, माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने, शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,
- विद्यालयहरूलाई प्रकोप,सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने,
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने,
- आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने,
- स्थानीयस्तरमा प्राविधिक तथा व्यवसायिक सीप भएका व्यक्तिहरूको सूची तयार गरी विद्यालयले स्थानीय श्रोतव्यक्तिको रुपमा प्रयोग गर्ने,
- विद्यार्थीहरुमा उद्यमशीलता र व्यवसायिकताको विकास गर्न पालिकाले एउटा उद्यम र व्यावसायिक कोषको व्यवस्था गर्ने,
- गाउँपालिकामा सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालयहरुमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्ने ।

### ३.३.५ उपलब्धि र नतिजा

| उपलब्धि | प्रमुख नतिजा |
|---|---|
| माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा | • सबै बालबालिकाहरूलाई नि:शुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने,<br>• सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने,<br>• माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,<br>• पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने,<br>• माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने, |

| | |
|---|---|
| सुधार हुने छ<br>□ | • माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने,<br>• माध्यमिक विद्यालयहरू प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने,<br>• सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने,<br>• माध्यमिक तहको शिक्षामा सुशासन कायम भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने । |

## ३.३.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका:

| क्र.स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. हजार मा | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | | |
| १ | माध्यमिक तहका शिक्षकहरुको पारिश्रमिक (३७ जना) | पटक | ५ | १ | १ | १ | १ | १ | १९५०० | १९५०० | १९५०० | १९५०० | १९५०० | ९७५०० | सङ्घ |
| २ | माध्यमिक तहकको अंग्रेजी गणित र विज्ञान विषयको शिक्षण सिकाइ अनुदान | पटक | ५ | १ | १ | १ | १ | १ | ८६७० | ८६७० | ८६७० | ८६७० | ८६७० | ४३३५० | सङ्घ |
| ३ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिकाहरूको तयारी र कार्यान्वय | पटक | १ | १ | | | | | १०० | | | | | १०० | पालिका, अन्य साझेदार निकाय |
| ४ | बिद्यालय सेवा क्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकीन गर्ने र सिमाङ्कन भित्रका बालबालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, **पुन: वितरण** तथा समायोजन र स्थापना | पटक | २ | १ | | | १ | २०० | | | | २०० | | ४०० | पालिका, अन्य साझेदार निकाय |
| ५ | प्राविधिक धारको माध्यमिक विद्यालय र विज्ञान विषय अध्यापन गराउने विद्यालय स्थापना गर्ने | ओटा | १ | | १ | | | | १३०० | | | | | १३०० | स्थानीय निकाय |

| क्र.स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. हजार मा | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | | |
| ६ | विभिन्न किसिममा अपांगता भएका विद्यार्थिलाइ सहयोग | पटक | ५ | १ | १ | १ | १ | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | पालिका, अन्य साझेदार निकाय |
| ७ | निःशुल्क शिक्षाको सुनिश्चितताको लागि पाठ्यपुस्तक सहयोग | पटक | ५ | १ | १ | १ | १ | १ | १७०० | १७०० | १७०० | १७०० | १७०० | ८५०० | सङ्घ |
| ८ | विषयगत शिक्षकहरुको समूह गठन गरि क्षमता विकास गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | सङ्घ, स्थानीय तह |
| ९ | माध्यमिक तह गणित, विज्ञान, नेपाली, सामाजिक विषयको शिक्षण सिकाइ अनुदान | पटक | ५ | १ | १ | १ | १ | १ | १०० | १०० | १०० | १०० | १०० | १०० | सङ्घ |
| १० | आपतकालिन तथा सङ्कटपूर्ण अवस्था र महामारीको अवस्थामा वैकल्पिक सिकाइका तरिकाहरु उपयोग गरी निरन्तर सिकाइ कायम गर्ने । | पटक | ५ | १ | १ | १ | १ | १ | ५० | ५० | ५० | ५० | ५० | २५० | स्थानीय तह |
| ११ | माध्यमिक विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्ने । | वटा | ११ | | २ | ३ | ३ | ३ | ६०० | ९०० | ९०० | ९०० | ९०० | ९०० | विकास साझेदार र गाउँपालिका |

| क्र.स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. हजार मा | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | | |
| ११ | | पटक | | | | | | | ३२४२० | ३१३२० | ३१३२० | ३१५२० | ३१३२० | १५७९०० | |

# ३.४ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ

## ३.४.१ वर्तमान अवस्था

संविधानमा भएका प्रावधानहरू सहज कार्यान्वयनका लागि साक्षर र शिक्षित जनसमुदाय प्रमुख आधार हो ।अनौपचारिक शिक्षाको माध्यमबाट साक्षर शिक्षित समुदायलाई संविधानमा भएका हकअधिकार लगायतका प्रावधानहरूबारे सहज प्रशिक्षण गर्न सकिन्छ त्यस्तै दैनिक जीवनमा आइपर्ने कामहरूलाई व्यवस्थित गर्न आवश्यक सूचना र सीप आर्जन गर्न कम्तीमा साक्षर हुनुको विकल्प नभएको हुँदा वर्तमान अवस्थामा अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ क्षेत्रको आवश्यकता चुलिएको छ ।यहि आवश्यकतालाई मध्यनजर गर्दै दिगो विकासका लक्ष्य, २०३०को लक्ष्य नं. ४ मा "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने" लक्ष्य उल्लेख छ।तसर्थ सबै नागरिकले पाउनुपर्ने शिक्षाको हकको कार्यान्वयन गर्न औपचारिक शिक्षा सँगसंगै अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ।अनौपचारिक शिक्षा मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रकृयाको प्रशोधन गर्ने जीवनपर्यन्त सिकाइ प्रणालीको रुपमा स्वीकार्य हुदै आएको छ ।यो जीवनपर्यन्त सिकाइ सापेक्षिक हुन्छ र नेपालमा जीवनपर्यन्त शिक्षालाई साक्षरताको विकास, आत्मनिर्भरता, सामाजिक हित र आयआर्जनको माध्यमका रूपमा लिने गरिईएको छ जीवनभर सिक्न सक्ने र समाजमा भइरहेको विकाससँग घुलमिल हुँदै अगाडि बढ्न मानिसले सिकाइलाई निरन्तरता दिइरहनुपर्नेमा जीवनपर्यन्त सिकाइले जोड दिन्छ।यस गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार ५१२७ जना निरक्षर रहेका छन् ।

यस गाउँपालिकामा अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ अन्तर्गत विभिन्न सम्भावना हुँदाहुँदै पनि केही चुनौती र सीमितताहरू रहेकाछन् ।स्थानीय तहमा अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको केन्द्र बिन्दुको रुपमा सामुदायिक अध्ययन केन्द्रहरू रहेका छन् जसले आर्थिक अभाव झेलिरहेका छन्।नेपाल सरकारले सामुदायिक सिकाइ केन्द्रहरुको स्थापना गरी सो मार्फत् अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गरे तापनि यस पालिकामा सामुदायिक सिकाइ केन्द्रहरू सक्रियरुपमा सञ्चालनमा आउन सकेका छैनन् ।हाल आएर पालिका अन्तर्गत शिक्षा ,युवातथा खेलकुद शाखाको स्थापना भएकोमा साक्षरता सम्वन्धी एकिन तथ्यांक सङ्कलन गर्ने कार्य अगाढी बढाउनु पर्ने देखिन्छ।यस पालिका अन्तर्गतका सिकाइ केन्द्रहरुमा सिकाइका पूर्वाधारहरूको अवस्था सन्तोषजनक छैनन्।तसर्थ, पर्याप्त स्रोत साधन, बलियो नीतिगत व्यवस्था र कानूनी आधार अनि स्थानीयवासी तथा सरोकारवालाको सक्रिय सहभागिता भए मात्र सबैका लागि जीवनपर्यन्त सिकाइ प्रवर्द्धन गर्न सकने देखिन्छ ।

### ३.४.२ लक्ष्य

अनौपचारिक तथा जीवनपर्यन्त सीपमूलक शिक्षालाई समतामूलक, पहुँचयुक्त, गुणस्तरीय , सक्षमतामूलक र सान्दर्भिक बनाउदै विपन्न र पछाडि परेको समुदायको आर्थिक स्तर बढाउने

### ३.४.३ उद्देश्य

- सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गर्दै आवश्यकता अनुसार स्थापना गरि अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- अनौपचारिक तथा निरन्तर एवं जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गरि डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्ने ।
- आय आर्जनका कार्यक्रमहरु सञ्चालन गर्दै समाजमा पछाडि परेको वर्गलाई मूलधारमा ल्याउने

### ३.४.४ रणनीतिहरू

- सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरी आवश्यकता अनुसार स्थापना गर्दै अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।
- अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षा सञ्चालन गर्नका लागि सामुदायिक सिकाइ केन्द्रलाई परिचालन गरिनेछ ।
- गाउँपालिका भित्र पुनः घरधुरिसर्वेक्षण गरि साक्षर, निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गरिनेछ ।
- साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न संङ्घीय सरकार , प्रदेश सरकार र अन्य सङ्घ संस्थासँग सहकार्य र साझेदारिमा कार्यक्रम सञ्चालन गरिने छ।
- निराक्षेर भएका व्यक्तिहरुलाई जीवन उपयोगी  सीपमूलक शिक्षा उपलब्ध गराईने छ ।

### ३.४.५ उपलब्धि र नतिजा

| उपलब्धि | प्रमुख नतिजा |
|---|---|
| सबै नागरिकलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्रासहुने छ । | • साक्षर, निरक्षर लगायत अनौपचारिक शिक्षातथा वैकल्पिक सिकाइसँग  सम्बन्धित तथ्यांक सङ्कलन भइ  अद्यावधिक हुने ।<br>• सामुदायिक सिकाइ केन्द्र सवलीकरण तथा नयाँ स्थापना भई निरन्तर शिक्षा तथा आय आर्जन कार्यक्रम सञ्चालन हुने ।<br>• निरक्षर साक्षर हुने, साक्षरले निरन्तर शिक्षा र जीवनोपयोगी  सीप प्राप्त गर्ने ।<br>• महिला तथा प्रौढहरु आयआर्जन गरि जीवन निर्वाह र स्वावलम्वी तथा आत्मनिर्भर हुने ।<br>• सामुदायिक सिकाइ केन्द्रको सक्रियतामा विद्यालय बाहिर रहेका बालकालिकाहरुलाई निरन्तर शिक्षा प्रदान गरिएको हुने । |

### ३.४.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका:

| क्र.स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. हजारमा | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | | |
| १ | अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | सङ्घ स्थानीय तह, गैसस |
| २ | वडामा एकएक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापना/सुचारु | वटा | ७ | १ | २ | २ | १ | १ | २५० | ५०० | ५०० | २५० | २५० | १७५० | स्थानीय तह, गैसस |
| ३ | सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि तालिम र अनुदान | पटक | ५ | १ | १ | १ | १ | १ | ६० | ६० | ६० | ६० | ६० | ३०० | सङ्घ |
| ४ | प्रौढहरुलाई सीप विकास तालिम र प्रौढहरुबाट सीप परम्परागत सीप हस्तान्तरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने । | पटक | ५ | १ | १ | १ | १ | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | सङ्घ |
| ५ | सामुदायिक सहजकर्ताहरूको पारिश्रमिक | पटक | ५ | १ | १ | १ | १ | १ | ८५८ | १२४८ | १३३८ | १८३३ | १८३३ | ७४१० | सङ्घ, स्थानीय तह |
| ६ | परम्परागत सीप, दक्षता भएका व्यक्तिहरुको सीप परिक्षण गर्ने । | पटक | | ० | १ | १ | १ | १ | ० | ३०० | ३०० | ३०० | ३०० | | गा.पा. र CTEVT |
| | **जम्मा** | | | | | | | | १६६८ | २६०८ | २६९८ | २९४३ | २९४३ | १३१६० | |

## ३.५ प्राविधिक तथा व्यवसायिक शिक्षा

### ३.५.१ वर्तमान अवस्था

वि.सं. २०४५ सालमा प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि ऐन जारी भएपछि प्राविधिक शिक्षालाई नियमन एवं कार्यान्वयन गर्ने गरी स्वायत्त संस्थाका रुपमा यो प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् नामक संस्था स्थापना भएको हो ।उक्त संस्थाबाट सम्बन्धन लिई शैक्षिक संस्थाहरुले विभिन्न विषयका १८ महिने र ३ वर्षे डिप्लोमाका कार्यक्रमहरु सञ्चालन गर्ने गरि प्राविधिक शिक्षा मात्र दिने हेतुले बहुप्राविधिक शिक्षालयहरु खुलेका छन्।राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले नेपालको शिक्षालाई दुई तहमा बाँडेपछि माध्यमिक तर्फ साधारण र प्राविधिक तथा व्यवसायिक धारबाट शिक्षा सञ्चालन गर्ने नीतिगत व्यवस्था बनेको छ ।वर्तमान अवस्थामा कृषि, भेटनरी, सव ओभरसियर, इन्जिनियरिड, चिकित्सा विज्ञान, कम्प्युटर लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेको छ । प्राविधिक तथा व्यवसायिक शिक्षाका अवसरहरूमा सबै लिंग, अपाङ्गता, गरिवी, सीमान्तकृत आर्थिक सामाजिक रुपले पछि परेको समुदाय लगायतका सबै बर्गको समतामूलक पहुँच, सहभागिता र सिकाइ उपलव्धिमा सुधार गर्दै श्रम बजार सँग आवद्ध गर्नुपर्ने देखिन्छ।नेपालको संविधान २०७२ को आकाङ्क्षा पुरा गर्नका लागि राष्ट्रिय योजना आयोगले नौ वटा राष्ट्रिय लक्ष्य अन्तर्गत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व तय गरि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विस्तारमा जोड दिएको पाईन्छ।राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरिएको छ ।

यस चौकुने गाउँपालिकामा सम्भाव्यताको आधारमा व्यवसाय-सीप वा प्राविधिक क्षेत्रसँग सम्बन्धित पढाइ वा सीप विकास तालिम, औपचारिक विद्यालय वा अनौपचारिक तालिम केन्द्रको व्यवस्था गर्नुपर्ने देखिन्छ ।परम्परागत स्थानीय-रैथाने सीप, व्यवसाय तथा प्रविधिको खोजी गर्ने, पहिचान गर्ने, संरक्षण गर्ने, प्रयोग गर्ने जस्ता कार्यलाई प्राथमिकतामा राखेर काम गर्न सीप तथा प्रविधि शाखा स्थापना गर्नुपर्ने देखिन्छ । आधुनिक व्यवसाय वा प्रविधि र सीपलाई स्थानीय प्रविधिसँग जोड्नु पर्ने, प्रविधि विकास, प्रयोग र उपभोगमा प्राथमिकता दिनुपर्ने, शिक्षा र प्रविधिहरुलाई स्थानीय पाठ्यक्रमसँग जोड्नुपर्ने, तथा आवश्यकता अनुसार गाउँपालिका स्तरमा प्रविधिशाला स्थापना गर्नुपर्ने देखिन्छ ।

### ३.५.२ लक्ष्य

उत्पादनशील जनशक्तिलाई आवश्यकताअनुसारका व्यावसायिक तथा पेसागत क्षेत्रहरूमा प्रयाप्त दक्षता हासिल हुने गरी सीपमूलक शिक्षा र तालिम उपलब्ध गराई नागरिकको आर्थिक स्तरमा सुधार ल्याउने।

### ३.५.३ उद्देश्य

- विद्यालय शिक्षाबाट बाहिर रहेका व्यवसायिक तथा प्राविधिक शिक्षामा रहर भएका किशोर किशोरी तथा युवा युवतीहरुलाई रोजगार तथा स्वरोजगार हुन सहयोग गर्ने छोटो तथा लामो अवधिका व्यवसायिक र प्राविधिक सीपको तालिम प्रदान गर्ने
- स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सीप विकासका अवसर सिर्जना गर्न संयन्त्र विकास गरि पहुँच अभिवृद्धि गर्ने,
- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासका अवसर सिर्जना गर्न संयन्त्र विकास गर्ने,

### ३.५.४ रणनीतिहरू

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने,
- विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,
- स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने ।
- स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको अवसर सिर्जना गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने,
- आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाटआत्म निर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने,
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी / जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने

### ३.५.५ उपलब्धि र नतिजा

| उपलब्धि | प्रमुख नतिजा |
|---|---|
| उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुने छ । | • स्थानीय स्तरमा रहेका परम्परागत सीपहरूको पहिचान, प्रमाणिकरण तथा प्रवर्द्धन हुने,<br>• बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपको खोजी, प्रमाणिकरण तथा उपयोग हुने वातावरण सिर्जना हुने,<br>• खोज, नवपर्वर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुने,<br>• उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि हुने,<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीपका क्षेत्रमा सार्बजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि हुने<br>• स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक सीपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुने,<br>• स्थानीय तहमा बहुप्राविधिक शिक्षालय/प्राविधिक धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चालन हुने,<br>• स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिने |

### ३.५.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका:

| क्र.सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि विद्यालय स्थापना गर्ने । | पटक | १ | | १ | | | | | १००० | | | | १००० | सङ्घ, स्थानीय तह |
| २ | माध्यमिक तथा आधारभूत विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना | विद्यालय | ५ | १ | १ | १ | १ | १ | ६५० | ६५० | ६५० | ६५० | ६५० | ३२५० | सङ्घ |
| ३ | छोटो अवधिका सीपमूलक तालिमहरू सञ्चालन | पटक | ४ | | १ | १ | १ | १ | | १००० | १००० | १००० | १००० | ४००० | सिटिईभीटि |
| ४ | विद्यालयमा ICT को व्यबस्थापन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | सङ्घ, स्थानीय तह |
| ५ | आवश्यकता अनुसार प्रत्यक विद्यालयमा कम्पुटर शिक्षकको व्यबस्थापन गर्ने | पटक | ४ | | १ | १ | १ | १ | | ५०० | ५०० | ५०० | ५०० | २००० | सङ्घ, स्थानीय तह |
| ६ | प्राविधिक र व्यावसायिक शिक्षा सम्वन्धी पालिका स्तरिय नीतिको तर्जुमा | पटक | १ | १ | | | | | १०० | | | | | १०० | स्थानीय तह |
| | **जम्मा** | | | | | | | | १२५० | ३६५० | २६५० | २६५० | २६५० | १२८५० | |

# परिच्छेद ४ : अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ पाठ्यक्रम र पाठ्यसामाग्री

### ४.१.१ वर्तमान अवस्था

यो चौकुने गाउँपालिकामा वि सं २०८० देखि कक्षा १ देखि ५ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयनमा ल्याइएको छ भने पाठ्यपुस्तक निर्माण गर्ने प्रक्रियामै छ। त्यसैगरी शैक्षिक सत्र २०७९ देखि आधारभूत तह कक्षा ६-८ को स्थानीय पाठ्यक्रम पनि तयार गरी लागू गरिएको छ। पाठ्क्रम तथा पाठ्पुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का लागि अनिवार्य विषयका पाठ्यपुस्तक प्रदान गर्ने नेपाल सरकारले नि:शुल्क व्यवस्था मिलाएको छ । विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ । पाठ्क्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १- ३ मा अन्तर सम्वन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास तालिम लिनुपर्ने व्यवस्था गरिएको छ। परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तह सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ । सबै कक्षामा अक्षराङ्कन पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ। राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको न्यूनतम कार्यक्रमबाट सबै विद्यालयमा शिक्षण सिकाइ सामाग्रीको व्यवस्थापन गरिएको छ । चौकुने गाउँपालिका १० वटा सामुदायिक विद्यालयमा मगर भाषाको पठन पाठन सुरुवाती चरणमा रहेको छ भने १ देखि ५ सम्मको पाठ्पुस्तकको तयार गर्ने योजना अनसार कक्षा ३ सम्म निर्माण भैसकेको छ । आगामी वर्ष ४ र ५ को पाठ्यक्रम निर्माणको चरणमा रहेको छ।माध्यमिक तहसम्म नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था, शिक्षक निर्देशिकाको व्यवस्था, परीक्षा र मूल्याङ्कन प्रणालीमा सुधार, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ को निर्माण र कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमको व्यवस्था, पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका अवसरहरू रहेका छन् । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शिक्षकको व्यवस्था गर्नु चुनौतिका रूपमा रहेको छ । त्यसैगरी स्थानीय पाठ्क्रम र पाठ्यसामाग्री विकासका लागि क्षमता विकास गर्नु, सबै शिक्षकलाई नयाँ पाठ्क्रमको अभिमुखीकरण गर्नु, पाठ्क्रमलाई समय अनुसार अद्यावधिक गर्नु पनि चुनौतिका रूपमा रहेका छन् । अपाङ्गता, अनाथ असहाय भएका बालबालिकाको लागि अनुकूलको पाठ्यसामग्रीको व्यवस्था गर्ने आदि पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका चुनौतिहरू रहेका छन् ।

### ४.१.२ लक्ष्य

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सीप अभिवृत्तिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार हुने ।

### ४.१.३ उद्देश्य

- स्थानीय पाठ्यक्रमको पाठ्यसामग्री निर्माण गरि प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक परिवेश अनुसार सिकारुमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण गर्नु,
- सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,

### ४.१.४ रणनीतिहरू

- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गरिने,
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने,
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गरिने,
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिने,
- विद्यालयहरुमा विपत् जन्य जोखिम र न्यूनिकरणका उपायहरु प्रयोगात्मक कृतिक घटना अभ्यास मार्फत सिक्ने र सिकाउन तालिम सञ्चालन गर्ने,
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने,
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइने,
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने,
- स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरिने ।
- कमजोर विद्यार्थीको पहिचन गरि सिकाइ आपुरण गर्न योजना बनाई कार्यान्वयन गर्ने ।

### ४.१.५ उपलब्धि र नतिजा

| उपलब्धि | प्रमुख नतिजा |
|---|---|
| पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइ प्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार हुने छ । | • पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुने सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुने,<br>• पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक परिवेश अनुसार सिकारुमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण भएको हुने,<br>• सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन हुने,<br>• स्थानीय पाठ्यक्रमको पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने,<br>• पाठ्यक्रम अभिमुखीकरण र शिक्षक तालिम सहित शिक्षक पेसागत सहयोग हुने,<br>• कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कनमा डिजिटल सामग्रीको प्रयोग भएको हुने,<br>• निःशुल्क पाठ्यपुस्तक र बहुपाठ्यपुस्तकको प्रयोग तथा कार्यान्वयन हुने,<br>• माध्यम भाषाका रूपमा मातृभाषाको प्रयोग हुने,<br>• सुपरिवेक्षण तथा अनुगमनका क्रियाकलापहरूको वृद्धिका साथै व्यवस्थापनमा सुदृढीकरण हुने,<br>• एकीकृत पाठ्यक्रमको मूल्याङ्कन प्रणाली प्रभाबकारी रुपमा कार्यान्वयन भएको हुने,<br>• शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको प्रयोग भएको हुने |

## ४.१.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका:

| क.स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. | कार्यान्वय न गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | स्थानीय पाठ्यक्रम परिमार्जन, प्रबोधिकरण तथा पाठ्यपुस्तक निर्माण । | पटक | ५ | १ | १ | १ | १ | १ | २४० | ७०० | ७०० | ७०० | ७०० | ३०४० | पालिका, अन्य साझेदार निकाय |
| २ | नयाँ पाठ्यक्रममा आधारित शिक्षक तालिम र पुनर्ताजगि तालिम । | पटक | ५ | १ | १ | १ | १ | १ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | स्थानीय निकाय, समुदाय र गैसस |
| ३ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | १५ | ३ | ३ | ३ | ३ | ३ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | स्थानीय निकाय, समुदाय र गैसस |
| ४ | पढाइ मैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग: सबै विद्यालयका कक्षा १ देखि ३ | पटक | ५ | १ | १ | १ | १ | १ | २०० | २०० | २०० | २०० | २०० | १००० | सङ्घ, स्थानीय निकाय |
| ५ | बालिकासको लागि सामग्री वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | स्थानीय निकाय |

| **क.स** | **नतिजा अनुसार प्रमुख कार्यक्रम** | **५ बर्षको लक्ष्य** | | **क्रियाकलापको कार्य योजना/ वर्ष** | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. | कार्यान्वय न गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| ६ | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग **सम्बन्धित** तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | १५० | १५० | १५० | १५० | १५० | ७५० | स्थानीय निकाय |
| | **जम्मा रु.** | | | | | | | | १३४० | १७५० | १७५० | १७५० | १७५० | ८३४० | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

यस गाउँपालिका अन्तर्गतका सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकहरु तालिम प्राप्त भएपनी वदलिँदो परिवेश अनुसार विज्ञान, गणित र अङ्ग्रेजी विषयमा सूचना प्रविधिको प्रयोगमा तालिम प्राप्त शिक्षकको अभाव छ । विद्यालयमा विद्यार्थीहरुको अनुपातमा जनशक्ति व्यवस्थापन र विषयगत शिक्षकको अभाव रहेको छ । वर्तमान अवस्थामा प्राथमिक तहका विद्यालयहरु र कक्षाका आधारमा शिक्षक अपुगहुनु, विषयका आधारमा, सङ्ख्याका आधारमा, माग अनुसारका सीपयुक्त जनशक्ति नहुनुले शिक्षक व्यवस्थापन र विकासमा चुनौती देखिएको छ ।यस सन्दर्भमा शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि गर्नु पर्ने; विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि शिक्षकको क्षमता विकास गर्नु पर्ने; शिक्षक पेसागत सहयोग तथा असल अभ्यासको थालनी गर्नुपर्ने; शिक्षकको सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकीकरण गर्नुपर्ने; शिक्षक दरबन्दी मिलान तथा पुन; वितरण आदि गर्नु पर्ने जस्ता वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतिहरूको पहिचान गरि शिक्षक ब्यवस्थापन र विकासलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

### ४.२.२ लक्ष्य

**गुणस्तरीय** शिक्षाका लागि योग्य, व्यावसायिक रुपमा दक्ष, पेसाप्रति उत्प्रेरित, प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित हुने ।

### ४.२.३ उद्देश्य

- सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गरि शिक्षक नियुक्ति र पुन; वितरणलाई सुदृढ बनाउनु,
- विषयवस्तुमा निपुर्ण शिक्षकको सुनिश्चितताबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु,
- सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु
- एक कक्षा एक शिक्षकको व्यबस्थापन गर्नु,

### ४.२.४ रणनीतिहरू

- शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सीप विकास सम्बन्धी सेवाकालीन तालिमका लागि संङ्घीय र प्रदेश सरकारसँग समन्वय गरिने,

- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत शिक्षक दरबन्दी मिलान तथा पुन; वितरण कार्य गरिने,
- विद्यमान स्रोत र साधनलाई मध्यनजर गरी स्वयम्सेवक र शिक्षण सिकाइ अनुदानका शिक्षक परिचालन गरिने,
- प्रति विद्यार्थी लागतका आधारमा प्रवाह हुने अनुदान खर्चलाई शिक्षण सिकाइ सामग्री व्यवस्थानमा आवद्ध गरिने,
- शिक्षण सिकाइ नतिजाको आधारमा विद्यालय र शिक्षकलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,
- दिवा खाजालाई व्यवस्थित गर्न भान्सेलाई अभिमुखीकरण तालिम सञ्चालन गर्ने,
- शिक्षकहरूलाई अभिप्रेरित गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने,
- शिक्षक सरूवा तथा पदस्थापनलाई आवश्यकतामा आधारित बनाइने,
- विषयगत शिक्षक समूह निर्माण, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट सहयोगको पद्धतिको विकास गरिने,
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने,
- शिक्षक एकद्वार प्रणालीबाट नियुक्त गर्ने,
- कार्यसम्पादनका आधारमा शिक्षकलाई दण्ड र पुरुस्कारको व्यबस्थापन गर्ने ।
-

### ४.२.५ उपलब्धि र नतिजा

| उपलब्धि | प्रमुख नतिजा |
|---|---|
| सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने छ | • राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने,<br>• शिक्षक तयारीका कोर्षहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइ सम्बन्धी सक्षमता विकास हुने,<br>• शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,<br>• पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने,<br>• शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने,<br>• शिक्षकको उपस्थिति, शिक्षण विधितथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने,<br>• शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनः वितरण हुने,<br>• शिक्षकको छोटो माध्यमबाट शिक्षक नियुक्ति हुने,<br>• शिक्षकको पेशागत विकासमा सहयोग गर्न शिक्षक सहयोग समूह गठन भएको हुने |

| उपलब्धि | प्रमुख नतिजा |
|---|---|
| | • शिक्षक मेन्टरिङ तथा अतिरिक्त कक्षा सञ्चालन भएको हुने<br>• विषयगत शिक्षकहरुको क्षमता विकास भएको हुने<br>• शिक्षकको बृत्ति विकासका लागि परादर्शी, र वस्तुनिष्ठ आधार सहितको पद्धति स्थापित हुने । |

## ४.२.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना

| क्र.स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान तथा पुन; वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | १० | १० | १० | १० | १० | ५० | स्थानीय तह |
| २ | शिक्षक अभाव पूर्तिको लागि स्वयम् सेवक शिक्षक परिचालन | जना | ५० | १० | १० | १० | १० | १० | २६०० | २६०० | २६०० | २६०० | २६०० | १३००० | स्थानीय तह |
| ३ | पाठ्यक्रम सम्बन्धी अभिमुखीकरण नवनियुक्त शिक्षकको लागि सेवा प्रवेश तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | सङ्घ, स्थानीय तह |
| ४ | शिक्षकहरुका लागि सूचना प्रविधिमा आधारित तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | १८० | १८० | १८० | १८० | १८० | ९०० | सङ्घ, स्थानीय तह |
| ५ | विषयगत शिक्षक विज्ञ समूह गठन र परिचालन अनुभवी शिक्षक वा समकक्षी शिक्षकबाट सुपरिवेक्षण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | सङ्घ, स्थानीय तह |
| ६ | शिक्षकको पेशागत सहयोग प्रणाली | पटक | ५ | १ | १ | १ | १ | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | स्थानीय तह |

| **क्र. स** | **नतिजा अनुसार प्रमुख कार्यक्रम** | **५ बर्षको लक्ष्य** | | **क्रियाकलापको कार्य योजना/ वर्ष** | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| ७ | सिकाइको विश्वव्यापी ढाँचा सम्बन्धी पालिका स्तरीय अभिमुखीकरण कार्यक्रम | पटक | ३ | १ | | | १ | १ | ३०० | | | ३०० | ३०० | ९०० | स्थानीय निकाय, समुदाय र गैसस |
| ८ | असल अभ्यासको अवलोकन भ्रमण | पटक | २ | | १ | | १ | | | ३०० | | ३०० | | ६०० | स्थानीय तह |
| ९ | शिक्षक मेन्टरिङ तथा कोचिङ कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | सङ्घ, स्थानीय तह |
| १० | उत्कृष्ठ विद्यालय र शिक्षक प्रोत्साहन | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | सङ्घ र गापा |
| | **जम्मा** | | | | | | | | ४७९० | ४७९० | ४७९० | ४७९० | ४७९० | २३९५० | |

# ४.३ शैक्षिक समता र समावेशीकरण

## ४.३.१ वर्तमान अवस्था

शिक्षा पउनु सबै बालबालिकाको नैसर्गिक अधिकार भएको हुँदा नेपालको संविधान (२०७२) को धारा ३१ ले यो अधिकारलाई स्थापित गरेको छ। सबै वर्ग र क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि समावेशी शिक्षा आजको उपयुक्त र सान्दर्भिक मुद्दा बनेको छ। यसै सन्दर्भमा, अपाङ्गता भएका र आर्थिक रूपले विपन्नका हकमा भने उच्च शिक्षासम्मै निःशुल्क हुनुपर्छ। दृष्टिविहीन नागरिकले ब्रेललिपि तथा बौद्धिक अपाङ्गता भएकाले साङ्केतिक भाषा मार्फत निःशुल्क शिक्षा पाउने हक सुरक्षित गरिएको छ। प्रत्येक समुदायलाई मातृभाषामा शिक्षा पाउने, त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने हक संविधानले दिएको छ सानो समाजको रूपमा हेरिने विद्यालयदेखि नै समावेसी शिक्षा विकासको अभ्यास गर्ने हो भने तिनै बालबालिकाले निर्माण गर्ने भविष्यको समाज पनि बृहदरूपमा समावेशी समाज बन्नसक्ने कुरामा विश्वास गर्न सकिन्छ। फरक क्षमता भएका, भिन्न बालबालिकारु अन्य बालबालिकाभन्दा फरक भएतापनि उनीहरूलाई भिन्नै विद्यालयको परिकल्पनागर्दा समाजबाट अलग हुने सम्भावनालाई काम गरि अन्य व्यक्ति जस्तै समाजमा सँगै हुर्कने, बढ्ने, पढ्ने एवं सँगसँगै प्रतिस्पर्धी बन्ने अवसरलाई सुनिश्चित गर्न शैक्षिक समता र समावेशीकरणको अभ्यासले मद्धत गर्दछ ।

एकल अधिकार अन्तर्गत संविधानले स्थानीय सरकारलाई माध्यमिक तहसम्मको जिम्मेवारी दिएको छ। शिक्षामा विशेष व्यवस्था गर्न स्थानीय तहहरूलाई ऐन–कानून र निर्देशिका बनाएर लागू गर्ने अधिकार रहेको छ। बालविकास केन्द्रदेखि माध्यमिक तहसम्म गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित भए त्यसैबाट उच्च शिक्षामा विशेष गरी दलित र आदिवासी जनजाति अन्तर्गत पनि लोपोन्मुख र सीमान्तीकृतको पहुँचका लागि बलियो आधार तयार हुने गर्दछ। नागरिकबीचका यस्ता असमानता हटाउन सरकारले आरक्षणसँगै सकारात्मक विभेदको नीति अवलम्बन गरे पनि त्यसको कार्यान्वयमा देखापरेका विभिन्न अवोरोधका करण पर्याप्त देखिँदैन ।यस गाउँपालिकामा विपन्न दलित, पिछडिएका समुदायका र अपाङ्गता भएका बालबालिकाहरूको विद्यालय छाड्ने दर बढी हुनु, माध्यमिक शिक्षा पूरा गर्नेको दर कम हुनु, विद्यालयमा उपस्थिति र शिक्षण सिकाइमा सक्रियताको दर कम रहेको अवस्था विद्यमान छ। यस परिपेक्षमा, शिक्षा प्राप्त गर्नु सबै बालबालिकाको नैसर्गिक अधिकार भएकोले जातजाति, भाषाभाषी, लिङ्ग, धर्म, संस्कृति तथा शारीरिक बनावट आदि कुनै कुराको आधारमा भेदभाव नगरी सबैलाई सहज र सरल तरिकाले अध्ययन गर्नसक्ने वातावरण सिर्जना गर्नु आजको आवश्यकता भएको हुँदा विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित गरी समान सहभागिता वृद्धि गर्नु यस योजनाको एक मुख्य उद्देश्य रहेको छ। यो शिक्षा योजनाको उप-क्षेत्र अन्तर्गत, कुनै प्रकारको विशेष आवश्यकता भएका बालबालिकाहरूलाई समेत सहज हुने गरी कक्षाकोठाको व्यवस्था मिलाइनेछ। विपन्न दलित, पिछडिएका समुदायका र अपाङ्गता भएका बालबालिकाहरूप्रति गरिनुपर्ने व्यवहारका बारेमा शिक्षकहरूलाई तालिम प्रदान गरिने र सकेसम्म सहज एवम् सिकारुमैत्री वातावरण सिर्जना गर्न प्रयास गरिनेछ ।

### ४.३.२ लक्ष्य

आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको वर्गको शिक्षामा समतामूलक पहुँच, सहभागिता, गुणस्तर लाई सुनिश्चित गरी शैक्षिक सुशासनमा जोड दिई सबै प्रकारका विभेदलाई हटाउने

### ४.३.३ उद्देश्य

- विविधता, समता र समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्न विद्यमान संरचनाहरूलाई जवाफदेही बनाई विद्यालय शिक्षामा भेदभाव रहित शिक्षा सेवा पहुँच र सहभागिता सुनिश्चित गर्ने,
- विद्यालयहरूमा कुनै प्रकारको हिंसा, विभेद र दुर्व्यवहार हुन नदिने वातावरण सिर्जना गरि लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गर्ने र गुणस्तर सुधार गर्ने,
- शैक्षिक सुशासन कायम गर्न विद्यालय तथा विभिन्न सङ्घसंस्था र कार्यालयहरूलाई जवाफदेही बनाउने

### ४.३.४ रणनीतिहरू

- बालबालिकाहरूको सबै प्रकारको विवरण सङ्कलन गरी बालबालिकाहरूको अवस्था र आवश्यकता पहिचान गरी सो अनुरूप पहुँच र सहभागिताको प्रबन्ध मिलाइनेछ ।
- सबै खाले विद्यालयमा लैङ्गिक, बालमैत्री, पहुँचमैत्री भौतिक एवम् शैक्षिक वातावरणको विकास गरी सबै बालबालिकाहरूलाई विद्यालय शिक्षाको अवसर उपलब्ध गराइनेछ ।
- छात्रवृत्ति, पाठ्यपुस्तक, सिकाइ सामग्री, स्वास्थ्य तथा पोषण कार्यक्रम, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा र किशोरीलक्षित महिनावारी स्वच्छता सम्बन्धी सेवा प्रदान गरिनेछ
- पुन प्रयोग गर्न मिल्ने सेनिटरी प्याडको तालिम सञ्चालन गर्ने ।
- आधारभूत तहमा बहुभाषिक माध्यमबाट सिकाइको अवसर प्रदान गरिनेछ ।
- बालमैत्री वातावरण सिर्जना गरी अध्यापन गराईने ।

### ४.३.५ उपलब्धि र नतिजा

| उपलब्धि | प्रमुख नतिजा |
|---|---|
| समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र जोखिममा | • पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता र समावेशिता अभिवृद्धि हुने ।<br>• विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको अभिलेख अद्यावधिक हुने । |

| | |
|---|---|
| रहेका बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुने छ । | • विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल शैक्षिक सुशासन कायम गर्न सबै संरचनाहरू जवाफदेही हुनेछन् ।<br>• विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैकालागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।<br>• लक्षित समूहले तोकिए बमोजिम छात्रावृत्ति एव प्रोत्साहन प्राप्त गरेको हुने ।<br>• विद्यालयहरूमा लैङ्गिक, जातीय, सामाजिक एवं सबै प्रकारका विभेदको अन्त भई बालमैत्री वातावरण सिर्जना हुने ।<br>• अपांग तथा अनाथ आवासिय विद्यालय सञ्चालन आएको हुने ।<br>• विद्यालयको गुनासो सुनुवाइको संयन्त्र सक्रिय भएको हुने ।<br>• माध्यमिक विद्यालयहरुका लैङ्गिक सम्पर्क व्यात्तिको व्यवस्था भएको हुने ।<br>• बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन हुने छ ।<br>• सरकारी सेवामा महिलाको पुहुँच विस्तारको लागि कार्यक्रम सञ्चालन भएको हुने । |

**४.३.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका:**

| क्र. सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. हजार मा | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | | ४ | ५ | १ | २ | ३ | ४ | ५ | | |
| १ | शिक्षाको मूल प्रबाह बाहिर रहेका र नरहेका सबै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५० | ५० | ५० | ५० | ५० | २५० | नैसस र स्थानीय तह |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | सबै प्रकारका विभेदको अन्तकालागि सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | गैसस र स्थानीय |
| ३ | लक्षित बर्गको लागि छात्रावृत्ति वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | १५० | १५० | १५० | १५० | १५० | ७५० | सङ्घ |
| ४ | विद्यालयमा गुनासो सुनुवाई अधिकारीको ब्यबस्था सहित प्रणालीको व्यवस्था गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | गैसस र स्थानीय तह |
| ५ | विद्यालयमा विभिन्न प्रकारका बालक्लब गठन | पटक | ५ | १ | १ | १ | १ | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | गैसस |
| ६ | विद्यालयमा जिम्मेवारी सहितको लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने | पटक | २ | १ | | | १ | | ५० | | | ५० | | १०० | गैसस र स्थानीय |
| ७ | विद्यालयबाहिरका बालबालिकाहरू रहेका विपन्न दलित, पिछडिएका समुदायमा वि व्य स, अभिभावक, शिक्षकहरूको संलग्नतामा घरदैलो कार्यक्रम सञ्चालन गर्ने । | पटक | १३ | १ | ३ | ३ | ३ | ३ | १५० | १५० | १५० | १५० | १५० | ७५० | गैसस र स्थानीय तह |
| ८ | बालिका तथा समावेशी शिक्षा सञ्जाल सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | स्थानीय |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | लागुपदार्थ दुर्व्यशनी सचेताना कार्यक्रम सञ्चालन (आधारभूत र माध्यमिक विद्यालयहरुमा) | पटक | ९ | १ | २ | २ | २ | २ | १०० | १०० | १०० | १०० | १०० | ५०० | स्थानीय तह |
| १० | छात्राहरुका लागि निःशूल्क सेनिटरी प्याड वितरण तथा सुरक्षित रुपमा व्यवस्थापन र पुन प्रयोग गर्न मिल्ने प्याड निर्माण तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | १९२५ | १९२५ | १९२५ | १९२५ | १९२५ | ९६२५ | सङ्घ |
| ११ | दलित तथा अति विपन्न छात्राहरूलाई सरकारी तथा सार्वजनिक सेवामा पहुँच | पटक | ५ | १ | १ | १ | १ | १ | २०० | २०० | २०० | २०० | २०० | १००० | स्थानीय तह |
| १२ | शिक्षकलाई आवश्यकता अनुसार समता र समावेशीरूपमा पेशागत तालिमको व्यवस्थापन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | २०० | २०० | २०० | २०० | २०० | १००० | स्थानीय तह |
| १३ | विपन्न दलित, लोपोन्मुख र अति विपन्न छात्राहरूलाई माध्यमिक तथा उच्च शिक्षा अध्ययन छात्रवृत्ति | पटक | ५ | १ | १ | १ | १ | १ | २०० | २०० | २०० | २०० | २०० | १००० | स्थानीय तह |
| १४ | प्रति विद्यार्थी लागतका आधारमा विद्यालय अनुदान | पटक | ५ | १ | १ | १ | १ | १ | २९०० | २९०० | २९०० | २९०० | २९०० | १४५०० | सङ्घ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | विद्यालय छात्रावृत्ति (दलित, अपाङ्ग र छात्रा) | पटक | ५ | १ | १ | १ | १ | १ | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | १७५०० | सङ्घ |
| | | | | | | | | जम्मा | १८२५ | १७७५ | १७७५ | १८२५ | १७७५ | ५८१७५ | |

## ४.४ विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

बालबालिकाको शैक्षिक पहुँच, सहभागिता र सिकाइ स्तर अभिवृद्धि गर्न र उनीहरूको स्वास्थ्य तन्दुरुस्त राख्न सामुदायिक विद्यालयमा खाजा कार्यक्रम सञ्चालित छ । तात्कालिक रूपमा बालबालिकाको भोक न्यूनीकरण गर्दै उनीहरूको पोषण तथा स्वास्थ्य स्थितिमा सुधार गरी शैक्षिक पहुँच, सहभागिता, निरन्तरता र सिकाइ स्तर समेत अभिवृद्धि गर्ने दीर्घकालीन लक्ष्यका साथ दिवा खाजा कार्यक्रम आधारभूत विद्यालय तहमा विगत केही वर्ष देखि कार्यान्वयनमा छ। यसको दायरा प्रतिवर्ष विस्तार हुँदै गएको छ । नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क हुने र प्रत्येक नागरिकलाई खाद्य सुरक्षा समेत प्रत्याभूत गरेको छ। दिगो विकासका लक्ष्यमा गरिबी न्यूनीकरण, भोक उन्मूलन र सबैलाई गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गर्ने राष्ट्रिय प्रतिबद्धता व्यक्त गरिएको छ। आर्थिक रूपमा विपन्न, मानव विकास सूचकाङ्कमा पछि परेका समुदायका बालबालिकालाई दिवा खाजासहित निःशुल्क शिक्षा सुनिश्चित गरिने व्यवस्था अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले गरेको छ ।

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु आवश्यक हुन्छ  विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने भएको हुँदा आवश्य परिपाटीको व्यबस्था मिलाउनु सम्बन्धित स्थानीय तह र विद्यालयको जिम्मेवारी भित्र पर्दछ । यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक प्रभाव पर्ने भएको हुँदा आवश्यकता अनुरुप सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ ।

यस चौकुने गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा भर्ना दर बृद्धि गर्ने, शिक्षाको पहुँचमा पुर्याने, स्वास्थ्य, पोषणमा सुधार ल्याउने, कक्षा छोड्ने र दोहोर्याउनेको अन्त्य गर्ने, नियमितता गराउने र सामुदायिक विद्यालयमा आकर्षण गराउने उद्देश्यले बालबालिकालाई दिवा खाजा उपलब्ध गराउँदै आएका छन्दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत बिभिन्न प्रयासहरूको बाबजुद यस गाउँपालिकामा

अन्तर्गतका विद्यालयहरूमा दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई अझै व्यवस्थित गर्नुपर्ने; सबै विद्यालयमा स्वास्थ्य कर्मीको व्यवस्था गर्नु पर्ने; विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्नु पर्ने; विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्नु पर्ने; र सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्नु पर्ने जस्ता चुनौतीहरू पहिचान गरीएको छ ।

### ४.४.२ लक्ष्य

- विद्यालयमा अध्ययनरत बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गरि मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिताको सुनिश्चित गर्ने ।

### ४.४.३ उद्देश्य

- बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
- स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.४ रणनीतिहरू

- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरुको विस्तार गरिने छ ।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध मिलाईने छ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, छात्राहरूका लागि महिनावारी स्वच्छताको व्यबस्थापनलाई प्रभावकारी बनाईनेछ ।
- दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित वस्तुहरुलाई प्राथमिकता दिइनेछ।
- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गरिनेछ ।
- दिवा खाजाको लागि अन्नदान/ दान पेटिका खडा गरि अभिभावकसँग समन्वय गरिनेछ ।दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनका साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाइनेछ प्रत्येक महिनाको एक दिन पोषण कक्षा सञ्चालन गर्ने ।

- स्थानीय उत्पादनमा आधारित दिवा खाजाको असल अभ्यासका लागि अन्तर विद्यालयअवलोकन भ्रमण गर्ने ।

### ४.४.५ उपलब्धि र नतिजा

| उपलब्धि | प्रमुख नतिजा |
|---|---|
| विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित र रमाइलो सिकाइको वातावरणमा पूर्ण पहुँच तथा सहभागिता भएको हुनेछ । | • विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यवस्था हुनेछ ।<br>• विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, किशोरीहरूका लागि महिनावारी स्वच्छताको परिपाटी नियमितरुपमा मिलाइएको हुनेछ ।<br>• विद्यालय खाजाविद्यार्थीको अधिकारका रूपमा स्थापित भएको हुने ।<br>• दिवा खाजालगायत स्वास्थ्य तथा पोषण तीनै तह र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियामक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार भएको हुने ।<br>• सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयका सबै कक्षाका विद्यार्थीहरूले अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्तभएको हुने ।<br>• क्रमिक रुपमा सबै विद्यालयहरुमा खाजा तयारी भवन निर्माण भएको हुने छ ।<br>• दिवा खाजामा स्थानीय स्तरमा उत्पादन भएको खाद्यवस्तुको प्रयोग भएको हुने । |

## ४.४.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका:

| क्र.सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. हजारमा | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी मापदण्ड तर्जुमा तथा कार्यान्वयन | पटक | १ | १ | | | | | १०० | | | | | १०० | स्थानीय तह |
| २ | सबै विद्यालयमा दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | २०० | २०० | २०० | २०० | २०० | १००० | स्वास्थ्य र शिक्षा शाखा, गैसस |
| ३ | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आपूर्तिको लागि स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | पटक | १ | | १ | | १ | | | ५०० | | ५०० | | १००० | कृषि, शिक्षा, पशु र सहकारी शाखा |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त साबुन तथा सफाइ सामग्रीको व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | गैसस, स्थानीय तह |
| ५ | निमावि विद्यालयहरुका दिवा खाजा व्यवस्थानको लागि भाँडाकुँडा र चमेना गृह निर्माण | पटक | ११ | २ | २ | ३ | २ | २ | २०० | २०० | ३०० | २०० | २०० | ११०० | गैसस, स्थानीय तह |
| ५ | दिवा खाजा | पटक | ५ | १ | १ | १ | १ | १ | १३९०० | १३९०० | १३९०० | १३९०० | १३९०० | ६९५०० | सङ्घ |
| | **जम्मा** | | | | | | | | १४५०० | १४९०० | १४५०० | १४९०० | १४४०० | ७३२०० | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनिकरण तथा उत्थानशिलता

### ४.५.१ वर्तमान अवस्था

आपतकालीन तथा सङ्कटपुर्ण अवस्थामा बालबालिकाले सिक्न पाउने अधिकारको सुनिश्चितताको लागि आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षाको सन्दर्भ जोडिएको हुन्छ □यस अवधारणा अन्तर्गत शिक्षा क्षेत्रमा देखापर्ने सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्काल विद्यालय तहको शिक्षा सेवाको सुचारुपनाको व्यवस्थापन, आपतकाल पश्चात क्षतिको आपूरण सम्वन्धी कार्यढाँचालाई समेटेर यो उप-क्षेत्र अन्तर्गत लक्ष्य, उद्देश्य, रणनीतिहरू तथा कार्यनीतिको तर्जुमा गरिएको छ। प्राकृतिक तथा मानवीय प्रकोप, कोभिड- १९ को कारण बालबालिकाको सिक्ने र शिक्षा प्राप्त गर्ने अधिकारमा अवरोध पुगेको अवस्थाबाट पाठ सिकी आपतकालीन अवस्थामा शिक्षाको कार्यढाँचा निर्माणको कार्य, यो योजनाको खण्डमा समावेश गरिएकोछ□द्वन्द्व, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको रूपमा लिने गरिन्छ ।यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो ।

आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा बालबालिकाहरूले प्राप्त गर्न पाउनुपर्ने विद्यालय तहको शिक्षाको अधिकारलाई सुनिश्चितको लागी माथि उल्लेखित विद्यमान नीतिगत व्यवस्था भएतापनि स्थानीय तहको शिक्षामा कार्यान्वयको प्रभावकारिता कम देखिन्छ। आपतकालीन अवस्थामा शिक्षाको भूमिकालाई सामान्य उद्धार कार्यका रूपमा हेरिनु एक ठुलो चुनौतीको विषय बनेको छ । अहिले आपतकालीन अवस्थाको लागि शिक्षा महत्वपूर्ण र अनिवार्य कार्यक्रमका रूपमा स्थापित गर्नु अति आवश्यक देखिन्छ। त्यसैले शिक्षाको यो नयाँ भूमिका यस चौकुने गाउँपालिकाको शैक्षिक व्यवस्थामा पनि सुनिश्चित् गर्नु जरुरी छ । सामान्य समयभन्दा आपतकालीन अवस्थामा शिक्षाका विषयवस्तु, विधि र सामग्री फरक हुन्छन् । तर, नेपालको शिक्षा सम्बन्धी योजनाहरू 'सबैको लागि शिक्षा' वा 'सहस्राब्दी विकास लक्ष्य' होस् वा 'विद्यालय क्षेत्र सुधार कार्यक्रम' यी कुनै योजनामा आपतकालीन शिक्षा व्यवस्थाको योजना नगरिएको हुँदा, यस चौकुने गाउँपालिकाको शिक्षा क्षेत्र योजना अन्तर्गत आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षाका क्षेत्रका लक्ष्य, उद्देश्य, रणनीतिहरू, उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप निम्नानुसर तय गरिएको छ ।

### ४.५.२ लक्ष्य

आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा बालबालिकाहरूले प्राप्त गर्न पाउनुपर्ने विद्यालय तहको शिक्षाको अधिकारलाई सुनिश्चित गर्ने।

### ४.५.३ उद्देश्य

- विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्य ढाँचाको विकास गर्ने ।
- सम्भावित विपत् व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्ने।
- आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्ने।

### ४.५.४ रणनीतिहरू

- विद्यार्थी, शिक्षक, अभिभावक तथा तीनै तहको सरकारको तयारी,रोकथाम, प्रतिकार्य, र पुन:स्थापनाका लागि क्षमता विकास गरिनेछ ।
- विपत्बाट जोगिनका लागि विद्यार्थीहरुमा जनचेतना कार्यक्रम कार्यान्वयन गरिने छ ।
- विपत्को अवस्थामा शिक्षालाई निरन्तरता दिन वैकल्पिक विधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप अगाडी बढाईनेछ ।
- खतरा पहिचान तथा जोखिम क्षेत्रको नक्साङ्कन गरि विपत् व्यवस्थापनका लागि सबै वडामा आपतकालीन संयन्त्रको निर्माण गरिने छ ।
- प्रत्येक विद्यालयमा प्राथमिक उपचारका लागि चाहिने सामग्रीहरुको व्यवस्थापन गरिनेछ ।
- प्रत्येक विद्यालयमा आपतकालीन कोषको निर्माण गरिनुका साथै जनशक्ति व्यवस्थापन तालिम,गोष्ठीको व्यवस्था गरिने छ ।
- शिक्षा सम्बन्धी ऐन,कानुन, पाठ्यक्रम र शिक्षा सम्बन्धी नीतिहरूको पुनरावलोकन गरी आवश्यकतानुसार परिमार्जन गर्दा विपत् तथा सङ्कटमा शिक्षा सम्बन्धमा विकास गरिएका मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरूलाई एकीकृत गरिनेछ ।
- प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा तथा दिगो विकासका निमित्त शिक्षा जस्ता कार्यक्रमहरूलाई कार्यान्वयनमा ल्याइनेछ ।

### ४.५.५ उपलब्धि र नतिजा

| उपलब्धि | प्रमुख नतिजा |
|---|---|
| आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित भएको हुने छ  | • विद्यालयमा विपत्का समयमा प्रतिक्रिया गर्नका लागि द्रुतगतिको प्रतिक्रिया समितिको गठन गरिने ।<br>• विद्यालयमा आपतकालीन कोषको स्थापना भएको हुने ।<br>• विद्यालयमा प्राथमिक उपचार तथा उद्धार गर्ने सामग्रीको व्यवस्था भएको हुने<br>• बैकल्पिक विधिको माध्यमबाट शिक्षण सिकाइ भएको हुने ।<br>• घुम्ती तथा टोलशिक्षा सञ्चालन भएको हुने ।<br>• अनलाइन कक्षाहरु सञ्चालनको लागि आवश्यक व्यबस्था मिलाईएको हुने ।<br>• विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्व तयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजना तथा क्षमता विकास भएको हुने<br>• युद्ध, सामाजिक द्वन्द्व, हिंसा, बसाईँसराइ आदि भएको अवस्थामा पनि आधारभूत आवश्यकता सहित सिकाइको निरन्तरता भएको हुने ।<br>• सिकाइका वैकल्पिक माध्यमहरूको उपयोग हुने <br>• डिजिटल सिकाइ सामग्रीहरूमा बालबालिकाको पहुँच पुग्ने र भर्चुअल माध्यमबाट सिकाइमा पहुँच पुग्ने <br>• क्रमिक रुपमा सबै विद्यालयहरुमा ICT को पहूँच विस्तार गरिने छ । |

## ४.५.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका:

| क्र.सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | विद्यालयहरुको जोखिम नक्साङ्कन | पटक | १ | १ | | | | | १०० | | | | | १०० | गैसस |
| २ | विद्यालय शिक्षा आपतकालीन कोषको स्थापना (प्रत्येक बर्ष) | पटक | १ | | १ | निरन्तर | निरन्तर | निरन्तर | | ५०० | ५०० | ५०० | ५०० | २००० | स्थानीय तह |
| ३ | प्राथमिक स्वास्थ्य सामग्रीको व्यवस्थापन र प्रत्येक विद्यालयमा स्टेचर | विद्यालय | सबै | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५० | ५० | ५० | ५० | ५० | २५० | स्वास्थ्य र शिखा शाखा |
| ४ | वैकल्पिक विधिको प्रयोग र शिक्षालाई निरन्तरता सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | १२५ | १२५ | १२५ | १२५ | १२५ | ६२५ | सङ्घ |
| ५ | शिक्षक तथा वि व्य स का लागि विपत् व्यवस्थापन सम्वन्धी क्षमता विकास तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | २०० | २०० | २०० | २०० | २०० | १००० | गैसस |
| ६ | ReAL Plan कार्यान्वयन | पटक | ५ | १ | १ | १ | १ | १ | १३०० | १५०० | १५०० | १५०० | १५०० | ७३०० | स्थानीय तह, गैसस |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | आपतकालीन तथा सङ्कटकालीन अवस्थामा राहतकोषको व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | स्थानीय तह, गैसस |
| ८ | हरित विद्यालय स्थापना | ओटा | १० | ८ | १० | १० | १० | १० | ८० | १०० | १०० | १०० | १०० | ४८० | स्थानीय तह |
| | जम्मा | | | | | | | | २३५५ | २४७५ | २४७५ | २४७५ | २४७५ | १४२५५ | |

# ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

## ४.६.१ वर्तमान अवस्था

विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड सबै विद्यालयले अनिवार्य पालना गर्नुपर्ने भएतापनि यसको पूर्ण पालना हुन् सकेको छैन विद्यालय भवन बनाउँदा ६० प्रतिशत जमिन खाली छाड्नुपर्ने, कक्षाकोठासँगै खानेपानी, शौचालय, शिक्षक प्रशासनिक कार्यकक्ष, खेल मैदान, पुस्तकालय, भान्सा तथा खाजाघर, मनोरञ्जन कक्ष, बैठक कक्ष, पोसाक वा स्यानिटरी प्याड परिवर्तन कक्ष अनिवार्य हुनुपर्ने व्यवस्थाको मापदण्ड भएतापनि हाल यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरू मापदण्ड अनुरुप भएको अवस्था छैन ।यो अवस्थामा मापदण्ड विहिन भौतिक पूर्वाधारले विद्यार्थीको मनोविज्ञानमै असर परेको देखिन्छ ।असुरक्षित भवन र कक्षाकोठा, शौचालय र खानेपानीको अभाव आदिले आकर्षण घटाउने मात्र नभई विद्यार्थीहरु पढाइमा केन्द्रित नहुने अवस्था देखिन्छ ।

भौतिक पूर्वाधारको सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गरिए पनि प्राविधिक एवम् वस्तुनिष्ठ आँकलन गर्न सकिएको छैन । पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय, पारदर्शी र जवाफदेही बनाउने, सुरक्षित विद्यालयको लागि भौतिक पूर्वाधारका लागि उपयुक्त मापदण्ड र मोडालिटी विकास गर्ने, पूर्वाधार विकास एवम् विस्तारका लागि गुरूयोजना निर्माण, आवश्यक स्रोतको प्रबन्ध, भौतिक पूर्वाधारहरू अपाङ्गतामेत्री, बालमैत्री तथा लैङ्गिकमैत्री बनाउने चुनौतीहरू विद्यमान छन्।यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा विद्यार्थीको रुचि घट्दै जानुको प्रमुख कारण रहेको छ ।शैक्षिक गुणस्तरका लागि स्तरीय शिक्षक जस्तै भौतिक संरचना पनि आवश्यक पर्ने भएको हुदाँ विद्यालय भौतिक पूर्वाधार विकासमा सम्बन्धित सरोकारवालाहरूको आकर्षण आजको आव्श्याकता बनेको छ ।

## ४.६.२ लक्ष्य

सबै बालबालिकाहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरण सहित गुणस्तरीय शिक्षाको अवसरलाई सुनिश्चित गर्ने ।

## ४.६.३ उद्देश्य

- अपाङ्गतामैत्री, बालमैत्री, समावेशी र सुरक्षित विद्यालयको अवधारणाअनुरूप सुरक्षित र उपयुक्त भौतिक वातावरण सहित गुणस्तरीय विद्यालय शिक्षाको व्यवस्थापन् गर्नु ।
- विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० अनुसार विद्यालय भौतिक पूर्वाधार विकास र विस्तारका लागि तोकिबमोजिमको मापदण्ड कार्यान्वयन गर्नु / गराउनु ।
- पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरी भौतिक पूर्वाधार विकासका कार्यक्रमहरू सञ्चालन गर्नु ।

- सबै विद्यालयमा पर्याप्त पूर्वाधारको विकासको कार्यमा संङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय गैससहरूसँग लागत साझेदारीको आधारमा स्रोत व्यवस्थापन गर्नु ।

### ४.६.४ रणनीतिहरू

- स्थानीय तह र विद्यालय पूर्वाधार विकास समितिको गठन भएको हुने छ
- विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने भौतिक पूर्वाधारको आँकलन गरिनेछ
- भूगोल, हावापानी, विद्यार्थी सङ्ख्या र लागतका आधारमा भौतिक पूर्वाधार विकास सम्बन्धी मापदण्ड यकिन गरिनेछ ।
- विद्यालयहरूको भौतिक पूर्वाधार विकासका लागि संङ्घीय र प्रदेश सरकार तथा स्थानीय गैरसरकारी सङ्घसंस्थाहरूसँग स्रोत व्यवस्थापनमा लागत साझेदारीको अवधारणा अपनाइनेछ
- एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक निर्माण गर्ने (Build Back Better-BBB) अवधारणा कार्यान्वयनको आरम्भ गरिनेछ ।
- पूर्वाधार विकाससँगै सुरक्षित विद्यालय, सामाजिक एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको रूपमा संस्थागत क्षमता सुदृढीकरण गरिनेछ ।
- सम्बन्धित सरोकारवालाहरूबीच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधारको समुचित उपयोग सुनिश्चित गरिनेछ ।

### ४.६.५ उपलब्धि र नतिजा

| उपलब्धि | प्रमुख नतिजा |
|---|---|
| सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरण सहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुने छ | • विद्यालय भौतिक पूर्वाधार विकासको लागि पूर्वाधारको स्वरूप र मापदण्ड यकिन हुने ।<br>• भौतिक पूर्वाधारको लागि आवश्यकता पहिचान भई स्रोत र जिम्मेवारी स्पष्ट निर्धारण भएको हुने ।<br>• गाउँपालिकाभित्रका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार भएको हुने ।<br>• विद्यालयहरूको भौतिक वातावरण अपाङ्गतामैत्री, बालमैत्री र लैङ्गिकमैत्री हुने ।<br>• पूर्वाधार विकासका लागि आवश्यक विधि, मापदण्ड र स्तरीकरणका सूचक तयार हुने ।<br>• विद्यालय भौतिक सम्पत्तिको संरक्षण, सम्वर्द्धन र उपयोग एवम् निरन्तर मर्मत सम्भारका लागि पद्धतिको विकास हुने । |

| | |
|---|---|
| | • गाउँपालिका निर्माण गरिने विद्यालयका संरचनाहरु पक्की मात्र निर्माण भएका हुने छन । |

## ४.६.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका:

| क्र.सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. हजारमा | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय पूर्वाधार विकास समितिको गठन | पटक | १ | | १ | | | | १० | | | | | १० | |
| २ | भौतिक पूर्वाधार विकासको लागि आवश्यक्ता पहिचान र मापदण्ड निर्माण | पटक | १ | १ | १ | | | | २०० | | | | | २०० | स्थानीय तह, सङ्घ |
| ३ | खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी पूर्वाधार कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० | स्थानीय तह |
| ४ | विद्यालय पुनर्निर्माण तथा सबलीकरण कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० | स्थानीय तह |
| ५ | मापदण्ड एवम् स्तरीकरणका सूचक अनुसार एक विद्यालय सम्पूर्ण पूर्वाधार विकासको अवधारणा कार्यक्रमको सञ्चालन | संख्या | ५ | १ | १ | १ | १ | १ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | सङ्घ, प्रदेश, स्थानीय तह |
| ६ | विद्यालयहरूमा निर्मित संरचनाको नियमित मर्मत सम्भार कोष | पटक | ५ | १ | १ | १ | १ | १ | १००० | १००० | १००० | १००० | १००० | ५००० | स्थानीय तह |
| ७ | छात्रा सुलभ शौचालय निर्माण | ओटा | १९ | ३ | ४ | ४ | ४ | ४ | ३००० | ४००० | ४००० | ४००० | ४००० | १९००० | सङ्घ, प्रदेश, स्थानीय तह |
| ८ | विद्यालय घेराबार | ओटा | ८ | २ | ३ | ३ | ३ | ३ | १००० | १५०० | १५०० | १५०० | १५०० | ७००० | प्रदेश, स्थानीय तह/ |

| क्र.सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. हजारमा | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | | |
| | | | | | | | | | | | | | | | रोजगार शाखा |
| ९ | विद्यालयमा पिङ र चिप्लेटी निर्माण (फलामको संरचना नवनाउने यसको उपयूक्त विकल्प पहिचान गरि कार्यान्वयन गर्ने) | ओटा | २८ | १० | १० | ८ | | | १००० | १००० | ८०० | | | २८०० | स्थानीय तह |
| १० | विद्यालयको मागका आधारमा फर्निचर निर्माण | पटक | ५ | १ | १ | १ | १ | १ | ५०० | ५०० | ७०० | ७०० | ७०० | ३१०० | स्थानीय तह |
| ११ | विद्यालय खाजा घर निर्माण | ओटा | ५ | १ | १ | १ | १ | १ | २३०० | १००० | १००० | १००० | १००० | ६३०० | स्थानीय तह |
| १२ | विद्यालयको पक्कि संरचना निर्माण | पटक | १० | २ | २ | २ | २ | २ | १५००० | १५००० | १५००० | १५००० | १५००० | ७५००० | सङ्घ, प्रदेश, स्थानीय तह |
| | **जम्मा** | | | | | | | | ३३०१० | ३३३०० | ३३३०० | ३५२०० | ३५२०० | १७८४१० | |

# ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

## ४.७.१ वर्तमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई विद्यालय शिक्षामा शैक्षिक रूपान्तरणका लागि विषय, विषयवस्तु र माध्यमका रूपमा प्रयोग गर्ने गरी पाठ्यक्रम विकास गर्ने; सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सुनिश्चित गर्न पाठ्यक्रम, पाठ्यसामग्री विकास एवं तिनको विद्युतीय प्रतिको उपलब्धतालाई जोड दिने; डिजिटल साक्षरता, प्रविधिमा आधारित सिकाइ सहजीकरणका लागि अन्तरक्रियात्मक विद्युतीय सामग्री विकास गर्ने; सिकाइ सहजीकरण प्रक्रियालाई प्रविधिमा आधारित बनाउन अत्यावश्यक सिकाइ बातावरण विकासलाई प्राथमिकता दिइने व्यबस्थाको उल्लेख गरेको छ, तसर्थ सूचना तथा प्रविधिमा विद्यार्थीहरुको सहभागिता वृद्धि गर्न सबै विद्यालयहरुको ICT सम्वन्धि कार्ययोजना तर्नुमा गरि ICT लाई शैक्षिक क्रियाकलापमा जोड्नु आजको आवश्यकता रहेको छ ।

सामुदायिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगको सन्दर्भलाई हेर्ने हो भने केहि विद्यालयहरुमा कम्प्युटर प्रविधि सम्बन्धी पठनपाठन हुँदै आएको पाइन्छ तर यो पर्याप्त देखिदैन । विद्यालय क्षेत्र विकास कार्यक्रमले सूचना तथा सञ्चार प्रविधिलाई महत्वपूर्ण कम्पोनेन्टको रूपमा लिइ विद्यार्थीहरूमा सूचना तथा सञ्चार प्रविधि सीपको विकास गराउने, कक्षाकोठामा हुने शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउने, सिकाइ सामग्रीको पहुँचमा बिस्तार गर्ने, र शैक्षिक व्यवस्थापन र सेवा प्रवाहलाई प्रभावकारी र चुस्त बनाउनेमा जोड दिएतापनि सामुदायिक विद्यालयमा यसको कार्यान्वयको पाटो कम्जोर देखिएको छ सामुदायिक विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगतर्फ केही सकारात्मक प्रयास भएतापनि सन्तोष गर्ने अवस्था छैन ।

यस चौकुने गाउँपालिकामा राष्ट्रिय विधुत प्रशारणको सुबिधा नभएको करण विद्यालयहरुमा कम्प्युटर तथा इन्टरनेटको पहुँच पुर्याउन सकिएको छैन । ICT युक्त बातावरण सिर्जना गर्नका लागि पूर्वाधारको अभाव हुनु, सूचना प्रविधि सम्बन्धी दक्ष मानवीय स्रोतको विकासको कमी हुनु, पाठ्यक्रममा कम्प्युटर शिक्षा लगायतका प्रविधि सम्बन्धी विषयको व्यापकता नहुनु, सबै विषय, तह र कक्षाका पाठ्यसामग्री डिजिटाइजेसन हुन नसक्नु जस्ता समस्या र चुनौतीको करण यस पालिका अन्तर्गतका विद्यालयहरूको शिक्षामा सूचना तथा सञ्चारको प्रयोगलाई व्यापक बनाउन सकिएको छैन ।

## ४.७.२ लक्ष्य

विद्यार्थीको प्रभाबकारी सिकाइ तथा शिक्षा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधको उचित प्रयोग गरि सामुदायिक विद्यालयहरूको शैक्षिक व्यवस्थापनमा सुधारका साथै शिक्षामा सुशासनको प्रवर्द्धन गर्ने ।

### ४.५.३ उद्देश्य

क) शिक्षामा समतामूलक पहुँच विस्तारका साथै सिकाइलाई प्रभावकारि, गुणस्तरीय सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने 

ख) सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच विस्तार गरि कक्षाकोठाहुने शिक्षण सिकाइ क्रियाकलापमा सुधार हुन 

ग) शिक्षामा समग्र व्यवस्थापनलाइ सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउने

### ४.५.४ रणनीतिहरू

- सिकाइलाई सहजीकरण गर्न सूचना तथा सञ्चार प्रविधिको एकिकृत सिकाइ रणनीतिको छनोट गरि उपयोग गर्ने ।
- सिकाइ मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्ने ।
- शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नीति र डिजिटल संस्कृतिमा भएको विकास बारे अनुकूल पेसागत व्यवसहार प्रर्दशन गर्ने सबै शिक्षकहरुको क्षमता विकास गर्ने।
- सिकाइ सहजिकरण प्रक्रियालाई प्रविधिमा आधारित बनाउन अत्यावश्यक सिकाइ वातावरण विकासलाई प्राथिमकता दिने ।
- शैक्षक स्रोत समाग्रीहरुमा इन्टरनेटको सुविधा मार्फत विद्यालय र विद्यार्थिहरुको पहुँच विस्तार गरिने ।

### ४.५.५ उपलब्धि र नतिजा

| उपलब्धि | प्रमुख नतिजा |
|---|---|
| विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार | • डिजिटल साक्षरता, प्रविधिमा आधारित सिकाइ सहजीकरणका लागि अन्तरक्रियात्मक विद्युतीय सामग्रीको विकास भएको हुने<br>• विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग भएको हुने<br>• सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने<br>• सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने |

| | |
|---|---|
| आई सुशासन प्रवर्द्धन हुने छ । | . सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने |

### ४.५.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका:

| क्र.स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | ICT सम्बन्धी शिक्षकहरूका लागि क्षमता अभिवृध्दि कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | १५० | १५० | १५० | १५० | १५० | ७५० | सङ्घ, स्थानीय तह |
| २ | सूचना प्रविधिमा आधारित मेन्टर शिक्षकको व्यवस्था | पटक | ५ | १ | १ | १ | १ | १ | २०० | २०० | २०० | २०० | २०० | १००० | स्थानीय तह |
| ३ | सुरक्षीत इन्टरनेट जडान कार्यक्रम | विद्यालय | सबै | १ | १ | १ | १ | १ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | सङ्घ, स्थानीय |
| ४ | आई.ई.एम.आई.एस व्यबस्थापन तालिम | विद्यालय | सबै | २ | २ | २ | २ | २ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | सङ्घ, प्रदेश, |
| ५ | पालिकाको Education Portal को विकास | बटा | १ | १ | | | | | ३०० | | | | | ३०० | स्थानीय तह |
| ६ | एक शिक्षक १ ल्यापटप (कम्तिमा १ विद्यालय १ ल्याप्टप) | ओटा | ५० | १० | १० | १० | १० | १० | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० | स्थानीय तह |

| क्र.स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| ७ | कम्प्यूटर ल्याबको स्थापना | ओटा | ५ | १ | १ | १ | १ | १ | ६५० | ६५० | ६५० | ६५० | ६५० | ३२५० | सङ्घ |
| ८ | विद्यायहरुमा इ हाजिरीको जडान | ओटा | २६ | १० | ८ | १० | ८ | | २०० | १६० | २०० | १६० | | ७२० | स्थानीय तह |
| ९ | स्मार्ट बोर्ड र स्मार्ट टि भी को व्यवस्था | ओटा | ५० | १० | १० | १० | १० | १० | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | स्थानीय तह |
| | | | | | | | | **जम्मा** | **५६००** | **५२६०** | **५३००** | **५२६०** | **५१००** | **२६५२** | |

# परिच्छेद ५: अन्य उप-क्षेत्र

## ५.१ सामुदायिक पुस्तकालय

### ५.१.१ वर्तमान अवस्था

पठन संस्कृतिको विकासका लागि पुस्तकालयको स्थापना र प्रयोग अति आबश्यक देखिन्छ। समुदाय तवरमा पुस्तकालयको स्थापना र प्रयोग मार्फत पठन क्षमताको विकास र आबश्यक विभिन्न सामग्रीहरुके प्रयोगमा मद्धत पुर्याउन सहयोग मिल्दछ । "सामुदायिक पुस्तकालय" भन्नाले स्थानीय समुदाय, समाजसेवी वा सामुदायिक संस्था, गैरसरकारी तथा अन्तराष्ट्रिय गैरसरकारी निकायको सहयोगमा स्थापना र सञ्चालन भएका समुदायमा रहेका वा समुदाय स्तरले समेत सहजर रुपमा प्रयोग गर्न पाउने पुस्तकालय सम्झनु पर्छ । यसले बाल पुस्तकालय, वाचनालय, विद्युतीय पुस्तकालय समेतलाई जनाउँछ । समुदायमा स्थापना हुने र समुदायका लागि लक्षित पुस्तकालय स्थानीय तह वा प्रदेश सरकारको सहयोगमा समुदायका सबै वर्ग, धर्म, लिङ्ग, जातजाति, भाषाभाषी लगायतका सबै उमेर र पेसा व्यावसायमा संलग्न नागरिकलाई बिना भेदभाव सदस्यता प्राप्त गरी वा नगरी पुस्तकहरुको आदान प्रदान वा निश्चित स्थानमा बसी अध्ययन वा प्रयोग गर्न पाउने गरी सञ्चालन भएको पुस्तकालय हुन जुन सार्वजनिक रुपमा प्रयोगमा हुन्छन् । विभिन्न पेशा व्यवसाय, वर्ग र सबै क्षेत्रको लागि अति आबश्यक बिषयवस्तुहरु र सन्दर्भ सामग्रीहरु पुस्तकालयमा उपलब्ध गरी पठन संस्कर्तिको विकास र प्रवर्द्धन गर्न सकिन्छ । गाउँपालिकामा हालसम्म सामुदायीक पुस्तकालय नभएको र सामुदायीक सिकाइ केन्द्र मार्फत तथा अन्य तवरले समुदाय स्तरमा सबैको सहज पहुँच पुग्ने गरी पुस्तकालय स्थापना र प्रयोग गर्न सक्ने देखिन्छ ।

### ५.१.२ उद्देश्य

- पढाईमैत्री, भय तथा हिंसा रहित वातावरण तयार गरी सबै बालबालिकाहरूलाई (जातजाति, लिङ्ग, धर्म तथा रङ्गका कारण विभेदरहित) गुणस्तरीय शिक्षा प्रदानमा सहयोग गर्ने ।
- सिकाइ मैत्री वातावरण निर्माण गरी व्यावसायिक, सीपमूलक र प्रविधिमूलक शिक्षामा स्वअध्ययनमा जोड दिने ।
- शिक्षामा सबैको समतामूलक पहुँच पुर्याउने
- समुदायस्तमा समेत पठन संस्कृतिको विकास र प्रवर्द्धन गर्न ।
- पाठकलाई विभिन्न किसिमका आबश्यक पठन सामग्रीहरुको सरल र सहज उपलब्धा गर्न

### ५.१.३ रणनीतिहरु

- सामुदायीक सिकाइ केन्द्रहरुको क्षमता विकास र परिचालन मार्फत पुस्तकालय व्यबस्थापन र प्रयोगमा जोड दिने ।
- पठन संस्कृतिको विकासका लागि समुदाय स्तरमा सचेतनामूलक कार्यक्रमहरु गर्ने तथा समुदायको आबश्यकतामा आधारित पुस्तक तथा सामग्रीहरु व्यबस्थापन गर्ने ।
- गाउँपालिकामा सामुदायिक पुस्ताकालयको स्थापना गर्ने ।
- पठन सँस्कृति विकासको लागि प्रत्येक वडामा सामुदायिक सिकाइ सिकाइ मार्फत पुस्तकालय निर्माण गर्ने ।

### ५.१.४ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका:

| क्र.सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | चौकुने सामुदायिक पुस्तकालय | पटक | ५ | १ | १ | १ | १ | १ | २०० | २०० | २०० | २०० | २०० | १००० | सङ्घ, स्थानीय तह |
| २ | पढाई मेला सञ्चालन | पटक | ४ | | १ | १ | १ | १ | | १०० | १०० | १०० | १०० | ४०० | स्थानीय तह |
| ३ | पढाई प्रतियोगिता सञ्चालन | विद्यालय | सबै | १ | १ | १ | १ | १ | ० | ३०० | ३०० | ३०० | ३०० | १२०० | सङ्घ, स्थानीय तह |
| ४ | पुस्तक दान अभियान सञ्चालन | विद्यालय | सबै | | १ | १ | १ | १ | ० | २०० | २०० | २०० | २०० | ८०० | सङ्घ, प्रदेश, स्थानीय तह |

| **क्र.सं.** | **नतिजा अनुसार प्रमुख कार्यक्रम** | **५ बर्षको लक्ष्य** | | **क्रियाकलापको कार्य योजना/ वर्ष** | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| **जम्मा रु.** | | | | | | | | | २०० | ८०० | ८०० | ८०० | ८०० | ३४०० | |

# परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

## ६.१ संस्थागत क्षमता विकास

### ६.१.१ वर्तमान अवस्था


शिक्षा क्षेत्रको परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाहका लागि यस गाउँपालिकाकोलागि संस्थागत क्षमता विकास एक महत्वपूर्ण आधार हो। शिक्षा सम्बन्धी राष्ट्रिय नीति, मापदण्ड, योजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्नका लागि संस्थागत क्षमता विकासमा जोड दिन अति आवश्यकता रहेकोछ । यो शिक्षा क्षेत्र योजनाको पूर्ण रुपमा कार्यान्वयनको लागि स्थानीय सरकारले सम्पादन गर्नु पर्ने अधिकतम कार्यक्रमहरु सम्पदन गर्न विद्यामान जनशक्तिलाई कस्तो प्रकारको क्षमता विकासको आवश्यकता छ, त्यसको लेखाजोखा गरी अगामी पाँच वर्षका लागि कर्मचारी र जनप्रतिनिधिहरुको व्यक्तिगत क्षमता, स्थानीय तहको संस्थागत क्षमता र थप सुधार गर्नु पर्ने आवश्यकता लाई मध्यनजर गरि योजना बद्धरुपमा अगाडी बढ्नु अति आवश्क हुन्छ ।

स्थानीय सरकारले आफना अधिकारभित्र रहेर आवश्यकता अनुसार नीति, योजना तथा कार्यक्रम र बजेट तर्जुमा लगायत विभिन्न विषयगत क्षेत्रको विकासका लागि आवश्यक क्षमता विकासका क्षेत्रहरुको पहिचान सहित योजना बद्ध हुनु पर्दछ ।सामान्यतया क्षमता विकासलाई तीन आयाममा विश्लेषण गर्न सकिन्छ। सर्वप्रथम संस्थाको संरचनालाई दुरुस्त पार्नु पर्ने एउटा पाटो हो भने संरचनाको जिम्मेवारी अनु कूलन हुँने गरी आवश्यक संख्यामा मानव संसाधनको व्यवस्था र तिनिहरुको जिम्मेवारी अनुसारका कार्य गर्न सक्ने गरी ज्ञान, सीप र क्षमताको विकास गर्नु जरुरी छ। यसका अतिरिक्त पालिकाले जनसमक्ष न्युनतम र निरन्तर पु-याउँनु पर्ने सेवाहरु मध्य शिक्षा क्षेत्र अन्तर्गतका सेवाहरू पनि हुन्छन।यी सबै प्रकारका सेवाहरु उचित व्यबस्थापनको लागि संस्थागत क्षमता विकासको आवश्यकता पर्दछ।तसर्थ, यो शिक्षा क्षेत्रको तर्जुमाको सन्दर्भमा संस्थागत क्षमता विकास र सुशासनलाई प्रमुख साधन तथा माध्यमको रुपमा लिई योजना तर्जुमा गरिएको छ। यो चौकुने गाउँपालिकाको शिक्षा योजना तर्जुमा गर्दा संस्थागत विकास तथा तथा क्षमता विकास, श्रोत परिचालन, स्थानीय सुशासन, विकास व्यवस्थापन, लैङ्गिक समता तथा सामाजिक समावेशीकरण र लक्षित वर्ग तथा समुदायको मूलप्रवाहीकरण सम्बन्धी विषयहरु समावेश गरिएका छन्।

यस चौकुने गाउँपालिकाले आफनो सेवा प्रवाहलाई प्रभावकारी वनाउन तथा सुशासन प्रवर्धन, जवाफदेहीता र सेवामा गुणस्तरीय ता कायम गर्न उपलव्ध जनशक्तिको क्षमता विकासका लागी वार्षिक रुपमा विभिन्न क्षमता विकासका कार्यक्रमहरुमा वजेट विनियोजन गरि कार्यान्वयन गर्ने गरेको भएतापनि शिक्षा क्षेत्रमा निर्दिष्ट गरिएका क्रियाकला सञ्चालन गर्न पालिकामा श्रोत साधनको अभाव रहेको छ। संस्थागत विकास तथा सुशासन संबन्धी तय भएका नीति, ऐन, नियम तथा निर्देशिकाले कार्यान्वयन

तहमा सुशासनको अभ्यासको केहि आधार तयार गरेका छन् । संस्थागत क्षमता विकास, कार्यालय पूर्वाधार तथा मानव संसाधनको क्षमता विकासका लागी यस चौकुने गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा आवश्यक नितिगत व्यवस्था तथा कार्यक्रमगत रुपमा वजेट विनियोजन गरी प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएतापनि सुशासन प्रवर्धन र सेवामा गुणस्तरीय ता तथा प्रभावकारीता कायम गर्न अझै धेरै प्रयत्नहरु गर्न आवश्यक छ । यस चौकुने गाउँपालिकाको हकमा आन्तरिक श्रोतका क्षेत्रहरुको पहिचान तथा संभाव्यता अध्ययन, राजस्व परिचालन सन्बन्धी अध्ययन तथा सरोकारवाला बीच छलफल आवश्यक रहेकोछ ।

**शिक्षा, युवा तथा खेलकुद शाखाको प्रस्तावित कर्मचारी संरचना:**




गाउँपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका अधिकांश विद्यालयमा शून्य दरबन्दी र राहत कोटा कम भएको कारण चरम शिक्षक अभाव झेलिरहेका छन्। प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरू अन्तर्राष्ट्रिय श्रम सँगठनले तोकेको न्यूनतम ज्याला समेतको सुविधाविना अति न्यून पारिश्रमिकमा खटिरहेका छन् । प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरूका लागि उपयुक्त दरबन्दीको सिर्जना हुन सकेको छैन। अपर्याप्त सुविधाका कारण सहजकर्ता र कर्मचारीहरूमध्ये धेरैजसो अदक्ष र न्यून शैक्षिक योग्यताका नियुक्ति भइ कार्यरत छन्। जुन दीर्घकालीन सोचको अभाव कारण सिर्जित चुनौतीपूर्ण समस्याका रुपमा रहेकोछ । सङ्गठन संरचनाकै आधारमा कर्मचारीहरू परिचालन हुने र कर्मचारीहरू मार्फत नै सङ्गठनले सेवा प्रवाह गर्ने हुँदा यस चौकुने गाउँपालिकाको साङ्गठनिक क्रियाकलापहरूलाई दिशा निर्देश गर्न यसको सङ्गठन संरचनाले निकै महत्वपर्ण भूमिका खेलेको हुन्छ । यो गाउँपालिकाले शिक्षाका बिभिन्न क्षेत्रमा आफ्ना सेवा प्रवाहका गतिविधिहरूलाई व्यवस्थित गर्न तथा गुणस्तरीय बनाउनका लागि सङ्गठन स्वरूप स्वीकृत गरी सेवा सञ्चालन गर्नु पर्ने

देखिन्छ । तसर्थ यस योजनामा संस्थागत क्षमता विकासका क्षेत्रलाई विशेष ध्यान दिने रणनीति तथा कार्यनीति अवलम्बन गरिएकोछ ।

### ६.१.२ लक्ष्य

स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाई नतिजामुखी शिक्षा व्यवस्थापनको प्रवर्द्धन गर्ने

### ६.१.३ उद्देश्य

- स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउने,
- तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउने,
- गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्ने,
- जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउने,
- कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने,

### ६.१.४ रणनीतिहरू

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने,
- वि.व्य.स., शि.अ.स. र अभिभावकहरूलाई संस्था प्रति जिमेवारी बनाउने,

### ६.१.५ उपलब्धि र नतिजा

| उपलब्धि | प्रमुख नतिजा |
| --- | --- |
| शिक्षाका सबै निकाय तथा विद्यलयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुने छ । | • शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने,<br>• शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने,<br>• शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागि हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुने,<br>• सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने । |

## ६.१.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना

| क्र.सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. हजारमा | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरी नतिजाप्रति उत्तरदायी र जिम्मेवार सम्बन्धी कार्यक्रम सञ्चालन र प्रधानाध्यापहरुको क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | स्थानीय तह |
| २ | शिक्षक सहायता प्रणालीको विकास तथा परिचालन | पटक | ५ | १ | १ | १ | १ | १ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | स्थानीय तह |
| ३ | विद्यालय शिक्षा सम्बद्ध निकाय तथा पदाधिकारीहरूको क्षमता विकास तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | २०० | २०० | २०० | २०० | २०० | १००० | सङ्घ, स्थानीय तह |
| ४ | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | ओटा | ५ | १ | १ | १ | १ | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | स्थानीय तह, गै.स.स |
| ५ | विद्यालयको कार्यसम्पादन परीक्षणको आधारमा विद्यालय पुरस्कार तथा सार्वजनिक सुनूवाई | पटक | ५ | १ | १ | १ | १ | १ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | सङ्घ, स्थानीय तह |
| ६ | गुणस्तरीय शिक्षा अन्तर्गत सार्वजनिक जवाफदेहीताका | पटक | ५ | १ | १ | १ | १ | १ | १५० | १५० | १५० | १५० | १५० | ७५० | स्थानीय तह, गै.स.स |

| क्र.सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. हजारमा | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | | |
| | औजारहरुको प्रयोग र अभ्यास विषयक अनुशिक्षण | | | | | | | | | | | | | | |
| ७ | शैक्षिक गुणस्तर कायम गर्नका लागि जनप्रतिनिधि र सरोकारवाला बिच अन्तर्क्रिया | पटक | ५ | १ | १ | १ | १ | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | स्थानीय तह, गै.स.स |
| ८ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | स्थानीय तह, गै.स.स |
| ९ | लेखा व्यबस्थापन तथा लेखा परिक्षण तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | १०० | १०० | १०० | १०० | १०० | ५०० | स्थानीय तह |
| १० | वि.व्य.स., शि.अ.स. र अभिभावकहरूको क्षमता विकास तालिम र अभिभावक भेला | पटक | ५ | १ | १ | १ | १ | १ | ३५० | ३५० | ३५० | ३५० | ३५० | १७५० | स्थानीय तह |
| | | | | | | | | | २१०० | २१०० | २१०० | २१०० | २१०० | १०५०० | |

# ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

## ६.२.१ वर्तमान अवस्था

सन् २०३० सम्मका लागि विश्वव्यापी रुपमा तय गरिएका दिगो विकासका १७ लक्ष्यहरुमा लक्ष्य ४ गुणस्तरीय शिक्षामा केन्द्रित छ । लक्ष्य ४ ले खास गरी समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने र जीवन पर्यन्त शिक्षाका अवसर उपलब्ध गराउने उल्लेख गरेको छ ।यो लक्ष्य हासिल गर्न बिभिन्न प्रयासहरू भएतापनि उचित प्रतिफल देखा परेका छैन । विगतमा तर्जुमा गरिएका शिक्षा नीतिको कार्यान्वयन पक्ष कम्जोर हुँदा औपचारिकता लागि मात्र तर्जुमा भएको देखिन्छ । तसर्थ, यो योजना यस चौकुने गाउँपालिकाको शिक्षा क्षेत्रको आवश्यकता, अवसर र सम्भावनाको आँकलन गरी बनाइएको हुँदा यस गाउँपालिकाको शैक्षिक गतिविधिलाई व्यवस्थित गर्ने आधारमात्रको रुपमा हेरिएको छ । यसको प्रभावकारी कार्यान्वयनको लागि सम्पूर्ण सरोकारवालाहरूको एकीकृत प्रयासको आवश्यकता पर्दछ ।पालिकाभित्रको विशिष्ट परिवेश सापेक्ष शिक्षा नीति निर्माण गरी सोहीअनुरूपको रणनीति र कार्यनीति तयार गरिएको हुँदा यस पालिकाको शिक्षा क्षेत्रको विकासमा यो उपयोगी दस्तावेज हुन सक्छ । विगतमा सञ्चालित शिक्षा क्षेत्रमा कार्यक्रमहरुले शिक्षाको पहुँच र सहभागिता समेट्न असकेको अवस्थामा समावेशी शिक्षाको विश्वव्यापी मान्यतालाई मध्यनजर गरी यो शिक्षा क्षेत्र योजना तर्जुमा गरी कार्यान्वयन गर्न लागिएको हो ।

यस योजनासँग सम्बन्धित सम्पूर्ण पक्षहरूको समावेशी सहभागिता सुनिश्चित गरी कार्यपालिकाको कुनै एक सदस्यको संयोजकत्वमा पाँच सदस्यीय स्थानीय शिक्षा योजना कार्यान्वयन समन्वय समिति गठन गरिनेछ।उक्त समितिको सदस्य-सचिवमा पालिकाको शिक्षा शाखा प्रमुखलाई तोकिने छ।यो शिक्षा क्षेत्र योजनाको कार्यान्वयनको जिम्मेवारी मुख्यरुपमा यही समितिले गर्नेछ।यो समितिको कार्य निम्न बमोजिमको हुनेछ ।

- शिक्षा क्षेत्र योजना तर्जुमामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- शिक्षा क्षेत्र योजना अन्तर्गत तर्जमा गरिएका नीति तथा रणनीतिहरू कार्यपालिका मार्फत सभाबाट पारित गराउने र कार्यान्वयनका लागि बजेटको सुनिश्चितता गर्ने ।
- शिक्षा क्षेत्र योजनालाई आवश्यकता अनुरुप वार्षिक रुपमा अध्यावधिक गर्ने गराउने,
- यो शिक्षा क्षेत्र योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने,
- स्थानीय सरकार र अन्य सङ्घ-संस्थाबाट पालिका क्षेत्रभित्र सञ्चालन हुने शिक्षा क्षेत्रका कार्यक्रमहरू बीच समन्वय गर्ने गराउने,
- समितिले सूचकमा आधारित भई शिक्षा क्षेत्र अन्तर्गतका कार्यक्रमको अनुगमन गर्ने,
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित रूपमा कार्यक्रमको अनुगमन र समीक्षा गर्ने

- अन्य सहयोगी निकायहरूबीच समन्वय गर्ने,
- शिक्षा अन्तर्गतका विभिन्न क्षेत्र सम्बन्धी अध्ययन, अन्वेषण गर्ने गराउने, र अन्य आवश्यक कार्यहरू गर्ने, गराउने,

### ६.२.२ लक्ष्य

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ६.२.३ उद्देश्य

- स्थानीय तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्यलाई सुदृढीकरण गरी यो चौकुने गाउँपालिकाको शिक्षा योजनालाई प्रभावकारी बनाउन सरोकारवालाहरूलाई सुसूचित गर्नु ,
- यो गाउँपालिका शिक्षा क्षेत्र योजना अन्तर्गतका स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाइ सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच, गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धिको लागि आवश्यक सहजिकरण गर्नु,
- शिक्षा क्षेत्र योजनाका उप-क्षेत्र अन्तर्गत तर्जुमा गरिएका कार्यक्रमको कार्यान्वयनमा एकरूपता कायम गर्न प्रभावकारी शैक्षिक व्यवस्थापन गर्न मदत पुर्याउनु,
- वार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न सम्बन्धित तह/ निकायको भूमिका स्पष्ट गरी अपेक्ष नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनाउनु,
- वार्षिक कार्यक्रम कार्यान्वयन र स्रोत परिचालन एवम् प्रतिवेदन पद्धतिलाई दिशानिर्देश गर्नु / गराउनु,

### ६.२.४ रणनीतिहरू

- नतिजामा आधारित अनुगमन प्रणालीको माध्यमबाट कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी लक्षित नतिजा सुनिश्चित गर्न नीति निर्देशन तथा समन्वय गर्ने।
- संङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने
- एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने

- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने।
- विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्ने।
- विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने।
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने।
- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।
- सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सीप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने

### ६.२.५ उपलब्धि र नतिजा

| उपलब्धि | प्रमुख नतिजा |
|---|---|
| शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ  | • शिक्षा क्षेत्र योजनाका उप-क्षेत्र अन्तर्गत तर्जुमा गरिएका कार्यक्रमको कार्यान्वयनमा एकरूपता कायम गर्न प्रभावकारी शैक्षिक व्यवस्थापन गरिएको हुनेछ ।<br>• सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सँगको सहाकार्य बाट विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक भई र कार्यान्वयनमा सहजीकरण भएको हुनेछ ।<br>• सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सीप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा कार्य सम्पादन भएका हुनेछन् ।<br>• शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ <br>• स्थानीय तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्य सुदृढीकरण भएको हुनेछ ।<br>• स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाइ सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच, गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धिको लागि आवश्यक सहजिकरण भएको हुनेछ । |

| | |
|---|---|
| | • वार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न सम्बन्धित तह/ निकायको भूमिका स्पष्ट गरी अपेक्षीत नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनेका हुनेछन् । |

### ६.२.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका:

| क्र.सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. हजारमा | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | | |
| १ | शिक्षा क्षेत्र योजनाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | १ | १ | | | | | १०० | | | | | १०० | स्थानीय तह |
| २ | उपलब्ध शिक्षा क्षेत्रगत कानुन निर्देशिका मापदण्डको छपाई तथा प्रबोधिकरण | पटक | १ | १ | | | | | २०० | | | | | २०० | स्थानीय तह |
| ३ | लगानीको लागि स्थानीय गैससहरूसँग साझेदारी | पटक | ५ | १ | १ | १ | १ | १ | १० | १० | १० | १० | १० | ५० | स्थानीय तह |
| ४ | सम्बद्ध सबै संस्थाहरूको लागि सामाजिक परीक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | १०५० | १०५० | १०५० | १०५० | १०५० | ५२५० | **सङ्घ**, स्थानीय तह |
| ५ | अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० | १०० | १०० | १०० | १०० | ५०० | स्थानीय तह |
| | **जम्मा** | | | | | | | | १४६० | ११६० | ११६० | ११६० | ११६० | ६१०० | |

# परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन

## ७.१ वर्तमान अवस्था

बालबालिकाको शिक्षामा गरिने लगानी व्यक्ति, समाज र राज्यको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ । राज्य निर्माणको दीर्घकालीन सोचलाई मूर्त रूप दिन शिक्षामा राज्यले प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ।शिक्षामा राज्यको लगानीले प्रमुख तीन पक्षलाई ध्यान दिनुपर्दछ पहिलो, राज्यका सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता, दोस्रो, सहभागी भई सकेकालाई उचितर गुणस्तरीय शिक्षाको सुनिश्चितता र तेस्रो, स्रोतको समतामूलक वितरण र उपयोग रहेका छन् । संवैधानिक एवम् कानुनी प्रावधान अनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि आवश्यक स्रोतको खोजी,प्राथमिकीकरण,स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी व्यवस्था गर्नु आवश्यक छ ।संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजीक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ। नेपालको संविधानमा वित्तीय व्यवस्थापन सम्बन्धमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा उल्लेख गरेको पाइन्छ । समानीकरण अनुदानको हकमा प्राकृतिक तथा वित्त आयोगको सिफारिसमा संङ्घीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ । विशेष अनुदान र समपूरक अनुदानको राष्ट्रिय योजना आयोगबाट वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्थापन हुँदै आएको छ । सशर्त अनुदान सम्बन्धित विषयगत मन्त्रालयबाट आवश्यक प्रक्रिया पूरा गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा स्थानीय र प्रदेश तहबाट हाल अभ्यास भएको देखिदैन । सङ्घीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक स्थानीय तथा प्रदेश तहको आफ्नै स्रोतमा आधारित बजेट पनि शिक्षा क्षेत्रमा सम्बन्धित तहले विनियोजन गर्न सक्दछ।शिक्षामा राज्यको पर्याप्त लगानीसमतामूलक र न्यायपूर्ण समाज व्यवस्था विकासका लागि महत्वपूर्ण पक्ष हो ।

चौकुने गाउँपालिकाको सन्दर्भमा यहाँको शिक्षा क्षेत्रको विकासका लागि करिब ९० प्रतिशत रकम सङ्घीय सशर्त बजेटबाट नै प्राप्त हुने गर्दछ । केही रकम गाउँपालिकाले वित्तीय समानीकरण अनुदानबाट विनियोजन गर्दछ भने थोरै मात्रामा कर्णाली प्रदेश सरकारबाट शिक्षा क्षेत्रको लागि बजेट प्राप्त भएको अवस्था छ । वर्षेनी बजेट अपर्याप्त हुँदा शिक्षक र कर्मचारीको समेत तलब भत्ता निकासा गर्न समेत मुस्किल परिरहेको अवस्था छ। सङ्घीय सरकारबाट प्राप्त हुने बजेट करिब ९९ प्रतिशत रकम तलब भत्ता र अनुदान रहेकाले गाउँपालिकाको शैक्षिक गुणस्तर उन्नयनको पाटोमा उक्त रकम निशर्त

परिचालन गर्न सक्ने अवस्था रहदैन । गाउँपालिकाले पनि  कूल बजेटको करिब १० प्रतिशतको हाराहारीमा शिक्षा क्षेत्रको लागि वर्षेनी बजेट विनियोजन गरिरहेको छ। उक्त रकमध्ये ७५ प्रतिशत बजेट गाउँपालिकाले सिर्जना गरेको स्वयम् सेवक शिक्षक, बालविकासका सहजकर्ताको पारिश्रमिक तथा प्रधानाध्यापक र कर्मचारीको प्रोत्साहनमा खर्च हुने गरेको छ । गाउँपालिकाको समग्र शैक्षिक गुणस्तरमा अपेक्षा गरेबमोजिम लगानी गर्न सकिएको अवस्था देखिदैन । लगानी तथा श्रोत व्यवस्थापनमा यस पालिकामा देखिएका चुनौती तथा अवसरहरुलाई यस प्रकार प्रस्तुत गरिएको छ ।

१. शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगानी बृद्धि र दिगो स्रोत व्यवस्थापन गर्ने,
२. संङ्घीय संरचना अनुसार  सङ्घ, प्रदेश र स्थानीय तह बिचको शिक्षाको लगानी मापदण्ड रवित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने,
३. संवैधानिक मार्गदर्शन तथा नीतिअनुरूप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा विकास गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने,
४. सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने, वैदेशिक सहायता प्राप्ति, परिचालन र त्यसको दिगोपना सुनिश्चित गर्नु, आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्नु,
५. प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना निर्धारण गर्नु,
६. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्नु,
७. शिक्षामा समता तथा समावेशीता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधा विहिन, अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्नु,
८. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्नु, जस्ता विषयहरू अझ पनि चुनौतिको रूपमा रहेका छन्,

तीन तहको सरकार अनुसार  सङ्घ, प्रदेश र स्थानीय तहको लगानीलाई कसरी समन्वयात्मक तरिकाले उद्देश्यमूलक बनाउने भन्ने विषय पनि शिक्षामा लगानीका सम्बन्धमा अहम् महत्वको विषय बनेको छ । शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकत्रित गर्नु र उपयुक्त तरिकाले वितरण गर्नु

शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनु पर्ने महत्वपूर्ण पक्ष हुन् । पहिचान गरिएका माथि उल्लेखित चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आँकलन तथा व्यवस्थापन गरी तीनै तहको सरकारबाट गुणस्तरीय शिक्षा प्राप्तिकोलागि लगानी बढाउने अवसर समेत छ ।

## ७.२ लक्ष्य

विद्यालयमा गुणस्तरीय शिक्षाको पहुँचका लागि शिक्षामा लगानीको सुनिश्चितता गराउनु ।

## ७.३ उद्देश्य

- योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
- विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
- उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।
- खर्चको प्रक्रिया र तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।
- गुणस्तरीय तथा जीवनपयोगी शिक्षाका लागि थप लगानी र स्रोत परिचालन गर्नु ।
- विद्यार्थी टिकाउ दर र कक्षा छाड्ने दरमा उल्लेख्य सुधार गर्नु।

## ७.४ रणनीतिहरू

- विद्यालय शिक्षामा कानुनमा तोकिएबमोजिम संङ्घीय र प्रदेश सरकारसँग लागत साक्षेदारीमा आर्थिक दायित्व व्यहोरिनेछ ।
- शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी गाउँपालिकाको भएकोले शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न जवाफदेही हुने पद्धतिको विकास गरिनेछ।
- स्रोतको उपयोग गर्ने प्रमुख इकाई विद्यालय हुने भएकाले गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयबाट निर्वाह हुने व्यवस्था गरिनेछ ।
- सुत्र र नतिजामा आधारित स्रोत विनियोजन पद्धतिलाई अङ्गीकार गरिनेछ ।
- वित्तीय व्यवस्थापन प्रणाली र सार्वजनिक खरिद प्रणाली दृढताका साथ परिपालना गरिनेछ ।
- शिक्षा बजेटमा हुने न्यूनता पूरा गर्नका लागि गैरसरकारी सङ्घसंस्थाहरू परिचालन गरिनेछ ।
- सार्वजनिक सेवा, सामाजिक दायित्व र सेवामूलक व्यवसायका रूपमा विद्यालय सञ्चालन गर्न निजी विद्यालयहरूलाई प्रोत्साहित गरिनेछ ।

- अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, सशर्त र विशेष अनुदानको अवलम्बन गरिनेछ ।
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिनेछ ।
- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सुदृढ गरिनेछ।

## ७.५ उपलब्धि र नतिजा

| उपलब्धि | प्रमुख नतिजा |
| --- | --- |
| स्थानीय तहमा विद्यालय शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा सुधार हुनेछ । | • विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि आवश्यक स्रोतको पहिचान र परिचालन हुने ।<br>• विद्यालय शिक्षाका हरेक निकायमा कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व निर्वाह भएको हुनेछ ।<br>• मापदण्डका आधारमा खर्च गर्ने पद्धतिको विकास हुनेछ ।<br>• निजी शिक्षण संस्थाहरूले सार्वजनिक सेवा, सामाजिक दायित्त्व र सेवामूलक व्यवसायको रूपमा विद्यालय सञ्चालन गरेको हुनेछ ।<br>• स्रोत व्यवस्था र परिचालनमा समुदाय र गैससहरूसँगको साझेदारी विकास भएको हुनेछ ।<br>• सबै शिक्षण संस्थाहररूको सामाजिक परीक्षण भएको हुनेछ । |

## ७.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिकाः

| क्र.सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | हजारमा | |
| १ | पाँच वर्षका लागि कार्यक्रमगत स्रोत अनुमान | पटक | ५ | १ | | | | | २० | | | | | २० | स्थानीय तह |
| २ | कार्यक्रमहरूको प्राथमिकीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | २० | २० | २० | २० | २० | १०० | स्थानीय तह |
| ३ | लगानीको लागि स्थानीय गैससहरूसँग साझेदारी | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | स्थानीय तह |
| ४ | नतिजामा आधारित स्रोत विनियोजन पद्धति विकास तथा कार्यान्वय | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | २५० | २५० | २५० | २५० | २५० | १२५० | स्थानीय तह |
| ५ | खर्चको प्रक्रिया र तीनै तहका सरकारको भूमिका र दायित्व सम्बन्धी कार्यशाला सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | स्थानीय तह |
| ६ | योजनामा आधारित स्रोत बाँडफाँड र लगानी गर्ने प्रणालीको स्थापना | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १५० | १५० | १५० | १५० | १५० | ७५० | स्थानीय तह |
| ७ | सुत्र र नतिजामा आधारित स्रोत विनियोजन सम्बन्धी तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | २०० | २०० | २०० | २०० | २०० | १००० | स्थानीय तह |
| ८ | विद्यालयको लेखा प्रणाली सुदृढीकरणको लागि लेखा सम्बन्धी तालिम सञ्चालन | पटक | १० | २ | २ | २ | २ | २ | ३५० | ३५० | ३५० | ३५० | ३५० | १७५० | स्थानीय तह |
| | | | | | | | | | १७९० | १७७० | १७७० | १७७० | १७७० | ८८७० | |

## ७.७ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

यो योजनामा शिक्षाका सबै क्षेत्र अन्तर्गत प्रस्ताव गरिएका कार्यक्रम अनुसार बजेट अनुमान गरिएको छ । बजेट अनुमान गर्दा सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता सहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ भने प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम सक्षमताका मापण्ड पूरा गरी गुणस्तरीय सेवा सुनिश्चित गर्नका लागि आवश्यक हुने गरी लगानीमा वृद्धि गर्नुपर्ने आवश्यकतालाई ख्याल गरेर लगानी वृद्धि गरिएको छ । माध्यमिक शिक्षालाई निःशुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना वृद्धि तथा टिकाउ दर बढाउन र व्यावसायिक सीप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न आवश्यक पर्ने बजेट समावेश गरिएको छ । आगामी ५ वर्ष यो शिक्षा क्षेत्र योजना अन्तर्गतका गतिविधिलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न र सेवा प्रवाहलाई प्रभावकारी र सयम सापेक्ष बनाउन स्थानीय निकाय, विषयतगत कार्यालय, गैसस, विकास साझेदार, निजी क्षेत्र तथा समुदाय समेतको साझेदारीमा जम्मा रु ४२ करोड ९७ लाख १५ हजार श्रोत परिचालनको लागि प्रस्ताव गरिएको छ । विषयगत क्षेत्र अनुसार श्रोत अनुमान, बजेट बाँडफाँड र नपुग बजेटको स्थिति तल प्रस्तुत गरिएकोछ ।

**तपसिल :-**

| क्र.सं. | शिक्षा योजनाका उप-क्षेत्रहरू | प्रस्तावित बजेट (रु.हजारमा) | | | | | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १६३५१ | १५७८१ | १५७७६ | १५५८१ | १५५१६ | ७८८८५ | ६.५१ | |
| २ | आधारभतू शिक्षा | १०८००० | १०७३०० | १०७९०० | १०७३०० | १०९६०० | ५४०१०० | ४४.५७ | |
| ३ | माध्यमिक शिक्षा | ३२४२० | ३१३२० | ३१३२० | ३१५२० | ३१३२० | १५७९०० | १३.०३ | |
| ४ | पाठ्यक्रम र मूल्याङ्कन | १३४० | १७५० | १७५० | १७५० | १७५० | ८३४० | ०.६९ | |

| क्र.सं. | शिक्षा योजनाका उप-क्षेत्रहरू | प्रस्तावित बजेट (रु.हजारमा) | | | | | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | |
| ५ | शिक्षक व्यवस्थापन र विकास | ४७९० | ४७९० | ४७९० | ४७९० | ४७९० | २३९५० | १.९८ | |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ | १६६८ | २६०८ | २९९८ | २९४३ | २९४३ | १३१६० | १.०९ | |
| ७ | प्राविधिक तथा व्यावसायिक शिक्षा | १२५० | ३६५० | २६५० | २६५० | २६५० | १२८५० | १.०६ | हाल सञ्चालन नभएको |
| ८ | अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरु | ० | ० | ० | ० | ० | ० | ०.०० | |
| ८.१ | शैक्षिक समता र समावेशीकरण | ९८२५ | ९७७५ | ९७७५ | ९८२५ | ९७७५ | ४८९७५ | ४.०४ | |
| ८.२ | दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम | १४५०० | १४९०० | १४५०० | १४९०० | १४४०० | ७३२०० | ६.०४ | |
| ८.३ | विद्यालय सुरक्षा, विपत् न्यूनिकरण तथा उत्थानशिलता | २३५५ | २९७५ | २९७५ | २९७५ | २९७५ | १४२५५ | १.१८ | |
| ८.४ | विद्यालय भौतिक पूर्वाधार विकास | ३६०१० | ३६००० | ३६००० | ३५२०० | ३५२०० | १७८४१० | १४.७२ | |
| ८.५ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ५६०० | ५२६० | ५३०० | ५२६० | ५१०० | २६५२० | २.१९ | |
| ९ | पुस्तकालय | २०० | ८०० | ८०० | ८०० | ८०० | ३४०० | ०.२८ | |

| क्र.सं. | शिक्षा योजनाका उप-क्षेत्रहरू | प्रस्तावित बजेट (रु.हजारमा) | | | | | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | |
| ९.१ | संस्थागत क्षमता विकास | २१०० | २१०० | २१०० | २१०० | २१०० | १०५०० | ०.८७ | |
| ९.२ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | १४६० | ११६० | ११६० | ११६० | ११६० | ६१०० | ०.५० | |
| ९.३ | अनुगमन तथा मूल्याङ्कन | ६६० | १३६० | १४६० | १३६० | १४६० | ६३०० | ०.५२ | |
| १० | लगानी र स्रोत व्यवस्थापन | १७९० | १७७० | १७७० | १७७० | १७७० | ८८७० | ०.७३ | |
| | **कूल जम्मा रकम (रु.हजारमा)** | २४०३१९ | २४३२३९ | २४३०२४ | २४१८२४ | २४३३०९ | १२११७१५ | १००.०० | |

## ७.८ प्रस्तावित कार्यक्रम तथा बजेटको ५ बर्षे अनुमान

| क्र.सं. | अनुदान प्राप्त हुने निकाय तथा शीर्षक | आ.व अनुसार चौकुने गा.पा अन्तर्गत शिक्षामा कूल बजेट | | | क्रियाकलापको कार्य योजना वर्ष अनुरुप प्राप्त हुने अनुमानित बजेट (रु.हजारमा) | | | | | अनुमानित ५ वर्षको जम्मा | प्रतिसत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ७८/७९ | ७९/८० | ८०/८१ | १ | २ | ३ | ४ | ५ | | |
| १ | सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त भएको / हुने अनुमानित बजेट | १५०९०४ | १७१९९४ | १७५३४२ | १८७१४९ | १८९३८८ | १८८४९२ | १८७९७३ | १८९४५८ | ९४२४६० | |
| २ | प्रदेश सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त भएको / हुने अनुमानित बजेट | १२५०० | १४५०० | १५५०० | १७०६० | १७०६० | १७०६० | १७०६० | १७०६० | ८५३०० | |
| ३ | स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त भएको / हुने अनुमानित बजेट | २७५९२ | ३५४२० | ५२५९४ | ३२३१० | ३२९९१ | ३३६७२ | ३२९९१ | ३२९९१ | १६४९५५ | |
| ४ | अन्य सङ्घ संस्थाहरुवटा शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त भएको / हुने अनुमानित बजेट | ८५० | ९० | १००० | ३८०० | ३८०० | ३८०० | ३८०० | ३८०० | १९००० | |
| **अनुमानित जम्मा प्राप्त हुने रकम** | | १९१८४६ | २२२००४ | २४४४३६ | २४०३१९ | २४३२३९ | २४३०२४ | २४१८२४ | २४३३०९ | १२११७१५ | |

## ७.९ क्षेत्रगत रुपमा निकायको पाँच ५ वर्षेको खर्च अनुमान

| क्र.सं. | विषयगत क्षेत्र | संङ्घीय सरकार | प्रदेश सरकार | गाउँपालिका | सङ्घ संस्था | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ७३६३५ | ० | ४७५० | ५०० | ७८८८५ | |
| २ | आधारभूत शिक्षा | ५०४००० | ३३०० | २९६५० | ३१५० | ५४०१०० | |
| ३ | माध्यमिक शिक्षा | १४०८५० | ० | १६८०० | २५० | १५७९०० | |
| ४ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ | ११४६० | ० | १७०० | ० | १३१६० | |
| ५ | प्राविधिक तथा व्यवसायिक शिक्षा | ८२५० | ० | ४६०० | ० | १२८५० | |
| ६ | पाठ्यक्रम र पाठ्यसामग्री | २५०० | ० | ५८४० | ० | ८३४० | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ६८०० | ० | १७१५० | ० | २३९५० | |
| ८ | शैक्षिक समानता र समावेशीकरण | ४३१२५ | ० | ३५०० | २३५० | ४८९७५ | |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ६९५०० | ० | ११०० | २६०० | ७३२०० | |
| १० | विद्यालय सुरक्षा, र विपत् न्यूनिकरण तथा उत्थानशिलता | १००३० | ० | ६२५ | ३६०० | १४२५५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | विद्यालय भौतिक पूर्वाधार | ५००१० | ८२००० | ४६४०० | ० | १७८४१० | |
| १२ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ८५०० | ० | १८०२० | ० | २६५२० | |
| १३ | सामुदायिक पुस्तकालय | ० | ० | २६०० | ८०० | ३४०० | |
| १४ | संस्थागत क्षमता विकास | १५०० | ० | ५७५० | ३२५० | १०५०० | |
| १५ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ५२५० | ० | ८५० | ० | ६१०० | |
| १६ | अनुगमन तथा मूल्याङ्कन | ४८०० | ० | १५०० | ० | ६३०० | |
| १७ | लगानी र स्रोत व्यवस्थापन | २२५० | ० | ४१२० | २५०० | ८८७० | |
| **जम्मा** | | **९४२४६०** | **८५३००** | **१६४९५५** | **१९०००** | **१२११७१ ५** | |
| **५ वर्षको खर्च (प्रतिशतमा)** | | **७७.७८** | **७.०४०** | **१३.६१** | **१.५७** | **१००** | |

# परिच्छेद ८: अनुगमन तथा मूल्याङ्कन

## ८.१ वर्तमान अवस्था

योजना तर्जुमा गरि कार्यान्वयन कार्य अन्तर्गत अपेक्षित परिवर्तन र वास्तविक परिवर्तनको विश्लेषण गर्ने प्रक्रिया नै मूल्याङ्कन हो। मूल्याङ्कनले क्रियाकलाप लक्षित भएर दिशा निर्देस गर्दछ। लगानीको उपलब्धि मापन गर्नेकाम मूल्याङ्कनले गर्दछ। मूल्याङ्कनले कार्यक्रमको डिजायन गर्न, सुधार गर्न, प्रभावकारी गराउन र पुनरावलोकन गर्न सहयोग गर्दछ। जवाफदेहिताकोलागी, योजनाको विश्वसनीयता वृद्धि गर्न, तुलना गर्न र योजनालाई सुधार गर्न पनि मूल्याङ्कन अयिवार्य हुन्छ। त्यसकारण मूल्याङ्कन कार्यक्रमको अभिन्न अङ्ग हो । यो शिक्षा क्षेत्र योजना अन्तर्गत तर्जुमा गरि स्वीकृत गरिएका शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिका अनुसार समय अनुसार कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुननिरिक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले शैक्षिक कार्यक्रमको प्ररम्भिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन गर्नु पर्ने प्रावधान राखेको छ। त्यसैगरी विद्यालय क्षेत्र विकास योजना २०७३ले पनि कार्यक्रमको मध्यावधिक र अन्तिम मूल्याङ्कन गर्ने तथा विद्यार्थीको आवधिक र निरन्तर मूल्याङ्कन गर्नुकासाथै शिक्षकहरूको पनि कार्यसम्पादन मूल्याङ्कन गर्ने नीति लिएको छ।

सबै बिद्यालयहरुमा एकीकृत प्रतिवेदन प्रणालीको विकास भै नसक्नु, सहभागितात्मक तथा सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चतताको अभाव हुनु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोग विस्तार तथा व्यवस्थित हुन नसक्नु, नतिजामा आधारित अनुगमन हुन नसक्नु, योजनाको कार्यक्रमको प्रभावकारी कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरण गर्न प्रयाप्त जनशक्ति नहुनु, जनशक्तिको अभाव हुनु, भएका जनशक्तिमा पनि यस्तो ज्ञान सीप र क्षमता प्रयाप्त नहुनु अनुगमन र मूल्याङ्कनलाई प्राथमिकतामा नराखिनु, कार्यक्रम कार्यान्वयन गर्न अनुगमन तथा मूल्याङ्कन गर्न स्रोत सामग्री र आर्थिक अभाव हुनु, कार्य मूल्याङ्कनका आधारमा राम्रो गर्नेलाई प्रोत्साहन, मूल्याङ्कन

र पुरस्कृत गर्न र अनुचित गर्नेलाई दण्डित गर्न नसक्नु आदि जस्ता यावत कारणले विद्यालय सुपरिवेक्षण अन्तर्गत अनुगमन संयन्त्रको व्यवस्था र कार्यान्वय अन्योलताको अवस्था देखिन्छ । यसका लागि राष्ट्रिय मापदण्डको तर्जुमा हुनु आवश्यक रहेको छ । उक्त मापदण्डअनुरूप स्थानीय तहले आ–आफ्नो क्षेत्रमा योजनाबद्ध रूपले विद्यालयमा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तकको प्रयोग, शिक्षण सिकाइ क्रियाकलापको सञ्चालन, विद्यार्थी मूल्याङ्कन, विद्यालयको सूचना र अभिलेख व्यवस्थापन, शिक्षक र कर्मचारीको परिचालन, आर्थिक कारोबारको लेखा र लेखापरीक्षण लगायतको नियमन तथा शैक्षणिक योजना निर्माण, शिक्षण सामग्रीको निर्माण र प्रयोगको सुपरिवेक्षण गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा शिक्षकलाई पेसागत सहयोग गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

## ८.२ लक्ष्य

स्थानीय तहको शिक्षा क्षेत्रको अनुगमन तथा मूल्याङ्कनको एकत्रित प्रणाली विकास भई नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको व्यवस्थापनको प्रवर्द्धन गर्ने ।

## ८.३ उद्देश्य

- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयनको लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्नु,
- कार्यक्रमको तेस्रो पक्षबाट कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन, सामाजिक तथा लेखा लगायतका कार्यलाई आवश्यकता अनुसार सहजीकरण गर्नु,
- अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु,
- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु,
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु,

## ८.४ रणनीतिहरू

- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
- प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने ।
- शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने ।
- कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।

- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
- विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षलाई थप व्यवस्थित र नियमित गर्ने
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।
- योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

## ८.५ उपलब्धि र नतिजा

| उपलब्धि | प्रमुख नतिजा |
|---|---|
| अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भई नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन भएको हुनेछ । | • कार्यक्रमको तेस्रो पक्षबाट कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन, सामाजिक तथा लेखा परीक्षण लगायतका कार्यहरू भएका हुनेछन्<br>• योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ ।<br>• अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ ।<br>• नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ । |

## ८.६ उप-क्षेत्रगत प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिकाः

| क्र.स | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ बर्षको लक्ष्य | | क्रियाकलापको कार्य योजना/ वर्ष | | | | | क्रियाकको अनुमानित बजेट/ वर्ष | | | | | बजेट रू. हजार मा | कार्यान्वयन गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | १ | २ | ३ | ४ | ५ | १ | २ | ३ | ४ | ५ | | |
| १ | अनुगमन तथा मुल्यांकन संयन्त्र निर्माण/ अद्यावधिक | पटक | ५ | १ | १ | १ | १ | १ | १० | १० | १० | १० | १० | ५० | स्थानीय तह |
| २ | अनुगमन तथा मुल्यांकन मार्गदर्शन निर्माण/ अद्यावधिक | पटक | १ | १ | | | | | ५० | | | | | ५० | स्थानीय तह |
| ४ | नतिजामा आधारित अनुगमन तथा मुल्यांकन प्रणाली कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | सङ्घ, स्थानीय तह |
| ७ | कार्यक्रम कार्यान्वयन को चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १०० | १०० | १०० | १०० | १०० | ५०० | सङ्घ |
| ८ | स्थिति प्रतिवेदन तयार तथा छपाई | पटक | ५ | १ | १ | १ | १ | १ | १५० | १५० | १५० | १५० | १५० | ७५० | सङ्घ, स्थानीय तह |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | ४ | | १ | १ | १ | १ | | ५० | ५० | ५० | ५० | २०० | स्थानीय तह |
| १० | विद्यालय कार्यसम्पादन एवम् स्व मूल्याकंन गर्ने, गराउने | पटक | ५ | १ | १ | १ | १ | १ | ५० | ५० | ५० | ५० | ५० | २५० | स्थानीय तह |
| ११ | शिक्षा योजना कार्यान्वयन को मूल्याङ्कन | पटक | २ | | | १ | | १ | | | १०० | | १०० | २०० | स्थानीय तह |
| १२ | विद्यालयको आवधिक परीक्षा सञ्चालन तथा व्यवस्थापन | पटक | १२ | | ३ | ३ | ३ | ३ | ३ | ६०० | ६०० | ६०० | ६०० | २४०० | |
| | | | | | | | | **जम्मा** | ३३० | ७६३० | ७४३० | ७६३० | ७४३० | ३६०० | |

## शिक्षा क्षेत्रका मुख्य सूचकहरु

| **क्र.सं.** | **सूचकहरू** | **चौकुने गाउँपालिकाको शि.योजनाका मुख्य उपलब्धि अनुसार ५ वर्षे अपेक्षित लक्ष्य सूचक** | |
|---|---|---|---|
| **१** | **प्रारम्भिक बालविकास तथा शिक्षा** | **पहिलो ३ वर्ष** | **अन्तिम २ वर्ष** |
| १.१ | कूल भर्ना दर (GER) | ८३.९७ | ९९.४५ |
| १.२ | खुद भर्ना दर (NER) | ८२.४५ | ९४.४९ |
| १.३ | लैङ्गिक समता सूचक | १.०३ | १ |
| १.४ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत | ८५.४२ | ९३.९७ |
| १.५ | निर्धारित योग्यता पुगेका शिक्षक प्रतिशत | १०० | १०० |
| १.६ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | १०० | १०० |
| **२** | **आधारभूत शिक्षा (कक्षा १–८)** | **पहिलो ३ वर्ष** | **अन्तिम २ वर्ष** |

| क्र.सं. | सूचकहरू | चौकुने गाउँपालिकाको शि.योजनाका मुख्य उपलब्धि अनुसार ५ वर्षे अपेक्षित लक्ष्य सूचक | |
|---|---|---|---|
| २.१ | कूल प्रवेश दर (GIR) (कक्षा १) | १०३.२८ | १००.०० |
| २.२ | खुद प्रवेश दर (NIR) (कक्षा १) | ९७.८१ | १००.०० |
| २.३ | कूल भर्ना दर/ (GER) (कक्षा १–५) | ११०.०० | १००.०० |
| २.४ | खुद भर्ना दर (कक्षा १–५) | ९९.०० | १००.०० |
| २.५ | कूल भर्ना दर(GER) (कक्षा ६–८) | ११०.०० | १००.०० |
| २.६ | खुद भर्ना दर (NER) (कक्षा ६–८) | ९८.०० | १००.०० |
| २.७ | कूल भर्ना दर(GER) (कक्षा १–८) | ११५.०० | १००.०० |
| २.८ | खुद भर्ना दर (NER) (कक्षा १–८) | ९८.०० | १००.०० |
| २.९ | खुद भर्ना दरमा लैङ्गिक समता सूचक (GPI)(कक्षा १–८) | १.०२ | १.०० |
| २.१ | विद्यार्थी टिकाउ दर (कक्षा ८) | ९६.१९ | १०० |
| २.११ | आधारभूत तह पुरा गर्ने दर | ९८.०० | १००.०० |
| २.१२ | विद्यार्थी उतीर्ण दर (कक्षा १–५) | ९५.०० | १००.०० |
| २.१३ | विद्यार्थी उतीर्ण दर (कक्षा ६–८) | ९८.०० | १००.०० |
| २.१४ | कक्षा  दोहो-याउने दर (१–५) | १२.५४ | ८.७८ |
| २.१५ | कक्षा  दोहो-याउने दर (६–८) | ९.७९ | ४.९० |
| २.१६ | विद्यालय छाड्ने दर कक्षा (१–५) | २.८९ | १.४५ |
| २.१७ | विद्यालय छाड्ने दर कक्षा (६–८) | २.९० | १.४५ |
| **३** | **माध्यमिक शिक्षा (कक्षा ९–१२)** | **पहिलो ३ वर्ष** | **अन्तिम २ वर्ष** |
| ३.१ | कूल भर्ना दर (कक्षा ९–१०) | ११०.८४ | १२१.९२ |
| ३.२ | खुद भर्ना दर (कक्षा ९–१०) | ९३.७५ | १०३.१३ |
| ३.३ | कूल भर्ना दर (कक्षा ९–१२) | ७९.७७ | ८७.७४ |
| ३.४ | खुद भर्ना दर (कक्षा ९–१२) | ६३.९४ | ७०.३४ |
| ३.५ | कूल भर्ना दर (कक्षा ११–१२) | ५६.६६ | ६२.३३ |
| ३.६ | खुद भर्ना दर (कक्षा ११–१२) | ४१.७८ | ४५.९६ |
| ३.७ | खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्ग (कक्षा ९–१२) | ०.९८ | १.०० |
| ३.८ | उतीर्ण दर (कक्षा ९–१०) | १०८.१५ | ११०.८५ |
| ३.९ | कक्षा दोहो-याउने दर (९–१०) | ३.६१ | २.७१ |

| क्र.सं. | सूचकहरू | चौकुने गाउँपालिकाको शि.योजनाका मुख्य उपलब्धि अनुसार ५ वर्षे अपेक्षित लक्ष्य सूचक | |
|---|---|---|---|
| ३.१ | विद्यालय छाड्ने दर (कक्षा ९–१०) | १.९३ | १.४५ |
| ३.११ | उतीर्ण दर (कक्षा ११–१२) | ९५.४७ | १००.०० |
| ३.१२ | कक्षा दोहो-याउने दर (कक्षा ११–१२) | ०.०० | ०.०० |
| ३.१३ | विद्यालय छाड्ने दर (कक्षा ११–१२) | ३.६६ | २.७५ |
| **४** | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | **पहिलो ३ वर्ष** | **अन्तिम २ वर्ष** |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | ९०.०० | ९५.०० |
| ४.२ | १५–२४ को साक्षरता दर | ९०.०० | ९५.०० |
| ४.३ | १५ वर्ष माथिको साक्षरता दर | ९७ | १०० |
| **५** | **शिक्षक श्वस्थापन तथा पेसागत विकास** | **पहिलो ३ वर्ष** | **अन्तिम २ वर्ष** |
| ५.१ | महिला शिक्षक प्रतिशत (आधारभूत तह) | ४७ | ५५ |
| ५.२ | महिला शिक्षक प्रतिशत (माध्यमिक तह) | ३५ | ४० |
| **६** | **न्यूनतम सक्षमता अवस्था (PMEC) पूरा गरेका विद्यालय प्रतिशत** | **पहिलो ३ वर्ष** | **अन्तिम २ वर्ष** |
| ६.१ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र प्रतिशत | ७० | ९० |
| ६.२ | आधारभूत विद्यालय प्रतिशत (कक्षा १–८) | ७० | ९० |
| ६.३ | माध्यमिक विद्यालय प्रतिशत (कक्षा ९–१२) | ६० | ८५ |
| **७** | **कूल बजेटमा शिक्षा क्षेत्रमा बजेठ** | **पहिलो ३ वर्ष** | **अन्तिम २ वर्ष** |
| ७.१ | गाउँपालिका बजेटमा शिक्षामा बिनियोजित बजेट प्रतिशत | १८ | २० |
| ७.२ | प्रदेश बजेटमा शिक्षामा बिनियोजित बजेट प्रतिशत | १८ | २० |
| ७.३ | संङ्घीय (राष्ट्रिय) बजेटमा शिक्षामा बिनियोजित बजेट प्रतिशत | १७ | २० |

आज मिति २०८०/०६/०९ गतेका दिन दिउँसो ४ बजे चौकुने गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७४ को दफा ११ को उपदफा १ अनुसार शिक्षा समितीका अध्यक्ष श्री खड्क वि.क.(विकश) ज्यूको अध्यक्षतामा गाउँ शिक्षा समितीको बैठक बसी तपशिलका उपस्थितिमा तपशिलका निर्णय पारित गरियो।

तपशिल:-

१. श्री खड्क वि.क.(विकश) - शिक्षा समिति अध्यक्ष
२. श्री नर बहादुर बान्तोला - शिक्षा समिति उपाध्यक्ष
३. श्री शिवराज ओली - शिक्षा समिति सदस्य
४. श्री छम्मा वि.क. - शिक्षा समिति सदस्य
५. श्री जगतराज ओली - शिक्षा समिति सदस्य
६. श्री रतन सिंह थापा - शिक्षा समिति सदस्य
७. श्री हिमराज धमाला - शिक्षा समिति सदस्य
८. श्री मित्रादेवी वि.क. - शिक्षा समिति सदस्य
९. श्री जीरक बहादुर पदुवाल - शिक्षा समिति सदस्य
१०. श्री भानुभक्त घिमिरे - शिक्षा समिति सदस्य
११. श्री दिनेश ओली - शिक्षा समिति सदस्य
१२. श्री टेकेन्द्र बहादुर बुढा - शिक्षा समिति सदस्य सचिव

आमन्त्रित:-

१. श्री सुमन आचार्य - प्रमुख प्रशासकीय अधिकृत
२. श्री शिव प्रसाद गौतम - प्राविधिक सहायक
३. श्री तपेन्द्र खावद - आवाज संस्था (परियोजना संयोजक)
४. श्री पदम राज शर्मा - कम्प्युटर अपरेटर
५. श्री चक्र आले मगर - फिल्ड सहायक
६. श्री जगदिश पाण्डे - योजना शाखा प्रमुख
७. श्री विमल बुढा - IT अधिकृत
८. श्री आशा कुमारी बुढामगर - प्रशासन शाखा प्रमुख
९. श्री विवेक चौधरी - लेखा शाखा
१०. श्री मिना कुमारी धमाला - सामुदायिक सिकाइ केन्द्र सहजकर्ता
११. श्री शान्ति सापकोटा - का.स.
१२. श्री विनिता नि.बी. - आवाज संस्था (फिल्ड सुपरभाईजर)
१३. श्री गंगाराम घिमिरे - श्री शिशुशिक्षा आ.वि. जुम्ल्याससल

## शिक्षा योजना अध्यावधिक पकयाका दस्तावेजहरू

चौकुने गाउँपालिकाको शिक्षा योजना २०७८ लाई अध्यावधिक गर्नका लागि आवाज संस्थाको वालिका सशक्तिकरण परियोजना शिक्षा अन्तरगतको आर्थिक तथा प्राविधिक सहयोगमा शिक्षा योजना अध्यावधिक गर्नका लागि आवश्यक पर्ने तपसिलका समिति तथा उपसमिति गठन गर्ने ।

१. शिक्षा योजना २०७८ अध्यावधिक गर्नका लागि प्रारम्भिक छलफल गर्न ।

संभावित समितिहरु :

**१ शिक्षा योजना अध्यावधिक निर्देशक समिति :**

१ संयोजक: खड्क वि क विवश

२ सह संयोजक: नरवहादुर बान्तोला

३ सदस्य : कमलबहादुर जि सी

४ सदस्य : सुमन आचार्य

५ सदस्य सचिव: टेकेन्द्रबहादुर बुढा

**२ शिक्षा योजना अध्यावधिक सल्लाहकार समिति :**

पूर्व शिक्षकहरु -

१ समित्रा जोशी

२ नरहरी पौडेल

अन्य सामजिक व्यक्तित्व

३ गंगाराम बि क

४ गजराज जोशी

५ हरीप्रसाद अधिकारी

**३ शिक्षा योजना अध्यावधिक समिति (शिक्षा योजना अध्यावधिक कार्यदल )**

१ संयोजक : टेकेन्द्र बहादुर बुढा

२ सदस्य : दीपेन्द्रप्रसाद शर्मा

३ सदस्य : धर्मसिह बुढा क्षेत्री

४ सदस्य : दीपबहादुर विष्ट

५ सदस्य : पदमसिह वि क

६ सदस्य : गणेश बहादुर बि क

७ सदस्य : मिनाकुमारी धमाला

८ सदस्य : महेन्द्रप्रसाद जोशी

९ सदस्य: माया राना मगर

१० सदस्य: प्रेमराज जोशी

११ सदस्य सचिब: शिवप्रसाद गौतम

४ आमन्त्रित

१ तपेन्द्र सावद परियोजना संयोजक आवाज

५ परामर्श दाता

......................

आज मिति २०८०।०८।१४ गतेका दिन दिउँसो २ बजे चौकुने गाउँपालिकाको अध्यक्षता तथा माध्यमिक शिक्षा ऐन २०७४ को दफा ११ को उप दफा १ अनुसार शिक्षा योजना अध्यावधिक समितीका निर्देशक श्री खड्क वि.क. विश्वको अध्यक्षता मा सबै कर्णाली प्रदेश योजना आयोगका सदस्य माननिय श्री प्रीत बहादुर शाह ज्यूको प्रमुख आतिथ्यतामा तपसिल बमोजिमको उपस्थितीमा बैठक बसि निर्णय पारित गरियो।

तपसिल

१. श्री खड्क वि.क. (विश्व) - शिक्षा समिति अध्यक्ष
२. मा. श्री प्रीत बहादुर शाह - कर्णाली प्रदेश योजना आयोग सदस्य
३. श्री कमल जि.सी. - सामाजिक विकास समिति संयोजक
४. श्री धीरक बुढाल - वडा नं. १ वडा अध्यक्ष
५. श्री सुमन आचार्य - प्रमुख प्रशासकीय अधिकृत
६. श्री टेकेन्द्र बहादुर बुढा - शिक्षा शाखा प्रमुख
७. श्री ललितजंग शाही - परामर्शदाता
८. श्री दिप बहादुर विष्ट - शिक्षा योजना कार्यदल सदस्य
९. श्री हेमराज थापा - शिक्षा समिति सदस्य
१०. श्री शिवराज जोशी — " — " — "
११. श्री दिपेन्द्र प्रसाद शर्मा - शिक्षा योजना कार्यदल सदस्य
१२. श्री विमल बुढा - IT प्रमुख
१३. श्री महेन्द्र प्रसाद अवस्थी - शिक्षा योजना कार्यदल सदस्य
१४. श्री धर्म सिंह बुढा क्षेत्री - शिक्षा योजना कार्यदल सदस्य
१५. श्री रामलाल बयक - प्र.अ. जिवन ज्योती मा.वि.
१६. श्री तपेन्द्र रावत - आवाज संस्था कार्यक्रम संयोजक
१७. श्री नवराज शर्मा - केयर नेपाल कार्यक्रम विशेषज्ञ (शिक्षा)
१८. श्री शिव प्रसाद गौतम - प्रा.स. चौकुने गा.पा.
१९. श्री मिना कुमारी थापा - शिक्षा योजना कार्यदल सदस्य
२०. श्री विनिता वि.सी. - आवाज संस्था फिल्ड सुपरभाइजर
२१. श्री शान्ति सापकोटा - का.स.
२२. श्री सचिन हमाल - का.स.
२३. श्री विष्णु प्रसाद उपाध्याय - समाज सेवी
२४. श्री चक्र बहादुर आले मगर - फिल्ड सहायक

ॐ

आज मिति २०८० साल मंसिर १८ गतेका दिन यस चौकुने गाउँपालिकामा अध्यक्ष श्री खड्क बि.क. (विवश) ज्यूको अध्यक्षतामा शिक्षा योजना समायोजन गर्ने सम्बन्धी बैठक तपसिलको उपस्थितीमा बैठक बसि निर्णयहरु पारित गरियो।

उपस्थिति

| उपस्थिति | २०८०/०८/१८ दस्तखत | २०८०/०८/१९ दस्तखत |
|---|---|---|
| १. श्री खड्क बि.क. (विवश) - गा.पा. अध्यक्ष | [signature] | [signature] |
| २. श्री सुनिता आचार्य (प्रमुख प्र. अधिकृत) | — | — |
| ३. श्री तिलकराज ढकाल (डाइरेक्टर) | [signature] | [signature] |
| ४. श्री धनिराम धमाला - वडा ७ अध्यक्ष | [signature] | |
| ५. श्री हेमेन्द्र बहादुर बुढा - शिक्षा शाखा प्रमुख | [signature] | [signature] |
| ६. श्री इन्द्रमणि जैसी - स्वा. शाखा प्रमुख | [signature] | [signature] |
| ७. श्री कमल कुमार जैसी - रोजगार शाखा प्रमुख | [signature] | [signature] |
| ८. श्री उद्धवप्रसाद ध्याकुरेल समुन्नत नेपाल | [signature] | [signature] |
| ९. श्री ललित मंगल शाही (परामर्शदाता) | [signature] | [signature] |
| १०. श्री नवराज शर्मा (कार्यक्रम विशेषज्ञ CARE) | NSharma | NSharma |
| ११. श्री महेन्द्र प्रसाद जोशी (शिक्षक) | [signature] | [signature] |
| १२. श्री गंगाराम घिमिरे प्र.अ. (शिवज्योति मा.वि.) | [signature] | [signature] |
| १३. श्री शिवराज जोशी वि.व्य.स. अध्यक्ष | [signature] | [signature] |
| १४. श्री विष्णुप्रसाद उपाध्याय वि.व्य.स. सदस्य | [signature] | [signature] |
| १५. श्री देवानन्द धमाला श्री सिद्धेश्वरी मा.वि. लोहाथाल | [signature] | [signature] |
| १६. श्री जगदीश देवकोटा १२ कक्षा विद्यार्थी | [signature] | [signature] |
| १७. श्री चाँदनी रावत १० कक्षा -"- | chadani | chadani |
| १८. श्री सन्तोषा शाही | [signature] | [signature] |
| १९. श्री मिना धमाला (C.L.C. Member) | [signature] | [signature] |
| २०. श्री दिनेश धमला १० कक्षा (विद्यार्थी) | Dinesh | Dinesh |
| २१. श्री सागर रोकाय ( " -"- ) | Sagar | Sagar |
| २२. श्री सन्तोष रावल ( " -"- ) | santosh | santosh |
| २३. श्री थिरबहादुर गौतम प्रा.वि. शिक्षक | [signature] | [signature] |
| २४. श्री शान्ती [illegible] | शान्ती | शान्ती |
| २५. श्री भानुभक्त घिमिरे प्र.अ. जिवनज्योति मा.वि. | [signature] | [signature] |
| २६. श्री तपेन्द्र आचार्य कार्यक्रम संयोजक आवाज | [signature] | [signature] |
| २७. श्री प्रेमराज जोशी संचालक संस्थागत स्कुल | [signature] | [signature] |
| २८. श्री पार्वती जोशी महिला शाखा | पार्वती | पार्वती |
| २९. श्री भूमिका थापा शिक्षिका | [signature] | [signature] |
| ३०. श्री हरिप्रसाद उपाध्याय | [signature] | [signature] |

२१. श्री मोहनराज जोशी स्थानीय बुद्धिजीवी
२२. श्री जोतिलाल [illegible]
२३. श्री पदम [illegible]
२४. श्री नीलिमा [illegible]
२५. श्री सुरेन्द्र [illegible]

प्रस्ताव नं. ५ शिक्षा योजना अनुमोदन गर्ने निर्णय प्रक्रिया सम्बन्धी कार्यपालिका बैठक सम्बन्धमा

निर्णय नं. ५ प्रस्ताव नं. ५ उपर छलफल हुँदा शिक्षा तथा मानव विकास [illegible] कार्यक्रमको निर्देशन [illegible] चौकुने गाउँपालिकामा शिक्षा योजना अनुमोदन गर्ने प्रक्रिया सम्बन्धमा स्थानीय तहका पदाधिकारी, शिक्षा शाखा [illegible] प्रतिनिधि, शिक्षा समिति [illegible] प्रतिनिधि, विद्यालय [illegible] विभिन्न सरोकारवाला तथा बुद्धिजीवीहरूको सहभागितामा तयार शिक्षा योजनालाई अनुमोदन गर्ने प्रक्रिया सम्बन्धमा अर्को कार्यपालिका बैठक सम्पन्न गर्ने निर्णयहरू सर्वसम्मत पारित गरियो।

आज मिति २०८१ साल फाल्गुन ... गतेका दिन यस चौकुने गाउँपालिकाका अध्यक्ष श्री खड्क वि.क. (विवश) को अध्यक्षतामा शिक्षा योजना कार्यान्वयनको समीक्षा र आवश्यक सम्बन्धी २ दिने कार्यशाला तपसिलको उपस्थितीमा संचालन गरियो,

उपस्थिति

१. श्री खड्क वि.क. (विवश) अध्यक्ष चौकुने गा.पा.
२. श्री नर बहादुर वान्तोला उपाध्यक्ष —॥—
३. श्री पूर्ण बहादुर वि.क. प्र.प्र.अ. —॥—
४. श्री कमल बहादुर जि.सि. सि.वि.शा.प्र. —॥—
५. श्री धनिराम थमाला ७ नं. वडा अध्यक्ष —॥—
६. श्री तुलाराम झिंक्री मगर ५ नं. —॥—
७. श्री यामलाल घिमिरे स्रोत विज्ञ चौकुने गा.पा.
८. श्री देवेन्द्र बहादुर बुढा शिक्षा शाखा प्रमुख
९. श्री दिनेश प्रसाद जोशी शिक्षक महासंघ अध्यक्ष
१०. श्री शिवराज जोशी शिक्षा समिति / वि.व्य.स.
११. श्री कर्ण बहादुर विश्वकर्मा वि.व्य.स. प्रावि वेतान
१२. श्री प्रतिमा कडेल महिला शाखा
१३. श्री ईन्द्र बहादुर जोशी स्वास्थ्य शाखा
१४. श्री विपल बुढा IT officer
१५. श्री उपेन्द्र प्रसाद जैसवाल प्राविधिक शाखा
श्री नारायण बास्कोटा लेखा शाखा
१७. श्री दिपक गौतम अपाङ्ग महासंघ
१८. श्री गणेश वि.क. स्याउ ~~को...~~ कार्यक्रम संयोजक
१९. श्री ~~क~~ हरिभक्त तिवारी
२०. श्री दिपेन्द्र शर्मा प्र.अ. मावि तोस्रा
२१. श्री होम बहादुर बुढा क्षेत्री ४ नं. वडा अध्यक्ष
२२. श्री इन्द्र प्रसाद जोशी मा.वि. तोस्रा सदस्य
२३. श्री भीमा कुमारी खापकोटा श्री सरस्वती प्रा.वि. आयातोल प्र.अ.
२४. श्री गंगाराम घिमिरे श्री शिक्षा आ.वि. जुम्ल्याहामूल
२५. श्री कल्पना बुढा ~~सहयोगी~~ हेराल्नो
२६. श्री कर्ण बं. सुनार शि.अ.स. अध्यक्ष चौ.
२७. श्री नागराज जोशी प्र.अ. आ.न. ~~मा.~~ तोसीसैन
२८. श्री जनक बहादुर घर्ती प्र.अ. सरस्वती प्रा.वि. थान्नापा
२९. आशा कुमारी बुढा मगर, प्रमाणपत्र शाखा, चौकुने गा.पा. सुर्खेत
३०. मानभक्त घिमिरे - प्र.अ. - मा.वि. गुठु, चौकुने-०३
३१ कविराम रसाल ३ वडा अध्यक्ष
३२ पदम राज शर्मा D.R.R.

१२० २०८१/११/१९

३३ श्री शिव प्रसाद गौतम गा. अ. न. शिक्षा
३४ श्री नमराज भण्डारी (प्र.अ. देवस्थान मा.वि. भुमाल्ने)
३५ श्री शान्ति सापकोटा का. स.
३६ श्री शिता कुँवर प्र.अ. कालिका प्रा.वि. कालिकास्थान चौं.-१० सुर्खेत
३७ श्री चौकुने गाउँ अध्यक्ष बलविक्रम (बल बहादुर नेपाली)
३८ श्री हरिभक्त तिवारी एस.इ.एस.पी. संयोजक
३९ श्री दिप बहादुर थापा (विद्यालय कर्मचारी परिषद अध्यक्ष)
४०. श्री कौशिला शाह (कार्यालय सहयोगी)

प्रस्तावहरु
१. सुझाव संकलन तथा रिपोर्ट सम्बन्धमा ।
२. लेखाजोखा समिति गठन जिम्मेवारी सम्बन्धमा ।
३. कार्ययोजना सम्बन्धमा ।

निर्णय नं. १
मिति २०८१।११।१८ – २०८१।११।२० सम्म संचालन भएको शिक्षा योजना कार्यान्वयनको समिक्षा तथा आवधिक कार्यको लागि सहभागीबाट संकलन भएका सुझावहरुलाई खाका बमोजिम रिपोर्ट भई अन्तिम ड्राफ्ट मा समावेश गरियो ।

निर्णय नं. २
शिक्षा शाखा प्रमुख श्री हेमेन्द्र बहादुर बुढाको संयोजकत्वमा ५ सदस्यीय लेखाजोखा समिति तपसिल बमोजिम गठन गरियो ।
तपसिल
१. श्री हेमेन्द्र बहादुर बुढा - संयोजक
२. श्री पदम राज शर्मा - सदस्य
३. श्री भानुभक्त घिमिरे - ॥
४. श्री
५. श्री शिव प्रसाद गौतम सदस्य सचिव

निर्णय नं. ३
गाउँपालिकाको शिक्षा योजनालाई अन्तिम रुप दिई, शिक्षा समितिमा छलफलका लागि लेखाजोखा समितिलाई जिम्मेवारी दिई ~~गाउँ~~ कार्यपालिका बैठको अघिल्लो दिन हार्ड कपी । सफ्ट कपी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।